विशेष प्रतिवेदन
वैशाख २०७०

# दीर्घकालीन सुरक्षा अनुसन्धान

## नेपालमा सशस्त्र हिंसाको अनुगमन

*मिहेला राकोभिटा, ज्यान मुर्रे र सुधिन्द्र शर्मा*

सहयोगः
अस्ट्रेलियन एड

small arms survey

NEPAL ARMED VIOLENCE ASSESSMENT

Interdisciplinary Analysts

Australian AID

# कपिराइट

स्मल आर्मस सर्वेद्वारा स्वीट्जरल्याण्डमा प्रकाशित

© स्मल आर्मस सर्वे, ग्र्याजुएट इन्स्टिच्यूट अफ इन्टरनेसनल एण्ड डिभलपमेन्ट स्टडिज,
जेनेभा २०७०

प्रथम प्रकाशन: चैत्र २०६९

सर्वाधिकार सुरक्षित । स्मल आर्मस सर्वेको लिखित पूर्वअनुमतिविना यस प्रकाशनको कुनै खण्ड पुनरुत्पादन, भण्डारण, रूपान्तरण कुनै पनि साधनको प्रयोग गरी कुनै पनि रूपमा गर्न पाईँदैन । कानुनको दायरामा रही उचित विधिद्वारा साभार गर्नपाउने अधिकारका सम्बन्धमा भने प्रचलित व्यवस्थाअनुसार हुनेछ । यहाँ उल्लेख गरिएभन्दा अतिरिक्त अवस्थामा पुनरुत्पादन गर्नुपरे वा यस सम्बन्धमा जानकारी लिनुपरे देहायको ठेगानामा स्मल आर्मस सर्वेका प्रकाशन व्यवस्थापकलाई सम्पर्क गर्नसकिनेछ :

स्मल आर्मस सर्वे
ग्र्याजुएट इन्स्टिच्यूट अफ इन्टरनेसनल एण्ड डिभलपमेन्ट स्टडिज
४७ एभिन्यू ब्ल्याङ्क, १२०२ जेनेभा, स्वीट्जरल्याण्ड

गुरुकपी सम्पादन: टानिया इनओलोकी
भाभाशुद्धि: टीके

नक्सा: जिलियन लुफ, म्याप ग्राफिक्स
टाइपिस्ट: टीके

मुद्रण: टीके

आइएसबीएन टीके
आइएसएसएन १६६१-४४५३

# द स्मल आर्मस सर्वे

द स्मल आर्मस सर्वे स्वीजरल्याण्डको राजधानी जेनेभास्थित ग्र्याजुएट इन्स्टिच्युट अफ इन्टरनेसनल एण्ड डेभलपमेन्ट स्टडिजमा रहेको एउटा स्वतन्त्र अनुसन्धान परियोजना हो । २०५६ सालमा स्थापित परराष्ट्र मामिला सम्बन्धी संघीय स्वीस नियोगको समर्थन प्राप्त यस परियोजनालाई अहिले अष्ट्रेलिया बेल्जियम, क्यानडा, डेनमार्क, फिनल्याण्ड, जर्मनी, नेदरल्याण्ड, नर्वे, स्वीडेन, संयुक्त अधिराज्य र संयुक्तराज्य अमेरिका सरकारले सहयोग प्रदान गर्दै आएका छन् । विगतमा फ्रान्स, न्युजिल्याड र स्पेन सरकारबाट प्राप्त रहयोगका लागि यो सर्वे कृतज्ञ रहेको छ । सर्वेले वर्षौंदेखि संयुक्त राष्ट्रसंघका निकाय, कार्यक्रम र संघ-संस्थाहरूबाट आर्थिक सहयोग प्राप्त गर्दै आएको छ ।

स्मल आर्मस सर्वेका उद्देश्यहरूमा साना हतियार र सशस्त्र हिंसाका सम्पूर्ण पक्ष सम्बन्धी जन-सूचनाको प्रमुख स्रोत बन्नु, सरकार र नीति निर्माणकर्ता, अनुसन्धानकर्ता र कार्यकर्ताहरूका लागि स्रोत केन्द्रको रूपमा सेवा गर्नु, साना हतियारमाथि भएका राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रयासहरूको अनुगमन गर्नु, साना हतियारको विस्तार र दुरूपयोगको असरलाई सम्बोधन गर्ने प्रयासको समर्थन गर्नु र सूचना आदान-प्रदान गर्न र उत्कृष्ट कार्यसम्पादनहरूको सम्प्रेषणका लागि भुक्तानी कार्यालयको रूपमा काम गर्नु रहेका छन् । सर्वेले प्रभावित मुलुक र क्षेत्रहरूमा स्थलगत अनुसन्धान र सूचना संकलन प्रयासका लागि पनि प्रायोजन गर्दछ । सुरक्षा अध्ययन, राजनीति शास्त्र, कानुन, अर्थशास्त्र, विकास अध्ययन, समाजशास्त्र र अपराधशास्त्रमा विज्ञ अन्तर्राष्ट्रिय स्तरका कर्मचारी रहेको उक्त परियोजनाले ५० वटाभन्दा बढी देशमा अनुसन्धानकर्ता, साझेदारी संस्था, गैरसरकारी संस्था र सरकारी निकायहरूको सञ्जालसँग मिलेर काम गर्दछ ।

स्मल आर्मस सर्वे
ग्र्याजुएट इन्स्टिच्यूट अफ इन्टरनेसनल एण्ड डिभलपमेन्ट स्टडिज
४७ एभेन्यू ब्ल्याङ्क, १२०२ जेनेभा, स्वीट्जरल्याण्ड

फोन: ४१ २२ ८०८ ५७७७ फ्याक्स: ४१ २२ ७३२ २७३८
इमेल: sas@smallarmssurvey.org वेब: www.smallarmssurvey.org

# इन्टरडिसिप्लिनरी एनालिस्ट्स

काठमाडौंस्थित अनुसन्धान तथा परामर्श संस्था इन्टरडिसिप्लिनरी एनालिस्ट्स (आईडीए) २०५३ सालमा स्थापना भएको संस्था हो। सामान्य र विशिष्ट विज्ञानका सिद्धान्तलाई आचारसंहिताहरूबीच आपसमा सफलतापूर्वक समन्वय गराउँदै विकास कार्यहरूलाई उचाइतिर अघि बढाउने उद्देश्यले आइडीएको स्थापना गरिएको हो । विगत दश बर्षदेखि आईडीएले परिमाणात्मक प्रयासहरूमा विशिष्टता प्राप्त गरेको छ । पारिवारिक तथा जनमत सर्वेक्षण यसले गरेका उल्लेख्य काम हुन् । प्रारम्भिक ध्यान समकालीन राजनीतिक सर्वेक्षणमाथि लगाए तापनि यसले सुरक्षा, साना हतियार र हिंसा कम गर्नका लागि नेपालमा व्यापारको वातावरणको सचेतनाजस्ता विषयहरूमा पनि केन्द्रित गर्‍यो । आईडीएले व्यापक अनुसन्धान प्रक्रिया र तथ्यांक संकलनका माध्यमबाट जनताको भनाइ संकलन गर्न र सूचना नीति निर्माण तथा प्रवर्धन गर्न सघाउँछ । विस्तृत् विवरणका लागि www.ida.com.np हेर्नुहोस् ।

# विषय सूची

चित्र तथा तालिकाको सूची ........ ७

संक्षिप्त शव्द-सूची ........ ९

लेखकका बारेमा ........ १०

आभार ........ ११

कार्यकारी सारांश ........ १३

**१. परिचय ........ १७**

पृष्ठभूमि ........ १७

प्रक्रिया तथा विधि ........ १९

**२. सशस्त्र हिंसा प्रवृत्ति ........ २१**

सामान्य विवरण ........ २१

हिंसाको प्रवृत्तिः परिमाण र विस्तार ........ २३

हिंसा र यसका घटनाहरू ........ २५

अपराध र हिंसाका परिचालक ........ २७

निष्कर्ष ........ ३१

**३. वचावट, सुरक्षा र पीडा ........ ३१**

नेपालमा (अ)सुरक्षाको परिभाषा ........ ३१

भौतिक सुरक्षाको धारणा ........ ३१

पीडाः हिंसा र परिमाण ........ ३५

सामाजिक-आर्थिक क्षेत्रगत सम्वन्ध ........ ३७

अपराध र हिंसाका मुख्य घटना ............................................................. ३९
महिलाविरुद्ध हिंसा ............................................................. ४३
आधिकारिक अभिलेख र अपराधको उजुरी ............................................................. ४६
भौगोलिक वितरण ............................................................. ४७
पीडकहरूको 'विवरण' : सशस्त्र समूहमाथि गहन दृष्टि ............................................................. ५०
निष्कर्ष ............................................................. ५३
**४. हिंसाका उपकरणहरू ............................................................. ५४**
रूपरेखा ............................................................. ५४
*बन्दुक* ............................................................. ५५
*स्वामित्व* ............................................................. ५५
*उत्पत्ति तथा वितरण* ............................................................. ५९
*बन्दुकप्रतिको धारणा* ............................................................. ६४
निष्कर्ष ............................................................. ६६
**५. सुरक्षा प्रदायक ............................................................. ६७**
सुरक्षा व्यवस्थाको अंकगणित : को र कति ? ............................................................. ६७
संख्याभन्दा बाहिरः विश्वास, कार्य प्रस्तुति, जिम्मेवारी ............................................................. ७१
सुरक्षा कार्यक्रमको रूपरेखा ............................................................. ७६
निष्कर्ष ............................................................. ७८
**६. सारांश अवलोकन ............................................................. ७९**
टिपोट ............................................................. ८१
सन्दर्भ सामग्री ............................................................. ८९

# चित्र तथा तालिका सूची

## चित्र

चित्र १ सुरक्षा घटना, २०६४-२०६९ ........ २३
चित्र २ हिंसाका किसिम र प्रवृत्ति, २०६४-२०६८ ........ २५
चित्र ३ हत्याको परिमाण, २०५३-२०६८ ........ २६
चित्र ४ हिंसाका प्रमुख घटनाप्रति घरधुरी दृष्टिकोण, २०६४-२०६८ ........ २७
चित्र ५ अपराधको कारण तथा हिंसाबारे आधारभूत अवधारणा, २०६५-२०६८ ...... २८
चित्र ६ सुरक्षा स्थितिप्रति परिवर्तित अवधारणा, २०६७-२०६८ ........ ३३
चित्र ७ बन्दबाट प्रभावित जिल्लाको संख्या, २०६८-२०६९ ........ ३५
चित्र ८ पीडित व्यक्ति तथा परिवारको प्रतिशत जसले पीडाका सम्बन्धमा जानकारी दिए, २०६८ ........ ३७
चित्र ९ ठूलो योजना र उद्देश्यका साथ हत्या गरिएका भनिएका हिंसाका घटना, २०६४-२०६८ ........ ३९
चित्र १० हिंसात्मक घटनाका सम्बन्धमा जबाफ दिने सहभागीहरूको प्रतिशत, २०६४-२०६८, ........ ४०
चित्र ११ दोहोरो भिडन्तका हिंसात्मक घटनामा परेका व्यक्तिहरूमध्ये सर्वेक्षणमा सहभागीको प्रतिशत, प्रकार २०६८........ ४१
चित्र १२ समुदायमा रहँदा मुख्य पीडितका रूपमा परिचित व्यक्तिहरूमध्ये सर्वेक्षणमा सहभागीको प्रतिशत, २०६८........ ४३
चित्र १३ ओरेकद्वारा दर्ता गरिएका महिला हिंसाका घटना, २०६६-२०६९ ........ ४५
चित्र १४ वि.सं. २०६७-६८मा सुरक्षा अवस्थामा आएको परिवर्तन, शहरीकरणको चरण, २०६८........ ४९
चित्र १५ सशस्त्र समूहका गतिविधि, २०६८ ........ ५२
चित्र १६ आक्रमणमा प्रयोग भएका हतियारका प्रकार, २०६८........ ५५
चित्र १७ वि.सं. २०६७-६८ मा बन्दुकको परिमाणका बारेमा परिवर्तित अवधारणा, क्षेत्रगत आधार, २०६८........ ५८
चित्र १८ हतियारको सहज प्राप्तिका सम्बन्धमा अवधारणा, २०६८ ........ ६१

चित्र १९ गैरकानुनी बन्दुक तथा गोलीगठ्ठाको स्रोतबारे अवधारणा, २०६८............६१
चित्र २० सुरक्षामा बन्दुकको भूमिकाबारे अवधारणा, २०६८ .............................. ६४
चित्र २१ बन्दुक स्वामित्वमा नलिनुका कारणका सम्बन्धमा सहभागीले व्यक्त गरेको धारणा, २०६८.......................................................................६५
चित्र २२ समुदायमा प्रमुख सुरक्षा प्रदायक को हो भन्ने सम्बन्धमा अवधारणा, २०६८६७
चित्र २३ अपराधका घटनामा प्रमुख विकल्पका रूपमा सुरक्षा प्रदायक, २०६८.........७१
चित्र २४ सुरक्षा समूहको सदस्यताको उद्घोष, २०६८......................................७२
चित्र २५ प्रहरी, राजनीतिक नेता, परम्परागत अथवा सामुदायिक नेतृत्व तथा प्रशासनमा स्तर निर्धारण, २०६८....................................................७३
चित्र २६ सरकारको नेतृत्वमा रहेको सुरक्षा प्रवर्द्धन कार्यक्रमबारे सचेतना, क्षेत्रगत आधार २०६८.......................................................................७६
चित्र २७ सहभागीले उनीहरूको क्षेत्रमा सुरक्षा प्रवर्द्धनमा सर्वाधिक भूमिका खेल्ने कार्यक्रम, २०६८...................................................................७७

## तालिका

तालिका १ स्वीकृत सुरक्षा स्तर, २०६८ ........................................................३२
तालिका २ नेपालमा महिलाविरुद्धको हिंसाको छानिएका प्रकारहरू, पीडितको उमेरका आधारमा.......................................................................... ४४
तालिका ३ नेपालमा भएका प्रमुख अपराधसम्बन्धी प्रतिवेदन, भदौ २०६८-असार २०६९४६
तालिका ४ सर्वेक्षणमा परेका जिल्लामा बन्दुक स्वामित्वमा लिने घरधुरीको अनुमानित प्रतिशत तथा परिमाण, २०६८ ..................................................... ५७
तालिका ५ नेपाल प्रहरीले खोसेका वा बरामद गरेका हतियार, २०६४-२०६९...........५८
तालिका ६ बन्दुकको अनुमानित मूल्य, २०६८, नेपाली रूपियाँमा ..........................६३
तालिका ७ नेपालमा सामुदायिक स्तरका प्रमुख सुरक्षा प्रदायक, २०६९.................. ६८

## नक्सा

नक्सा १ नेपाल.........................................................................................१४
नक्सा २ आफू पीडित भएको बताउने सहभागीहरूको प्रतिशत, २०६४ देखि २०६८ सम्म, जिल्लाको आधार ..............................................................३६

नक्सा ३ वि.सं. २०६७-६८ मा सुरक्षा स्थितिमा सुधार आयो भन्ने सहभागीहरूको प्रतिशत ........ ४८
नक्सा ४ हतियार चोरी पैठारी हुने बाटो, २०६२ र २०६९ ........ ६०
नक्सा ५ बन्दुक निजी स्वामित्वमा राख्ने घरधुरी संख्या र प्रतिशत, जिल्ला स्तर, २०६८ ६२
नक्सा ६ प्रहरीको प्रभावकारिता बढ्यो भन्ने सहभागीहरूको प्रतिशत, २०६७-२०६८, जिल्ला स्तर ........ ७५

## बक्स

बक्स १ नेपालमा रहेका हतियारको परिमाण: स्थापना हुँदैगरेको 'प्रवृत्ति' ........ २२
बक्स २ बन्दका बारेमा गहन विश्लेषण ........ ३३
बक्स ३ नेपालमा विस्फोटक पदार्थ परिवर्तन: स्थायी चुनौती ........ ५६
बक्स ४ केन्द्रमा नेपाल प्रहरी: सवलता, अविश्वास तथा कम गुणस्तरको सेवा ..... ७४

# संक्षिप्त शव्दावली

| | |
|---|---|
| नेकपा-मा | नेपाल कम्युनिष्ट पार्टी-माओवादी |
| आईडीए | इन्टरडिसिप्लिनरी एनालिष्ट |
| आईईडी | सुधारिएको विष्फोटक पदार्थ |
| इन्सेक | इनफर्मल सेक्टर सर्भिस सेन्टर |
| एनपीआर | नेपाली रुपियाँ |
| ए-नेकपा-मा | एकीकृत नेकपा माओवादी |
| ओरेक | महिला पुनःस्थापना केन्द्र |

# लेखकका बारेमा

**मिखाएला राकोभिटा** स्मल आर्मस सर्वेकी अनुसन्धान सहायक हुन् । उनी यस अनुसन्धानका सबै पक्ष डिजाइन, तथ्यांक संकलन र नेपालको सशस्त्र हिंसा अनुगमनका लागि प्रकाशन विकासमा संलग्न रहिन् । विगत दुईवर्षदेखि उनले दक्षिण एशियामा सर्वे अनुसन्धान प्रतिनिधिका रूपमा पनि सहयोग पुऱ्याउँदै आएकी छन् । उनले अन्तर्राष्ट्रिय शान्ति अध्ययनमा नोट्रे ड्याम विश्वविद्यालयबाट स्नातकोत्तर र जेनेभाको ग्र्याज्युएट इस्टिच्यूट अफ इन्टर नेशनल एण्ड डेभलपमेन्ट स्टडिजबाट पनि सोही स्तरको योग्यता हासिल गरेकी छन् । हाल उनी जेनेभाको सोही इन्स्टिच्युटमा पिएचडी गर्दैछिन् ।

**च्यान मुर्रे** स्मल आर्मस सर्वे र सशस्त्र हिंसा तथा विकासमाथि जेनेभा घोषणापत्रको सचिवालयका लागि तथ्यांकगत विश्लेषक र प्रक्रियागत सल्लाहकार हुन् । उनले बुरुण्डी, केन्या, नेपाल, दक्षिण सुडान र टिमोर लेस्टेजस्ता मुलुकमा घरधुरी सर्वेको प्रारूप  तयार पारेका छन् । अमेरिकी फूलब्राइट छात्रवृत्ति र डेभिस पिस प्रोजेक्ट सहयोग पाएका उनले न्युरो साइन्समा स्नातकोत्तर गरेका छन् ।

**सुधिन्द्र शर्मा** २०५३ देखि इन्टरडिसिप्लिनरी एनालिस्ट्स आईडीएमा कार्यकारी निर्देशक छन् । २०६६ सालमा उनी हेल्सिन्की विश्वविद्यालयको विकास अध्ययनका आंशिक प्राध्यापक थिए । २०५८ मा फिनल्याण्डको टाम्पेरे विश्वविद्यालयबाट उनले समाजशास्त्रमा विद्यावारिधि हासिल गरे । उनले नेपाल र अफगानिस्तानमा विस्तृत सर्वेक्षण गर्नुका साथै अन्य सर्वेको नेतृत्व गर्दै अध्ययन-अनुसन्धान प्रतिवेदन लेखेका छन् । उनी नेप स्कूल अफ सोसियल साइन्सेस एण्ड ह्युम्यानिटिजमा सहायक प्राध्यापक छन् । त्यहाँ उनले अनुसन्धानको सिद्धान्त तथा प्रक्रिया विषयमा अध्यापन गर्छन् ।

# आभार

जिम्मेबारीप्रति समर्पित विशेषज्ञहरूको टोलीले यस अध्ययनलाई सम्भव बनाएको हो । यसका लेखहरू काठमाडौंस्थित अनुसन्धान संस्था इन्टरडिसिप्लिनरी एनालिस्ट्स (आईडीए)का सम्पूर्ण अनुसन्धान टोलीलाई विशेष धन्यवाद दिन चाहन्छन् । आईडीएका अनुसन्धानकर्ताहरू पवनकुमार सेन, बालकृष्ण खड्का, लीला आचार्य र हिरण्य बरालले सर्वे डिजाइन, कार्यान्वयन र विश्लेषणमा उत्सुकतापूर्वक सहभागिता जनाएको यहाँ स्मरणीय छ । स्थलगत अध्ययनको चरणमा सर्वे टोलीलाई सूचना-प्रविधि (आईटी) र तथ्यांक व्यवस्थापन सेवाबाट सहयोग पुऱ्याउने आइडीएका बालकृष्ण खड्का र पवनकुमार सेन, आईडीएका तथ्यांक प्रविष्ट टोली, नेपालका ३० जिल्लाका ३ हजारभन्दा बढी व्यक्तिसँग अन्तर्वार्ता लिने सहयोगीहरू र सुपरिवेक्षकहरू जसले कतिपय अवस्थामा स्थलगत कार्यक्षेत्रमा गम्भीर चुनौतीहरू पनि सामना गरे, सबैको योगदान लेखकहरू स्मरण गर्नचाहन्छन् । प्रश्नावली र अन्तिम प्रतिवेदन नेपाली र अंग्रेजी दुवै भाषामा तयार पार्न सघाउने अनुवादकहरू र सीएसप्रो सर्वे डाटाबेस तयार पार्ने स्वतन्त्र डिजाइनर क्याटेरिना क्रोसललाई पनि धन्यवाद दिन्छन् ।

सशस्त्र हिंसा अनुगमन परियोजना, नेपालका संयोजक सुविन्द्र बोगटी तथा वरिष्ठ परामर्शदाता रोबर्ट मुगाहले साझेदारहरूलाई समेत समेटेर सर्वे डिजाइन र प्रशासन प्रक्रियाभरि मूल्यवान योगदान पुऱ्याए । लेखकहरू सर्वे डिजाइन तथ्यांक संकलक, विश्लेषणको अवधिभर निर्देशन तथा परामर्श प्रदान गर्ने सर्वेका अनुसन्धान निर्देशक अन्ना अल्भाजी डेल फ्रेट महत्वपूर्ण पृष्ठपोषण प्रदान गर्ने नाताली जेनेस, सहयोगी टिप्पणी गर्ने कोस्मिना टाभारेन्स र आवश्यक अन्य सहयोग प्रदान गर्ने रोविन गुट इरेन पाभेसी, बास्मा सामी र क्रिस्टिना टाभोरस डि बास्नोसलाई पनि धन्यवाद दिन चाहन्छन् । तथ्यांक विवरण र तथ्यांक परीक्षणका लागि सहयोग पुऱ्याउने म्यारी अउदा ग्राफ र नक्साको काम गर्ने क्याथरिन अगुईर्रे टोवोन सत्यतथ्य परीक्षण गरिएको प्रतिवेदनमाथि टिप्पणी गर्ने जोभाना क्यारापी र प्रतिवेदन विवरण सम्पाद गर्ने तानिया इनोलोकोप्रति पनि लेखकहरू आभारी छन् । यस प्रतिवेदनको उच्च गुणस्तर कायम गर्न सहयोग पुऱ्याउने सर्वेको उलेस्सान्द्रा एल्लेन र मार्टिन फिल्ड तथा यसलाई नेपाली आषामा अनुवाद गर्ने कपिल काफ्लेप्रति पनि लेखकहरू आभार व्यक्त गर्दछन् ।

साथै, लेखहरू घरघरबाट यस सर्वेमा प्रतिक्रिया व्यक्त गरी महत्वपूर्ण भूमिका निर्वाह गर्ने व्यक्तिहरू, नागरिक समाजका संस्था र कानुनी तथा सुरक्षा निकाय लगायत प्रमुख सूचना प्रदायक तथा लक्षित समूहका सहभागीहरूलाई पनि कृतज्ञतापूर्वक धन्यवाद दिन चाहन्छन् । तिनीहरूको सहभागितामूलक प्रयासको आधारमा नै प्रस्तुत अध्ययन सम्भव भएको हो ।

यो परियोजना अस्ट्रेलियाली सरकारको समुद्रपार सहयोग कार्यक्रमको सहयोगमा सञ्चालन गरिएको हो ।

# कार्यकारी सारांश

पटक-पटक राजनीतिक अवरोध भोगेको र संविधानसभाले नयाँ संविधान दिन नसकेको समस्यामा जकडिएको तथा 'जनयुद्ध'बाट शान्तितर्फ आएको नेपालको नाजुक संक्रमणकालले राष्ट्रको सम्पूर्ण सुरक्षा परिस्थितिबारे नयाँ प्रश्नहरू उठाएको छ । यस मामिलालाई सम्बोधन गर्दै स्मल आर्मस सर्वे र काठमाडौंस्थित साझेदार संस्था इन्टरडिसिप्लिनरी एनालिस्ट्सले दीर्घकालीन सुरक्षाको खोज: नेपालमा सशस्त्र हिंसाको अनुगमन प्रस्तुत गरेका छन् । यस अध्ययनले २०६८ मा नेपालको पहाडी तथा तराई क्षेत्रमा लिइएका प्रमुख सूचनाप्रदायकको अन्तर्वार्ता र लक्षित समूहमा गरिएका छलफल लगायत राष्ट्रिय स्तरमा घरदैलोमा पुगेर ३ हजारभन्दा बढी सहभागीसँग गरिएको सर्वेक्षणमा आधारित मूल अनुसन्धान प्रस्तुत गर्दछ । साथै, यस अध्ययन प्रतिवेदनमा २०६९ का औपचारिक, गैरसरकारी र अन्तर्राष्ट्रिय स्रोतहरूबाट संकलित तथ्यांकहरू पनि राखिएका छन् । विशेष प्रतिवेदनको प्रमुख अंश :

- घरदैलो सर्वेक्षणमा सहभागी व्यक्तिहरू २०६८ सालमा सुरक्षा परिस्थितिमा आएको सुधारप्रति सकारात्मक देखिएका छन् । तीमध्ये ७० प्रतिशतले अघिल्लो वर्षको तुलनामा आफ्नो क्षेत्रमा सुरक्षा स्थितिमा सुधार आएको जनाउँदै, यद्यपि यस सम्बन्धमा अपेक्षाअनुसार परिवर्तन आउन भने बाँकी रहेको जनाएका छन् । सहभागी कतिपयले स्वयं हिंसाको अनुभव गरेको पनि जनाए । सहभागीमध्ये चार प्रतिशत व्यक्तिले २०६४ र २०६८ बीच आफूहरू हिंसा र अपराधको शिकार भएको बताए ।

- निरन्तर राजनीतिक अस्थिरता र पछिल्ला दिनहरूमा आर्थिक कारणले बढेका अपराधले गर्दा नेपालको सुरक्षा सुधारमा कालो बादल मडारिएको छ । सर्वेक्षणमा सरिक झण्डै ५० प्रतिशत व्यक्तिले २०६८ सालमा आफूहरू धन-सम्पत्ति वा आर्थिक पक्षलाई अपराधको शिकारको सम्भाव्य कारण जनाए, जबकि २०६९ को प्रतिवेदनमा तिनीहरूले यस्तो अपराध वृद्धि भइरहेको ठोकुवा नै गरे ।

- हिंसाको चक्र सुरु हुनु र सधैं कायम रहनुमा आर्थिक पक्षले ठूलो भूमिका खेलेको हुन्छ । २०६८ सालमा सर्वेक्षणमा सरिक व्यक्तिहरूले अपराधको प्रमुख कारणका रूपमा गरीबी र बेरोजगारीलाई इंगित गरे ।

- शहरी क्षेत्रहरूमा अझ बढी असुरक्षाको महसुस भएको अध्ययनले देखाएको छ । २०६८ सालमा शहरको सुरक्षा स्थिति नाजुक हुँदै गएको बताउनेहरूको प्रतिशत राष्ट्रिय औसत

नक्शा १ नेपालको जिल्लाहरू



अंकको दोब्बर देखिएको छ । यस तथ्यलाई २०६९ सालमा साना हतियारहरूको ओसार-पसारमा वृद्धि भएको भन्ने जानकारीका साथ सार्वजनिक भएको प्रतिवेदनले पनि सहयोग पुऱ्याएको छ ।

- संसारभरि सशस्त्र हिंसाबाट पीडित हुनेमा पुरुषहरू बढी रहेका छन् । तर, नेपालमा पुरुष र महिला झण्डै बरावरी संख्यामा हिंसा वा अपराधबाट पीडित हुने गरेको देखिन्छ । २०६८ सालमा पहाडी क्षेत्रमा महिलाहरू र तराईमा पुरुषहरू बढी अपराध वा हिंसाको शिकार हुने गरेको पाइएको छ । जीवनशैलीमा आयआर्जनको विस्तार, रुपियाँ-पैसा वा मूल्यवान वस्तु साथमा रहने अवस्थाका कारण मानिसहरू पीडित बन्नेगरेका छन् ।

- २०६९ को तथ्यांकले अभिभावक अवस्थादेखि वाल्यअवस्थासम्म र किशोरावस्थादेखि वयस्क अवस्थासम्म अर्थात् सम्पूर्ण उमेरका महिलामाथि निरन्तर हिंसाले असर पारिरहेको देखाए पनि महिलामाथि हुने हिंसासम्बन्धी उजुरीको संख्या भने थोरै रहेको देखाएको छ ।

- सर्वेक्षणमा सरिक पीडितमध्ये ठूलो प्रतिशतले आक्रमणकारीहरूलाई चिन्ने बताए । २०६४ देखि २०६८ सम्म आक्रमणको सिकार भएको बताइएका झण्डै आधा संख्याले आफ्नै समूहभित्रका ती आक्रमणकारीहरूलाई चिन्ने गरेको जनाए । उजुरी गरिएका तीन तिहाई उत्पीडनका घटनामा एकभन्दा बढी आक्रमणकारी रहेको बताइएको छ ।

- सर्वेक्षणमा सहभागी भएकामध्ये करिब ७ प्रतिशतले २०६८ मा आफ्नो क्षेत्रमा सक्रिय कम्तीमा एउटा सशस्त्र समूहलाई चिनेको र तिनीहरूको मुख्य काम डर-धम्की  देखाई पैसा उठाउने र बम आक्रमण गर्ने रहेको बताए ।

- नेपालको सशस्त्र हिंसा कमजोर प्रविधिको रहेको छ । किनभने पीडकहरू विशेष गरी कच्चा हतियारहरू जस्तै साइकलको चेन वा लठ्ठी, परम्परागत धारिला हतियार (खुकरीलगायत) र घरमै निर्मित पिस्फोटक पदार्थ र हतियारहरूमाथि निर्भर रहने गरेका छन् ।

- सर्वेक्षणमा सरिक अन्दाजी २ प्रतिशत व्यक्तिले २०६८ मा आफूहरूसँग हतियार रहेको बताए । स्वयम्ले गरेको उजुरी र अनुमानित स्वामित्वको आधारमा सर्वेक्षण गरिएका जिल्लाहरूका ८४ हजारवटा घरमध्ये अनुमानित ४१ हजारसँग हतियार हुनुपर्दछ । तिनीहरूको तुलनामा काठमाडौं उपत्यकाका नागरिकहरूसँग थुप्रै संख्यामा हतियार रहेको देखिएको छ । प्रहरीको कार्य सम्पादन, उत्तरदायित्व र सरोकार अत्यन्तै उच्चदरमा मूल्यांकन गरिए पनि सर्वेक्षणमा सरिक ८० प्रतिशतभन्दा बढी व्यक्तिले आक्रमणको घटना हुँदा आफूहरूले प्रहरीको मद्दत माग्ने बताए । २०६८ मा गरिएको अन्तर्वार्तामा तिनीहरूले प्रहरीको सक्षमतामा तालिमको अभाव, राजनीतिक हस्तक्षेप र स्तरयुक्त सेवाको अभावजस्ता प्रमुख विषयहरूलाई लिएर धेरै विभाजित मत प्रकट गरेका थिए ।

- २०६८ सालमा तिनीहरूले अन्य सुरक्षा प्रदायकहरूभन्दा सामुदायिक नेताहरूप्रति बढी विश्वास रहेको बताएका थिए । प्रहरी र न्यायिक प्रक्रियाहरूमा निरन्तर हस्तक्षेप गर्ने कारण देखाई तिनीहरूले राजनीतिक नेताहरूलाई सबैभन्दा कम महत्व दिएका थिए ।
- सर्वेक्षणले २०६८ मा सुरक्षा कार्यक्रमहरूमा माग र आपूर्तिबीच खाडल रहेको देखाउँछ । जवकि सरकारी एजेण्डा तथा नीतिहरू हेर्दा सुरक्षा कार्यक्रमहरूको आधिपत्य रहेको देखिन्छ । विशेष गरी तराईमा सुरक्षा कार्यक्रम आर्थिक विकासतर्फ उन्मुख रहेको र त्यसलाई ठूलो महत्वका साथ हेरिएको अवस्था छ । वास्तवमा सर्वेक्षणका सहभागीमध्ये ६० प्रतिशतभन्दा बढीले विकास कार्यक्रमलाई सुरक्षा अनुभूतिमा सुधार ल्याउने स्रोत र समस्या समाधानमा अधिकतम भूमिका खेल्ने विषयका रूपमा इंगित गरे ।

# १. परिचय

## पृष्ठभूमि

१३ हजारभन्दा बढी[१] व्यक्तिको ज्यान जानेगरी भएको एक दशक लामो गृहयुद्धको अन्त्यपछि पनि नेपालको शान्ति असहज अवस्थामै रह्यो। अस्थिर राजनीतिक वातावरण, नयाँ संविधानको मस्यौदा कोर्नुपर्ने निश्चित समय सीमा र बढ्दो आपराधिक क्रियाकलापमजस्ता थुप्रै अनिश्चितताबाट मुलुकको शान्ति प्रभावित बन्यो। २०६३ सालमा शान्ति सम्झौतामा हस्ताक्षर भएपनि नेपालको सामयिक सामाजिक, राजनीतिक परिप्रेक्षमा लगातार हिंसाको घटना हुनु सामान्य विषय बन्यो। जातीय प्रतिनिधित्व, पूर्व लडाकुहरूको निशत्रीकरण र संघीयताजस्ता प्रश्नहरूलाई लिएर नयाँ वार्ता र अवरोधको अवस्था कायम रह्यो। विभिन्न किसिमको दुष्परिणाम खेपिरहेको संवैधानिक प्रक्रियाको आरोह र अवरोहका कारण पनि हिंसा र अपराधले निरन्तर तीव्रता पाइरह्यो। लगातार चार पटकसम्म म्याद थपिएर २०६९ को जेठमा संविधानसभा विघटन भएपछि यसले नेपालको प्रजातान्त्रिक संस्थाहरू नाजुक स्थितिमा पुगेको तर्फ ध्यानाकर्षण गरेको छ। यसबाट प्रजातान्त्रिक प्रक्रियाका लागि राजनीतिक प्रवुद्ध वर्गको प्रतिवद्धता र अझै अर्को संवैधानिक समस्याबाट बच्ने राजनीतिज्ञहरूको योग्यतामाथि प्रश्न उठेको छ।

आम हड्ताल वा बन्द,[२] हिंसात्मक घटनाहरू उच्च पदस्थ व्यक्तिहरूको हत्यालगायत[३] प्रहरी फौजसँगको भिडन्त वा प्रतिद्वन्द्वी राजनीतिक समूहहरूबीच सिर्जना भएको भिडन्तले जनधारणामा आगो लगाउँछ र सम्पूर्ण सुरक्षालाई कमजोर बनाउँछ। नेपाली समाजमा पटक-पटक दोहोरिने घटनाको रूपमा राजनीतिबाट अभिप्रेरित हिंसा देखिएको छ, जो विशेष गरी नेपालको राजनीतिक र प्रशासनिक संरचना तथा संघीयताका विषयलाई लिएर सिर्जित भएको देखिन्छ, राजनीतिक पार्टीका सशस्त्र समूहहरू वा अन्य सशस्त्र समूहले भिडन्तको अवस्था निम्त्याउँदै आएका छन् (कार्टर सेन्टर, २०६८, आईसीजी २०६८)।

यस असहज तथा अचानक परिवर्तित स्थितिले राष्ट्र 'पतनको संघारमा' पुगेको संकेत गर्ने अनुसन्धानकर्ता र नीति निर्माणकर्ता दुवैको ठम्याइ छ। साथै, यस अवस्थाले द्वन्द्वको उत्तरार्धमा हासिल हुने राजनीतिक परिवर्तनलाई पनि असहज तथा विवादास्पद बनाएको (ब्राउन एण्ड फेल्ब्याव ब्राउन, २०६९, एनवाइटी, २०६९सी)। वास्तवमा निरन्तर जारी रहेको राजनीतिक अस्थिरताका बावजुद गहिरोसँग जरा गाडेको राजनीतिक संस्कारलाई सामान्य अवस्थामा फर्काउने दिशामा प्रगति नभएको भने होइन। प्रगतिकै लागि दीर्घकालीन सम्झौता वा सहमति भएका छन् र प्रजातान्त्रिक सुदृढीकरणतर्फ[४] महत्वपूर्ण ढंगले अघि बढेको देख्नसकिन्छ (आइसीजी, २०६७)।

एउटा गाउँ वा घरधुरीमा मात्र सीमित किन नहोस्, माओवादी लडाकुहरूले हिंसालाई सामाजिक र राजनीतिक संवाहनको ज्यावलको रूपमा प्रयोग गर्दै, केही हदसम्म व्यापक पनि बनाउँदै यसलाई राज्यसत्ताको नियन्त्रणबाहिर पुऱ्याई हिंसालाई नै राजनीतिक र सामाजिक अभिव्यक्तिको औजार बनाएका छन् । यसको परिणामस्वरूप, दैनिक जीवनमा औसत व्यक्तिहरूको सुरक्षास्थितिमाथि नै असर पुग्यो, नेपालमा हिंसा राजनीतिक स्वार्थसिद्धिको साधनमा मात्र सीमित भएन, आपराधिक गतिविधि बन्नपुग्यो । सुरक्षा सम्वन्धमा गरिएको विस्तृत् अध्ययनअनुसार आपसी विवाद, जग्गा-जमिनको किचलो र पारिवारिक वा राजनीतिक वैचारिक मतभिन्नतामा पनि हिंसात्मक गतिविधिले प्रवेश पायो, गाउँ र महानगरीय स्तरको असुरक्षामा आपराधीकरणले निरन्तर आगोमा घ्यु थप्ने काम गऱ्यो ।[५]

स्मल आर्मस सर्वे र काठमाडौंमा रहेको इन्टरडिसिप्लिनरी एनालिस्ट्स (आईडीए) ले गरेको राष्ट्रिय सर्वेक्षणले आक्रमणको क्रुरता र परिमाणलाई पीडक र पीडितहरूको परिचय विवरण, हिंसाका उपकरणहरू र राज्यको प्रतिक्रिया तथा सुरक्षा व्यवस्थालाई प्रकाश पार्दै घरायसी स्तरमा हुने हिंसाको स्वरूप सार्वजनिक गरेका छन् ।

माओवादी द्वन्द्व सुरु हुनुअघि विद्यमान सामाजिक विकृति, गरिहरोसँग जरा गाडेको गरिबी, शोषण र भेदभावपूर्ण जातीय प्रथा १९६३ सालमा निर्मूल गरिए पनि अनौपचारिक रूपमा यो अस्तित्वमा रहेको छ । भेदभावका कारण आपसी हिंसा र अपराधले निरन्तर प्रोत्साहन पाइरहेको छ (लावती, २०६४, पृष्ठ २३-२४) । यसको अर्थ नेपालको सामुदायिक स्तरमा हिंसाको प्रकार र परिमाणको लागतमा वर्तमान आर्थिक अवसरहरू र राजनीतिक अस्तित्वको बुझाइमा जातीय, धार्मिक र भाषिक विभाजनहरू कैफियतका रूपमा प्रतिविम्वित भएर बसेका छन् । २०६४ सालको सुरुतिर माओवादी आन्दोलन र हिंसात्मक द्वन्द्व समाप्त भएयता अनुसन्धानकर्ताहरूले पूर्वी र केन्द्रीय तराईमा सशस्त्र समूहहरूको प्रादुर्भाव र विस्तार (आईडीएमसी, २०६७, आईडीए, २०६८), संगठित अपराधको वृद्धि[६] (सेफरवर्ल्ड, २०६९), हतियारको विस्तार र अपराधको राजनीतिकिकरण वा राजनीतिको अपराधीकरण[७] संज्ञा दिइएका राजनीति र अपराधबीचको सम्वन्धलगायत असुरक्षाका थुप्रै नयाँ स्रोतहरू पत्ता लगाएका छन् (भट्टराई, २०६७, पृष्ठ ८०) । तराई-पहाड क्षेत्रलगायत शहरी केन्द्रहरूमा बढिरहेको असुरक्षालाई पनि दृष्टिगत गर्दै हिंसाका नयाँ कारण र स्वरूपहरू पहिल्याइएको छ, सुरक्षाका वर्तमान चुनौतीहरूमाथि अनुसन्धान गर्दै त्यसबाट प्राप्त विवरणको आधारमा यो विशेष प्रतिवेदन बनेको छ ।

क्षेत्रीय रूपमा नेपाल दक्षिण एशियाको सामरिक महत्वको स्थानमा रहेको छ । १ हजार ८ सय किमी लामो भारतसँग खुल्ला सीमा रहेको नेपालमा भू-मार्गबाट भारत र पाकिस्तानबाट हतियार र मानव ओसार-पसार सजिलै हुनेगरेको छ (युएनओडीपी, २०६८ र मित्रा, २०६८) । यस्ता अवैध ओसार-प्रसार[८] गतिविधिहरू रोक्नका लागि केही क्षेत्रीय प्रयासहरू भइरहेका छन् । तर यस्ता गतिविधिलाई सीमित राख्न र सुरक्षामा सुधार ल्याउन अझै थप ठोस परिवर्तन गरिनु आवश्यक छ ।

२०६८ सालमा गरिएको सर्वेक्षणमा नेपाली नागरिकहरूले आतंकवाद र अपराधलाई प्रमुख क्षेत्रीय सुरक्षा चुनौतीको रूपमा औंल्याएका छन् । तिनीहरू अफगानिस्तान, भारत र पाकिस्तानजस्ता राष्ट्रबाट यस क्षेत्रको सुरक्षामा ठूलो चुनौती सिर्जना भएको बताउँछन्

(एसएडीएफ र ग्याल्लुप २०६८, पृष्ठ १८)) । लागु पदार्थ[९] र अन्य अवैध वस्तुहरू र हलुका हतियारहरूका लागि गन्तव्य राष्ट्र नभई नेपाल एउटा माध्यम वा ट्रान्जिट रुटको रूपमा मात्र रहेको देखिन्छ । यी अन्तर्राष्ट्रिय सञ्जालहरूको उपस्थितिको कारण सीमाक्षेत्रहरू जस्तै बारा, पर्सा र रौतहट[१०]मा अपराध न्यूनीकरण गर्ने र आतंकवाद र हतियारविरुद्ध लड्ने प्रहरी प्रयासहरू ओझेलमा परेका छन् ।

## प्रक्रिया तथा विधि

स्मल आर्मस सर्वे र आईडीएले यस अध्ययनका लागि २०६८ को उत्तरार्धमा अनुसन्धान गरे । त्यसको उद्देश्य सम्पूर्ण सुरक्षाको धारणाहरूको मात्र नभई अपराध र त्यसको शिकार बनेका व्यक्तिहरूको निजी अनुभव, प्रयोग भएका हतियारहरूको स्वरूप र स्वामित्वको अवस्था, सशस्त्र समूहहरूको व्यापकता तथा प्रमुख सुरक्षा प्रदायकहरूको भूमिकाबारे पनि अनुसन्धान गर्नु थियो ।

भविष्यका लागि जन-अपेक्षा र सशस्त्र हिंसाको स्वरूपमा अन्तरदृष्टि प्रदान गर्ने उद्देश्यले अध्ययनले अधिक मात्रामा घरदैलोबाट सर्वेक्षणमा सहभागी हुने व्यक्तिहरू, नागरिक समाजका सदस्यहरू, सुरक्षा निकायका अधिकारीहरू र प्रमुख सूचना प्रदायकहरूजस्ता सरोकारवालाहरूमाथि निर्भर रहेर हिंसात्मक घटनाहरूसँग सम्वन्धित कारण, प्रकार, विधि र पात्रहरूको नक्साङ्कन गरेको छ ।

लिखित विवरणको पुनरवलोकन तथा सरकारी, गैरसरकारी र अन्तर्राष्ट्रिय स्रोतहरूबाट[११] अपराध र हिंसा सम्वन्धी तथ्यांक संकलन गर्नुका साथै अध्ययनले निम्नलिखित प्रक्रियागत सामग्रीहरू प्रयोग गरेको छ ।

- **राष्ट्रिय घरधुरी सर्वेक्षेण** १४ वटा पहाडी क्षेत्र र १६ वटा तराई क्षेत्रमा[१२] गरी नेपालका ३० जिल्लामा गरिएको छ । आकार वा संख्यासँगको सम्भाव्यताको अनुपातलाई प्रयोग गरी बहुचरणीय हचुवा नमुना ढाँचा तयार गरी यी क्षेत्र छानिएका थिए । अर्थात्, प्रत्येक घरको एकजना प्रतिनिधि हुनेगरी १५ वर्ष र सोभन्दा बढी उमेरका व्यक्तिहरूसँग ९५ प्रतिशत[१३] गोप्यता सीमामा अन्तर्वार्ता लिइएको थियो । सामान्यतः जनसंख्याको अनुमानमा २ प्रतिशत त्रुटि-सीमा राखियो । स्थानलाई वास्ता नगरी सर्वेक्षणमा सहभागीहरूमध्ये महिला पुरुषको अनुपातको आधारमा अन्तिम मूल्याङ्कित नमुना आकार निर्धारण गरियो । सामान्य अभ्यासपछि आईडीएले २०६८ को साउनको उत्तरार्ध र भदौको प्रारम्भका दिनमा (जम्मा २१ दिन) स्थलगत सर्वेक्षण गरियो र निरन्तरताका लागि विश्वस्त हुन र गुणस्तरीय परीक्षण प्रदान गर्न सिएसप्रोभा नामक भरपर्दो तथ्यांक प्रविस्टि प्रविधि प्रयोग गरी तथ्यांक प्रशोधन गरियो ।
- **६ वटा लक्षित समूह छलफल**, तीनवटा सामुदायिक सदस्य समूह र तीनवटा नागरिक समाज संस्थाहरूका सदस्यहरूसँग २०६८ मो पुसमा बाँके, धनुषा र धनकुटा जिल्लामा बैठकहरू आयोजना गरिए ।

- **नेपाल प्रहरीका सदस्य,** नेपालका प्रमुख राजनीतिक पार्टीका प्रतिनिधि, स्थानीय अनुसन्धानकर्ता र अन्तर्राष्ट्रिय विदशी आठ प्रतिनिधि जो प्रमुख सूचना प्रदायक सदस्यहरू हुन्, सँग अन्तर्वार्ता लिइयो ।
- **सुरक्षा स्थिति र सशस्त्र हिंसाको** व्यक्तिगत अनुभवको जनधारणाबारे गुणस्तरीय तथ्यांक प्रदान गर्न आईडीएले २०६८ मा २८ जिल्लाका सामुदायिक सदस्यहरूसँग ३० वटा गहन अन्तर्वार्ता लियो ।

# २. सशस्त्र हिंसा-प्रवृत्ति

## सामान्य विवरण

सशस्त्र हिंसा एउटा जटिल घटना हो । नेपालमा सशस्त्र समूह, राजनीतिक पार्टीका युवा समूह, आपराधिक समूह र सुरक्षा प्रदायक लगायतका पीडकहरूले धारिला हतियार, बन्दुकजस्ता अन्य हतियारदेखि घरमै निर्मित विष्फोटक पदार्थ (आइइडिएस) प्रयोग गरेको बुझिन्छ । गरीबी, बेरोजगारी र राजनीतिक अस्थिरताले उक्साएको सशस्त्र हिंसा व्यक्तिविशेष लगायत पत्रकार, सरकारी अधिकारी र व्यापारीमाथि लक्षित रहँदै आएको छ ।

जातीय, धार्मिक र राजनीतिक हिंसाका डरलाग्दा घटनाहरूको प्रमाण अभिलेखअनुसार १७ औं शताब्दीको उत्तरार्धमा राष्ट्रको एकीकरणको बेलादेखि नै नेपालमा सशस्त्र हिंसा हुने गरेको मान्न सकिन्छ (लावती, २०६४, पृष्ठ ३१-३४) । अहिलेसम्मकै गृहयुद्धमा सबैभन्दा बढी संख्यामा पछिल्लो गृहयुद्धमा मानिसको ज्यान गएको देखिन्छ । एक दशक लामो उक्त हिंसाले यसअघि र पछिका सबै हिंसाका घटनालाई ओझेलमा पारेको छ । त्यसमध्ये पनि २०५९ मा सशस्त्र हिंसा चरमचुलीमा पुगेको थियो (डब्लुएचओ, २०६३, युसीडीपी[१४]) ।[१५] वि.सं. २०५३ मा नेपाल कम्युनिस्ट पार्टी माओवादीले संवैधानिक राजतन्त्र हटाई प्रजातान्त्रिक गणतन्त्र स्थापना गर्न आह्वान गरेपछि रक्तपात सुरु भयो । प्रहरी र सेनासँगको भिडन्त[१६], दंगा[१७] र बन्दमा[१८] सयौं नागरिकले ज्यान गुमाए, अझ ठूलो संख्यामा घाइते भए । एक दशक लामो 'जनयुद्ध' को दौरान सरकारी फौज र माओवादी लडाकुहरूको युद्ध हुँदा १३ हजारभन्दा बढीको ज्यान गयो तथा त्यसको चार गुणा बढी व्यक्ति घाइते भएको दावी २०६३ सालमा शान्ति सम्झौतामा हस्ताक्षर हुँदा गरियो (ओएचसिएचआर, २०६९) । हिंसाका कारण ठूलो संख्यामा मानवीय क्षति त भयो नै, साथमा सामाजिक विभाजनको खाडल पनि अझ फराकिलो बन्यो, थप त्रास र असुरक्षाको वातावरण पनि सिर्जना भयो ।

विभिन्न पर्यवेक्षकहरूले साना हतियारको प्रसार शारीरिक र मानसिक आघात र नेपालीहरूलाई अहिलेसम्म पिरोल्ने गरी भएको वृहत् आर्थिक चोटजस्ता द्वन्द्वका दीर्घकालीन असरबारे चिन्ता प्रकट गरेका छन् (भट्ट र मुर्सेद, २०६६, पृष्ठ १२१ आईसीजी, २०६७ र शाक्य, २०६७) । विद्वानहरूले महिलाको मुक्ति, बढ्दो सामाजिक तथा राजनीतिक सचेतना र भेदभावयुक्त जातीय प्रथालगायत आम असमानतालाई चुनौती दिने मानव अधिकारको उच्च जागरणजस्ता केही विषयलाई द्वन्द्वबाट समाजमा परेका केही सकारात्मक प्रभावको रूपमा लिएका छन् (शर्मा, पृष्ठ ११, लावती, २०६२, पृष्ठ ५८) । बौद्धिक जगत्ले हिंसाका सञ्चालक, तीव्रता र सैद्धान्तिक आधार[१९] लाई विश्लेषण गर्ने प्रयास गर्दै द्वन्द्व पछिको सम्बन्धित हिंसामाथि ध्यान केन्द्रित गरेको

छ। यसविपरीत नीति निर्माणकर्ताहरूले द्वन्द्व-उत्तरार्ध हिंसा अनुगमनलाई प्रजातन्त्रतर्फको अधुरो संवाहनको हिसाबले ध्यानपूर्वक हेर्ने गरेका छन् (आईडीए र सेफरवर्ल्ड, २०६६, २०६ठ, २०६८)। दुवै प्रयासबाट प्राप्त उपलब्धिहरूलाई सशस्त्र हिंसामा देखापरेका चलनहरूको विश्लेषणसँग जोडेर वर्तमान सुरक्षा परिस्थितिलाई राम्ररी बुझ्न सकिन्छ (बक्स १ हेर्नुहोस्)।

**बक्स १.** नेपालमा सशस्त्र हिंसाको परिमाणीकरणः स्थापित 'प्रवृत्ति'

द्वन्द्वपछि हिंसाको आकारको परिमाणीकरणका लागि नेपालमा संकलित कुल तथ्यांक[२०] र सर्वेक्षण तथ्यांक [२१] अप्रत्याशितरूपमा वृद्धि भए पनि यसका स्वरूपहरू पहिल्याउने काम भने बाँकी नै छ।

परिमाणीकरण प्रवृत्ति सुरुगर्दा आउने चुनौती निम्नअनुसार छन्:

- **समान सूचकका लागि फरक परिभाषाहरू,** उदाहरणका लागि 'हत्या' शब्द (१) 'सुनियोजित हत्या वा हत्या' सँग सम्बन्धित छ, भिडन्तको बेला वा आईईडी विष्फोटनबाट भएको मृत्युलाई यस परिभाषामा समेटिएको छैन (युएनएनआईपी, एनडी) वा सुनियोजित हिंसाको कारण भएका सम्पूर्ण मृत्यु (इनसेक, २०६९ख)[२२] लाई मात्र यसको परिभाषामा समेटिएको छ।
- **रिपोर्टिङ गर्दा** विभिन्न कठिनाइको सामना गर्नुपर्ने अवस्था आउँछ। भौगोलिक कठिनाइका कारण लक्षित ठाउँमा पुग्न गाह्रो छ। केही निश्चित पहाडी वा ग्रामीण समुदायहरू वा सहभागीहरूले आफू हिंसाको शिकार भएको सम्बन्धमा बताउन नपाउँदा कुल सर्वे तथ्यांकमा असर पर्दछ।

यस्ता चुनौतीका बाबजुद निम्न केही चिजले अनुसन्धानको परिणामलाई तुलनात्मक रूपमा सफल बनाउन सहयोग पुऱ्याउँछ :

- **अनुसन्धानका समान परिमापनको प्रयोग,** उदाहरणका लागि (१) २०६४ सालदेखिको[२३] सुरक्षामा आएका परिवर्तनको मापन गर्न एउटै किसिमको उपकरण र सर्वेक्षणको प्रयोग गरिएको छ। (२) करिब ३ हजार सहभागी व्यक्तिलाई पहिला पनि सर्वेक्षणको आधार मानिएको थियो भने, अहिले पनि त्यही परिमाणमा सहभ( ागीलाई लिइएको छ।
- **समान प्रश्नावली र सूचकहरूको प्रयोग गरिएको छ।** हिंसा र त्यसको प्रकार तथा मुख्य पीडितहरूको धारणा बुझ्न विगतमा जे-जस्ता प्रश्न र सूचकको प्रयोग भएको थियो, यस अध्ययनमा पनि आईडीए र सेफरवर्ल्डले सर्वेक्षणहरूमा सोही प्रकारका सूचकको प्रयोग गरेका छन्।

यसरी हिंसाको किसिम र तिनका सञ्चालकहरूबारे केही स्वरूप र प्रवृत्तिहरू पहिल्याउन सम्भव भएको छ।[२४]

## हिंसाको प्रवृत्तिः परिमाण र विस्तार

संयुक्त राष्ट्रसंघले दिएको तथ्यांकअनुसार द्वन्द्व अन्त्य भएयता नेपालमा हिंसाका घटना र त्यसको अत्यन्तै खराव स्थितिको निकै उतार-चढाव भएको छ। हत्या, अपहरण र विष्फोटकको परिमाण थाहा पाउन चित्र १ हेर्नुहोस्।

*चित्र १* सुरक्षासम्बन्धी घटना, २०६४-२०६९




**स्रोतः** युएनएनआइपी

देशको सापेक्षिक शान्त स्थितिलाई २०६४ सालको अन्त्यमा[२५] भएको संविधानसभाको चुनाव, २०६७[२६] को माओवादी र सरकारबीचको मतभेद र २०६९ को जेठमा संविधानसभाको विघटनजस्ता राजनीतिक घटनाहरूका कारण उत्पन्न भएका हिंसा श्रृंखलाले विथोलिरह्यो। परिणामस्वरूप बन्द र विरोधका कार्यक्रम भए, हिंसात्मक र गैरहिंसात्मक घटना तथा जातीय र धार्मिक भिडन्तहरू बढे। विशेष गरी २०४९-२०५१ मा सुरु भएको हिन्दु-मुश्लिम दंगा,[२७] २०६४ सालमा तुल्सीपुरमा पुनः देखापर्‍यो। २०६४ मंसिर महिनामा कपिलवस्तुमा[२८] हिंसा सुरु भयो र २०६६ को वैशाखमा ललितपुरस्थित क्याथोलिक चर्चमा[२९] बम पिस्फोट भयो। २०६८ को मध्यतिर चलेको हिंसा र हत्याको क्रम २०६९ को सुरुमा घटेर द्वन्द्व समाप्त हुँदाको समयमा जुन स्तरमा थियो, त्यही स्तरमा आइपुग्यो।

चित्र १ मा देखाइएजस्तै २०६९ मा विस्फोटक प्रयोग भएका घटना २०६४ को तुलनामा तीनगुण बढी भएको पाइयो। राजनीतिक अस्थिरताको बेलामा बढ्ने हिंसात्मक घटना जस्तै हत्या र विस्फोटक घटनाहरू राजनीतिक अवस्थासँग प्रत्यक्षरूपमा सापेक्ष देखिन्छ। त्यसको अर्थ राजनीतिक नेताहरू राष्ट्रको संघीय ढाँचासम्बन्धी दीर्घकालीन सहमतिमा नपुगेसम्म सुरक्षाको रूपरेखा अनिश्चित रहनसक्छ। अस्थिरता नेपालको सुरक्षा अवस्थाको एक प्रमुख विशेषताको रूपमा रहेको छ। यसले सुरक्षा क्षेत्रको सुधारको प्रगतिमा प्रश्न उठाएको छ। यद्यपि सर्वेक्षणमा

सरिक व्यक्तिहरूले आफ्नो व्यक्तिगत सुरक्षा अवस्थालाई सधैं नै सकारात्मक ढंगले व्यक्त गर्ने गरेका छन् ।

राजनीतिक समस्या र उतारचढावले निराशाजनक परिस्थिति सिर्जना गरेको छ र सोहीअनुसार तथ्यांकहरूको सामना गर्नुपरेको छ (आईडीए र सेफरवर्ल्ड, २०६६, २०६७, २०६८) । साथै, पर्यवेक्षकहरूले नेपाली समाज र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रवुद्ध समुदाय संविधानसभा नयाँ संविधानको मस्यौदा कोर्न असफल भएकाले पुनः गृहयुद्ध सुरु हुनसक्ने सम्भावनालाई लिएर चिन्तित रहेको बताएका छन् ।[३०] अझैसम्म नेपालमा बलियो र स्थिर राज्य ढाँचा र संस्थाहरू नभएकाले अहिले संयुक्त सरकार बनाउन र विविध विकास तथा सुरक्षा कार्यक्रमहरू बनाउन भइरहेका प्रयासको प्रभावकारितालाई मूल्यांकन गर्न सकिन्न । यी आदि अवस्थाका कारण राजनीतिक सफलता वा असफलताको भविष्यवाणी गर्नु हतार हुनजान्छ । सशस्त्र समूहहरू अगाडिदेखि नै संघीयताको विषयलाई लिएर कठोर मोर्चाका साथ उभिएका कारण २०६४-२०६५ मा जस्तै हिंसात्मक प्रदर्शनहरू हुनसक्ने खतरा पनि कायमै छ (जीआईसीएचडी, २०६९, पृष्ठ २ र आचार्य, २०६९) । पछिल्लो समयमा विस्फोटकको बढ्दो प्रयोग र केही सशस्त्र समूहहरूको[३१] बढ्दो सक्रियताका कारण चिन्ता बढेको सन्दर्भलाई महत्वका साथ उजागर गरिएको छ ।

यस्ता निराशाजनक उदाहणका बाबजुद केही प्राज्ञ तथा साधारण नागरिकले नेपाल संक्रमणकालमा रहेको राष्ट्र भन्दै एकै प्रकारको टिप्पणीलाई दोहोऱ्याइरहेका छन् (आईसीजी, २०६७, एनवाईटी, २०६८ख) । यस परिप्रेक्षमा देश पतन नै हुन्छ भन्नुभन्दा समस्याका क्षणहरूको चित्रण गर्नु व्यावहारिक हुनआउँछ । यहाँनिर अर्को सत्य के भने, शिशु अवस्थामा रहेको लोकतन्त्रलाई प्रभावित बनाउने बलिया संघर्षहरूको सम्भावना छ, जसले अग्निपरीक्षा र पीडाजनक अवस्थाको सामना गर्न तत्पर रहन प्रेरित गर्दछ ।[३२] वास्तवमा यस अनुसन्धानले सुरक्षाको नाजुक अवस्थालाई प्राथमिकतामा राखेको छ । लामो राजनीतिक समस्या, बारम्बारको बन्द, आर्थिक अपराधमा वृद्धि र सशस्त्र समूहहरूको सक्रियताले कठोर सम्भावनालाई नै संकेत गर्दछन् । राष्ट्रिय शक्तिहरू समय रहँदासम्म अकर्मण्य हुने र अन्तिम समयमा सहमतिमा पुग्ने, राजनीतिक नेताहरूले कठिनतम घडीमा मात्र राहतको बाटो पहिल्याउने वा संक्रमण एवं अन्योलको अवस्थालाई निकास दिने राजनीतिक संस्कारका कारण चिन्ता जागृत भएको छ (आईसीजी, २०६७) । यस्तो जटिल चरित्र र विविध कठिनाइहरूलाई बिर्सिने हो भने नेपाल 'शान्त मुलुक' देखिनेछ । यसको अर्थ हो, सुरक्षासम्बन्धी अनगिन्ती समस्याहरू छन्, त्यसलाई निराकण गर्न आवश्यक छ जसले स्थायी शान्तिका लागि उपयुक्त वातावरण तयार पार्नसक्छ (पुत्जेल र डिजोइन, २०६९, पृष्ठ ५) ।

## हिंसा र यसका घटनाहरू:

अधिकांश नेपालीका लागि राष्ट्रमा जारी रहेको संक्रमणकाल नै समस्याको स्रोत हो जसले राजनीतिक अस्थिरता सिर्जना गर्दछ।[३३] नेपालमा हिंसाको विस्तार र दैनिक जीवनमा व्यक्तिहरूमाथि आइपरेको असुरक्षाको अनुभूतिलाई पनि यस खण्डमा समीक्षा गरिएको छ। यस खण्डले संगठित राजनीतिक हिंसामात्र नभई द्वन्द्व समापन भएयताको आपराधिक गतिविधि तथा अन्तर व्यक्ति हिंसालाई पनि सन्दर्भमा लिएको छ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)[३४] द्वारा प्रकाशित वार्षिक प्रतिवेदन मानवाधिकार वर्षपुस्तकका अनुसार २०६४ यता हिंसाका घटनाहरू घट्दै गइरहेका छन्। यद्यपि गृहयुद्धका बेला अपहरणको घटनामा अत्यन्तै वृद्धि भएको पाइन्छ।

**चित्र २** हिंसाका हरेक घटनाको प्रवृत्ति, २०६४-६८




**स्रोत:** इन्सेक (२०६४, २०६५, २०६६, २०६७, २०६८क र २०६९क)

२०६१ सालमा घटनाको संख्या ३२ हजार ८ सय ५७ पुगेको थियो (इन्सेक, २०६३, पृष्ठ १)।[३५] माओवादी छापामारमा जबरजस्ती भर्ती गर्ने कार्यले अपहरणको परिमाण ह्वात्तै वृद्धि भएको हो (म्याकोर्स, २०६८)।[३६] २०६३ सालमा शान्ति सम्झौता भएपछि नाटकीय ढंगले अपहरणको संख्या घट्न थाल्यो। युद्ध तथा द्वन्द्वका चरणका सम्बन्धमा जानकारी राख्ने केही विद्वानहरूका अनुसार द्वन्द्वको समापनलगत्तै अभिलेखमा राखिएका अपहरणको दरमा ठूलो कमी आएको २०६४ र २०६६ का अभिलेखले पुष्टि गर्दछन् (भ्यालेन्टे, २०६८, पृष्ठ ८)। इन्सेकको तथ्यांकअनुसार २०६४ देखि २०६७ सम्म अपहरणको संख्यामा झण्डै ९० प्रतिशतले र संयुक्त राष्ट्रसंघको तथ्यांक (युएनएनआइपी) का अनुसार ८५ प्रतिशतभन्दा बढीले कमी आएको छ।

चित्र २ ले देखाएअनुसार कुटपिटको संख्यामा पनि सशस्त्र द्वन्द्व र त्यसपछिको समयलाई हेर्दा कमी आएको देखिन्छ। २०६५ देखि २०६८ सम्मको आँकडा हेर्दा यस संख्यामा करिब ७० प्रतिशतले कमी आएको पाइन्छ। सोही अवधिमा धम्कीको घटनामा पनि झण्डै ८५ प्रतिशतले कमी आयो। २०६७ र २०६८ बीचको अभिलेख अनुसार यो संख्यामा स्वात्तै कमी आएको देखिन्छ। अन्य सूचकहरूमा भन्दा घाइते हुनेहरूको संख्यामा निकै उतारचढाव आयो।

२०६४-६५[३७] मा यसको संख्यामा ठूलै वृद्धि भयो भने २०६५-६६ मा स्वात्तै कमी आयो । तर, २०६६ र ६७ मा केही वृद्धि भयो भने २०६८ मा फेरि धम्कीको संख्या घट्यो ।

अन्य प्रकारका हिंसाको तुलनामा अभिलेखमा राखिएका हत्या वा सुनियोजित आम नरसंहारको परिमाण निकै विस्तारै घट्ने गरेको पाइयो । यसको संख्या ७० देखि ९० प्रतिशत घट्यो । तर, २०६४ देखि २०६८ सम्ममा यसको संख्यामा झण्डै एकतिहाईले कमी आई ५ सय ४५ बाट ३ सय ७७ मा झऱ्यो ।[३८]

द्वन्द्व चरम विन्दुमा पुगेपछि लामो समयपछिको अध्ययनबाट २०५९ मा हत्याको संख्या सबैभन्दा माथि पुगेको र यो क्रम २०६१ मा पुनः दोहोरिएको जनाइएको छ (चित्र ३ हेर्नुहोस् ) । २०६४ सालयता यस संख्यामा कमी आयो तर यो संख्या २०५३-५४ को दरको तुलनामा उच्च रह्यो । द्वन्द्वपछिको अवस्थामा यही अपेक्षा रहेको पनि थियो । तर एक दशक लामो द्वन्द्वपछि पनि हिंसाका घटना भने रोकिएनन्, केवल त्यसको चरित्र भने बदलियो- प्रायशः हत्या अन्तर-व्यक्ति हिंसाको परिणामका रूपमा हुनथाल्यो ।[३९] सञ्चार माधयमले घरेलु हिंसा, सशस्त्र समूह बीचको भिडन्त र निजी विवादको परिप्रेक्ष्यमा हत्याको रिपोर्टिङ गरेको पाइन्छ (स्मल आर्मस र इह्रिकन, प्रकाशोन्मुख) । सुनियोजित हत्याको उदाहरणका रूपमा २०६९ को असोजमा सर्वोच्च अदालतका एक न्यायाधीशको हत्या,[४०] २०६७ मा एक चर्चित व्यापारी[४१] र थुप्रै पत्रकारहरूको[४२] हत्याको घटना पनि राष्ट्रिय सञ्चारमाध्यममा प्रमुख समाचार बन्यो ।

**चित्र ३** हत्याको परिमाण, २०५३-२०६८




**स्रोतः** इन्सेक (२०६५, २०६६, २०६७, २०६८क र २०६८क)

इन्सेकको तथ्यांकले द्वन्द्वको समाप्तिसँगै सामान्यतया हिंसा घटेको देखाएपनि सर्वेक्षणमा सरिक व्यक्तिहरूले सञ्चालित सम्पत्ति सम्बन्धी अपराध जस्तै चोरी र पाकेटमार्ने र बढ्दो धम्कीको भयबारे चिन्ता जारी रहेको संकेत गऱ्यो (चित्र ४ हेर्नुहोस्) ।

**चित्र ४ हिंसाका प्रमुख प्रकारको घरधुरी अवधारणा, २०६४-२०६८**




**टिपोटः***तथ्यांक प्राप्त नभएको । २०६४ र २०६५ को स्याम्पल साइजः संख्या ३,०१०, २०६६ का लागि संख्या ३,०२५, २०६७ का लागि संख्या ३,०१६ र २०६८ का लागि संख्या ३,०४८ । 'तपाईंको क्षेत्रमा हुने हिंसाका प्रमुख घटना कस्ता छन् ?' भन्ने प्रश्नको जबाफमा सहभागीहरूले बहुविकल्पका आधारमा जबाफ दिएका छन्, तर सम्पूर्ण जबाफ यस ग्राफमा समेटिएको छैन ।
**स्रोतः** आईडीए र सेफरवर्ल्ड (२०६५, २०६६, २०६७ र २०६८क), आईडीए र स्मल आर्मस सर्वे (२०६८) ।

इन्सेकको तथ्यांकले २०६४ देखि अपहरणको दर[४३] नाटकीय ढंगले घटेको जनाए तापनि (चित्र २ हेर्नुहोस्) २०६४ देखि २०६८ सम्म यस प्रकारको अपराधलाई सुरक्षाको प्रमुख चिन्ताका रूपमा नेपालीले लिएको पाइयो । यस चिन्ताको प्रतिशत भने पूर्णतया स्थिर रह्यो । अपेक्षा र वास्तविकताबीच अन्तर भने देखियो । यो अन्तर २०६७ देखि २०६८ सम्म घट्दै गएको पाइयो । राजनीतिक अस्थिरताले अन्तर-व्यक्ति हिंसाका पीडकहरूलाई कारबाही गर्ने र आमनागरिकको जीवन सुरक्षित बनाउने दिशामा आधिकारिक निकायहरूलाई सक्रिय राख्न तथा दोषीलाई आर्थिक विकास रोक्ने जिम्मेवार व्यक्तिका रूपमा लिनबाट  निरुत्साहित गर्दछ (एशिया फाउण्डेसन, २०६८, एचआरडब्लु २०६९) ।

## अपराध र हिंसाका परिचालक

२०६४ देखि २०६८ सम्मको सर्वेक्षण तथ्यांकले असुरक्षा, अपराध र हिंसा तथा आर्थिक कारणबीच निरन्तर सम्बन्ध रहेको पक्षमा जोड दिएको छ (चित्र ५ हेर्नुहोस्) । सहभागीहरूलाई उनीहरूको क्षेत्रमा अपराध र हिंसाको प्रमुख कारणहरू पहिल्याउन सोधिएको प्रश्नको जबाफमा, सर्वेक्षणमा सरिक व्यक्तिहरूले लाभदायक रोजगारीका अवसरहरूको अभाव र गरिबीलाई औंल्याएका छन् (आईडीए र सेफरवर्ल्ड, २०६६, आईडीए तथा स्मल आर्मस सर्वे, २०६९) ।

**चित्र ५ महसुस गरिएका अपराध र हिंसाका मुख्य कारणहरू २०६५-६८**




**टिपोटः** २०६५ सालका लागि संख्या ३,०१०, २०६६ का लागि संख्या ३,०२५, २०६७ का लागि संख्या ३,०१६ र २०६८ का लागि संख्या ३,०४८। सहभागीले 'तपाईंको क्षेत्रमा हुने अपराध र हिंसाका मुख्य कारणहरू के हुन् ?' भनी सोधिएको प्रश्नको जवाफ बहुविकल्पयुक्त प्रावधानअनुसार दिएका छन्। २०६८ मा १९ प्रतिशत (र( १.३९ प्रतिशत) ले 'लागूऔषध' अपराध र हिंसाको मुख्य कारण भएको बताए।
**स्रोतः** आईडीए र सेफरवर्ल्ड (२०६६, २०६७, २०६८क), स्मल आर्मस सर्वे र आईडीए (२०६९)।

प्रतिव्यक्ति कुल ग्रार्हस्थ उत्पादनको वरियताक्रममा निरन्तर पुछारमा रहँदै आएको नेपालले लामो समयदेखि  गरिबी, कुपोषण र निम्न स्तरको जीवन मापदण्डसँग संघर्ष गर्नुपरेको छ (विश्व बैंक, एनडी)। २०६८ मा चार जनामध्ये एक जना नेपाली निरपेक्ष गरिबीको रेखामुनि रहेका थिए। अधिकांशले स्वीकार्य जीवनको मापदण्डका लागि आवश्यक न्यूनतम सामग्रीहरू उपभोग गर्न असमर्थ रहेकाले तिनीहरू आर्थिक असुरक्षाको घेराबन्दीमा परे (सीबीएस, २०६८सी, युएनसीटीएन, २०६८, पृष्ठ १२)। सर्वेक्षणमा सम्मिलित व्यक्तिहरूले स्पष्टतः निरन्तर रूपमा गरिबी र बेरोजगारीलाई अपराध र हिंसाको प्रमुख सञ्चालक माने (चित्र ५ हेर्नुहोस्)।[४४] सरकारी तथ्यांकले देशको गरिबीको दरमा विस्तारै सुधार आइरहेको औंल्याए पनि अवस्था अझैं विकराल नै छ (सिविएस, २०६८सी)। वि.सं. २०१२-२०५३ सालमा ४० प्रतिशतभन्दा बढी नेपाली गरिबीको रेखामुनि रहेको अनुमान गरिएको थियो (सिविएस, २०६८सी, पृष्ठ २३) रहेको अनुमान गरिएको थियो। गरिबीको समष्टिगत गिरावट निरन्तर असमान ढंगले अघि बढेको छ। सम्पूर्ण आयको ४१ प्रतिशत अझै जनसंख्याको माथिल्लो समुदाय जसको प्रतिशत २० रहेको छ, को हातमा छ। २०६० मा सम्पूर्ण आयको ४१ प्रतिशत जनसंख्याको यही माथिल्लो २० प्रतिशतको हातमा थियो भने २०६० मा सम्पूर्ण आय ५१ प्रतिशत थियो (विश्व बैंक)।

नेपालमा आर्थिक अवस्थाहरूको सशस्त्र हिंसासँग प्रत्यक्ष सम्बन्ध छ। श्रमिकहरू विशेषगरी उत्पादन चक्रमा हुने हिंसात्मक अवरोधको खतरामा छन्। जसबाट विशेषतः अधिकांश नेपालीसँग निश्चित श्रम सम्झौता नभएकाले तिनीहरू तलव र संविधानहरूबाट वञ्चित हुने गरेका छन्। त्यसले तिनीहरू विदेशबाट आउने विप्रेषणमा निर्भर रहनुपरेको छ (आचार्य  र लियोन-गोन्जालेज, २०६९, पृष्ठ १)। चोरी तथा अन्य सम्पत्ति सम्बन्धी अपराधका कारण थुप्रै परिवारको आर्थिक भविष्य थप विग्रन पुगेको छ।

गरिबीको दरमा आएको केही सुधारलाई प्रतिविम्वित गर्दै २०६८ को सर्वेक्षणमा सम्मिलित व्यक्तिहरूले राष्ट्रमा हिंसाको प्रमुख सञ्चालक गरिबीभन्दा बढी बेरोजगारीलाई औंल्याएका थिए (चित्र ५ हेर्नुहोस्) । यद्यपि त्यो वर्ष औपचारिक रूपमै बेरोजगारीको दर करिब २ प्रतिशत घोषित नै थियो (सिविएस २०६८ख, श्रृंखला २, पृष्ठ २) । रोजगारीको समस्या धेरै बढी अर्थात् करिब ८० प्रतिशत रहेको बताइए तापनि वास्तवमा २०५५ यता सरकारले गरिबीको तथ्यांकमा अलि परिवर्तन आएको जनाएको थियो (आइएलओ, २०६८, पृष्ठ २४ र २६) । जेहोस्, अन्य स्रोतहरूले बेरोजगारीको दरलाई २० देखि ४६ प्रतिशतको बीचमा राखेका छन् (खनाल, २०६८, सिआईए) । बेरोजगारीको तथ्यांक विवादास्पद हुनसक्छ, बेरोजगारको संख्या स्पष्ट रूपमा बढी छ ।[४५] जनसंख्याको ३० प्रतिशतभन्दा बढी व्यक्ति प्रतिहप्ता १९ घण्टाभन्दा कम समय काम गरिरहका छन् । २०६१ को स्थितिसँग तुलना गर्दा यो ७ प्रतिशतले बढी छ (सिविएस, २०६८ख, श्रृंखला ११, पृष्ठ ५५) । अझै कम उमेरका मानिसहरू वयस्कहरूजस्तै रोजगार नहुने सम्भावना दोब्बर छ, २०६५ मा शहरी क्षेत्रहरूमा सात युवामध्ये झण्डै एकजना बेरोजगार थिए (आइएलओ, २०६७, पृष्ठ २६) ।

सर्वेक्षणमा सम्मिलित थुप्रै व्यक्तिहरू र लक्षित समूहमा सहभागीहरूले नेपालमा अपराध र हिंसाका प्रमुख सञ्चालकहरूमा गरिबी र बेरोजगारी लगायत शिक्षाको अभाव पनि भएको बताए । शिक्षाको अभावमा व्यक्ति सामाजिक बहिष्करणको शिकार हुने सम्भावना बढ्छ । सामाजिक र आर्थिक हैसियतले नै शिक्षाको पहुँचको निर्धारण गर्दछ । शिक्षा आर्थिक सम्पन्नताको भविष्यवाणीकर्ताको रूपमा पनि रहेको छ । नेपालमा शिक्षितहरूले नेतृत्व गरिएका परिवारको तुलनामा अशिक्षितहरूले नेतृत्व गरेका परिवारहरू गरिब हुने सम्भावना झण्डै पाँच गुणा बढी रहेको देखिन्छ (आइएलओ, २०६७, सिविएस, २०६८ग, पृष्ठ २१) । द्वन्द्वकालमा बारम्बार स्कूले बालबालिका र शिक्षकहरूमाथि लक्षित गरिने भएकाले माओवादी विद्रोहले शिक्षाको पहुँचमाथि नराम्रो प्रभाव पार्‍यो (एचआरडब्लु, २०६८) । द्वन्द्वपछिको अवधिमा शिक्षा प्रणालीका असमानताहरू सुधार्ने र उपेक्षित वर्गलाई शिक्षाको पहुँचमा वृद्धि गर्ने हिंसात्मक अभियानको क्रममा विद्यालयहरू निरन्तर आक्रमणको मारमा परे ।[४६]

२०६५-६८ सम्म गरिएका सर्वेक्षणमा सरिक व्यक्तिहरूले द्वन्द्वपछिको अवधिमा हिंसाको अर्को प्रमुख सञ्चालक कारण 'अत्यधिक मदिरा सेवन' भनेका छन् (चित्र ५ हेर्नुहोस्) । जहींतहीं मदिरा सर्वसुलभ हुने भएकाले सर्वसाधारणहरूका लागि पनि रक्सीको अत्यधिक उपभोगको सम्भावना बढ्छ ।[४७] रक्सी उत्पादनकर्ताहरूसँग आवद्ध शक्तिशाली प्रचारक समूहहरू र खुद्रा विक्रेताहरूले पनि रक्सी दुर्व्यसनको स्थिति ल्याउन योगदान दिन्छन् । साथै, ठूलो संख्यामा मानिसहरूको स्वास्थ्यमा नकारात्मक असर पार्ने अत्यधिक रक्सी सेवनले सामाजिक विकृतिहरू जस्तै घरलु हिंसामा वृद्धि गर्दछ, यो गरिबीको दृष्परिणाम पनि हो (एआरभी, नेपाल, २०६८) ।

## निष्कर्ष

सामान्यतः रानजीतिक अस्थिरताको परिप्रेक्षमा द्वन्द्वको समाप्तिसँगै नेपालमा हिंसा घट्दै गइरहेको देखिन्छ । तथ्यांकले सुरक्षाको परिदृश्यमा थुप्रै सुधारहरू भएको देखाए पनि नेपाल निरन्तर राजनीतिक वा जातीय समस्याहरूसँग सम्बन्धित उच्च अस्थिरता र अनिश्चितताबाट ग्रस्त रहेको छ । राजनीतिक घटनाक्रमले निरन्तर रूपमा प्रजातन्त्रतर्फ अग्रसर अवस्थालाई निरन्तर अवरोध पुऱ्याइरहेको देखिएको छ । यद्यपि हिंसात्मक घटनाहरूबारे प्राप्त तथ्यांकले २०६४ सालयता सुरक्षा अवस्थामा सुधार आएको देखाउँछ ।

राजनीतिक अस्थिरताको साथसाथै सर्वेक्षणमा सहभागीहरू अपराध र हिंसालाई गरिबी, बेरोजगारी, शिक्षाको अभाव र अत्याधिक रक्सीको उपभोगसँग जोड्छन् । पीडित र पीडकहरूको रूपरेखा क्षेत्रगतरूपमा फरक रहेपनि वर्षौंदेखि सामान्यतः त्यो अवस्था स्थिर रहेको सर्वेक्षणको तथ्यांकले देखाएको छ ।

# ३. बचावट, सुरक्षा र पीडा

## नेपालमा (अ)सुरक्षाको परिभाषा

लामो समयदेखि परम्परागत रूपमा सुरक्षालाई 'राष्ट्रिय सुरक्षा'को रूपमा व्याख्या गरिँदै आएको परिभाषामा, भौतिक, आर्थिक, खाद्यान्न, राजनीतिक र स्वास्थ सुरक्षासमेत सम्मिलित 'मानव सुरक्षा' लाई पनि जोडिएको छ (टादजवाख्स र चेनोय, २०६४, क्राउज)। यही क्रममा हालै संयुक्त राष्ट्रसंघको अध्ययनले गरिबीको दर, आर्थिक स्रोतको विवरण, शिक्षा, ज्ञान[४८] र स्वाथमा[४९] पहुँच आर्थिक र राजनीतिक लगायत सांस्कृतिक[५०] क्षेत्रको सहभागिताबाट वञ्चित र व्यक्तिको भौतिक र कानुन[५१] दुवैमा संरक्षणजस्ता मानव विकास स्तरको मूल्यांकन गरी वृहत् मानव सुरक्षासम्बन्धी पक्षहरूलाई सम्बोधन गर्न 'नाजुक' शब्दको प्रयोग गरेको छ।

नेपालले लामो समयदेखि 'नाजुक' अवस्थाको प्रदर्शन गर्दै आएको छ। गहन राजनीतिक अनिश्चितताहरू जस्तै नाजुक सत्ता गठवन्धन, सत्तामा आउनु र अमिल्दो राजनीतिक वार्ताहरू[५२] हुनुजस्ता घटनाले अवरोध पुगेको छ, देश निरन्तर गरिबी र कुपोषणको मारमा पनि परेको छ। ४० प्रतिशतभन्दा बढी नेपाली कुपोषणग्रस्त छन् (सिविएस, २०६८ग, डब्लुएफपी, एनडी)। असुरक्षा अविकसित अवस्थासँग पनि सम्बन्धित छ। यी दुईबीचको आपसी सम्बन्ध अनुसार सशस्त्र हिंसाले विकासशील स्थितिलाई ओझेलमा पार्छ र विकासशील स्थितिले प्रायसः हिंसालाई सशक्त पार्दछ, सम्पूर्ण मानव सुरक्षालाई सुधार गर्न भौतिक हिंसाको विशेषता, विस्तार र वृहत् आकारलाई बुझ्नुपर्दछ (जेनेभा घोषणापत्र सचिवालय, २०६८, पृष्ठ १४५)

## भौतिक सुरक्षाको धारणा

२०६८ मा थुप्रै सकारात्मक राजनीतिक विकासका घटना भए। २०६४ मा नेपालस्थित संयुक्त राष्ट्रसंघको मिसनले दर्ता गरेको ३ हजार ४ सय थानभन्दा बढी हतियारको कन्टेनर माओवादीले बुझायो, दोहोरो सुरक्षा अभ्यास अन्त्य भयो जस अन्तर्गत एकीकृत नेपाल कम्युनिस्ट पार्टी माओवादी (युसिपिएनएम)का[५३] नेताहरूलाई सरकारी सुरक्षा फौज र जनमुक्ति सेनाका लडाकुहरूले निजी सुरक्षा प्रदान गर्दै आएका थिए र संविधान निर्माण गर्ने कार्यमा अलिकति प्रगति भयो (एसएटीपी, २०६८)। यी सकारात्मक कदमहरूकै कारण सर्वेक्षणमा सम्मिलित व्यक्तिहरू आफ्नो भौतिक सुरक्षाप्रति सापेक्षिक रूपमा विश्वस्त देखिएका थिए।

तालिका १ मा देखिएझैं तीमध्ये अधिकांशले बालबालिकालाई बजार वा विद्यालय पठाउँदा वा दैनिक क्रियाकलापमा लगाउँदा सुरक्षित महसुस गरेको बताएका थिए। तर तिनीहरूले विषेशगरी

बाहिर हिडडुल गर्दा रातिभन्दा दिउँसो सढी सुरक्षित भएको बताए । स्पष्ट रूपमा तिनीहरूमध्ये ५० प्रतिशतभन्दा बढीले बन्द र राजनीतिक आन्दोलन चलेका वखत घरबाहिर केही असुरक्षित महसुस गरेको बताए (बक्स २ हेर्नुहोस्) । यस लक्ष्यले राजनीतिक स्थिरता र व्यक्ति विशेषको सुरक्षा धारणाबीचको सम्बन्धलाई महत्व दिन्छ ।

**तालिका १** महसुस गरिएको सुरक्षा स्तर, २०६८

| अवस्था | सर्वेक्षणमा सम्मिलितहरूको प्रतिशत | | | |
|---|---|---|---|---|
| | धेरै असुरक्षित | केही मात्रामा असुरक्षित | केही मात्रामा सुरक्षित | धेरै असुरक्षित |
| दिउँसो घरबाहिर हिडडुल गर्दा | ३% | १३% | ४९% | ३५% |
| राति घरबाहिर हिड्दा | ४% | ३२% | ४६% | १८% |
| दिउँसो घरभित्र बस्दा | २% | ७% | ४०% | ५१% |
| राति घरभित्र बस्दा | १% | १२% | ५१% | ३६% |
| दिउँसो एक्लै घरबाट बजारतर्फ जाँदा | १% | १६% | ५७% | २६% |
| दिउँसो बजार क्षेत्रमा हिडडुल गर्दा | १% | १२% | ५९% | २८% |
| दिउँसो जंगल वा खेतबारीमा जनावरहरूका लागि घाँसपात लिन जाँदा* | २% | २२% | २१% | ७५ |
| बालबालिकालाई विद्यालय आवत-जावत गराउँदा** | ४% | २१% | ४१% | २८% |
| धार्मिक पर्व र मेलाको बेला घरबाहिर हिडडुल गर्दा | १% | २३% | ५२% | २३% |
| राष्ट्रिय विदाहरूको बेला घरबाहिर हिडडुल गर्दा | १% | ९% | ५३% | २५% |
| राजनीतिक आन्दोलनको बेला घरबाहिर हिडडुल गर्दा | १४% | ४०% | २५% | १३% |
| बन्दको बेला घरबाहिर हिडडुल गर्दा | १८% | ३८% | २४% | १३% |

**टिपोटः** संख्या ३,०४८ । सहभागीहरूलाई 'यस्तो अवस्थामा सुरक्षाको कस्तो महसुस गर्नुहुन्छ ?' भनी सोधिएको थियो ।
*यस प्रश्नको जबाफमा ४४ प्रतिशतले 'आफूलाई लागु नहुने' बताए ।
**यस प्रश्नले आफ्ना बालबालिका विद्यालय जाँदा-आउँदा अभिभावकहरूले कत्तिको सुरक्षित महसुस गर्छन् भन्ने बुझाउँछ ।
**स्रोतः** आईडीए र स्मल आर्मस सर्वे, २०६८

**बक्स २** बन्दबारे निकट अवलोकन

२०६८ को सुरुका ८ महिनाभित्र नेपालमा १ सयभन्दा बढी बन्द भएको अभिलेख छ (हिमाल, साउथएसिया, २०६८) । संविधान सभाको अन्तिम म्याद तोकिएको सो वर्षको भदौसम्म ६२ वटा जिल्ला बन्दबाट प्रभावित रहेका थिए (चित्र ७ हेर्नुहोस्) ।

प्रायशः बन्द-आह्वान कर्ताहरूले हिंसात्मक ढंगले जवर्जस्ती बन्द गराउने गरेका छन् । तिनीहरू बन्दका विरोधीमाथि कुनै पनि गतिविधि गर्न पछि पर्दैनन् । तिनीहरू सडकमै तैनाथ भएर गाडी वा भवनको तोडफोड गर्न, डरधम्की दिन, हस्तक्षेप र शारीरिक आक्रमणजस्ता घातक कार्य गर्न उद्दत हुन्छन् ।[५४] यद्यपि नेपालीहरू यस्ता घटनाप्रति अभ्यस्त भइसकेका छन् । तिनीहरूले बन्दको अझै विरोध गर्न सकेका छैनन् । एक अन्तर्वार्तामा सुनसरीकी एक माथिल्लो जातकी महिलाले भनिन्, 'बन्दको बेला मानिसहरू काम गर्न सक्दैनन्, बन्दको संख्या घटाउन सकिए श्रमजीवी वर्गलाई फाइदा पुग्थ्यो ।

**चित्र ६** सुरक्षा अवस्थामा भएको परिवर्तनको महसुस २०६७-२०६८




**टिपोटः** २०६७ का लागि संख्या ३०१० र २०६८ का लागि संख्या ३,०४८
**स्रोतः** आईडीए र सेफरवर्ल्ड (२०६८, पृष्ठ २१) आईडीए र स्मल आर्मस सर्वे (२०६९) ।

'२०६६-२०६७ को १२ महिनामा सुरक्षा अवस्था सुधार देखियो ?' भनी सोधिएको प्रश्नको जबाफमा झण्डै तीन तिहाई व्यक्तिले सामान्य सुधार आएको संकेत दिए भने ७ प्रतिशतले स्थिति खराब भएको बताए (चित्र ६ हेर्नुहोस्) । अर्को वर्ष २०६७-६८ मा सुरक्षा स्थितिमा सुधार आएको बताउनेहरू बढे, सुरक्षाको स्थिति खराब हुँदै गयो भन्नेहरू केबल ३ प्रतिशत मात्र थिए जबकि सुरक्षा स्थितिको विकास भयो भन्ने व्यक्तिहरूको प्रतिशत बढेर २६ पुगेको थियो ।

यस अतिरिक्त, सर्वेक्षणमा सम्मिलित ९४ प्रतिशत व्यक्तिले आगामी वर्ष आफूहरू हिंसा र अपराधको शिकार नहुने कुरामा विश्वस्त रहेको बताए (आईडीए र स्मल आर्मस सर्वे, २०६९) । केवल ४ प्रतिशतले मात्र आफूहरू वा आफ्ना परिवारको सदस्य आगामी वर्ष पनि पीडित बन्नसक्ने सम्भावना रहेको बताए । २०६४ र २०६६ को तुलनामा असुरक्षा घटेको देखिन्छ ।

**चित्र ७ बन्दबाट प्रभावित जिल्लाहरू २०६७-०६८**




**स्रोतः** आरसिएचसिओ २०६७-०६८

त्यतिबेला करिब ४० प्रतिशत र ३० प्रतिशतभन्दा बढीले क्रमसः यस्तो सन्त्रास व्यक्त गरेका थिए ( आईडीए र सेफरवर्ल्ड २०६८, पृष्ठ १८) ।

प्रहरी गस्तीमा र समुदायमा आपसी सद्भावको स्तरमा आएको उच्च वृद्धिलाई उजागर गर्दै लक्षित समूहहरूका सहभागीहरू र सर्वेक्षणमा अन्तर्वार्ता दिनेहरू दुवैले सुरक्षा स्थितिमा सुधार भइरहेको विचार व्यक्त गरे । कास्कीका एक व्यक्तिले भने 'यहाँको सुरक्षा स्थिति राम्रो छ र यहाँ अहिलेसम्म कुनै अप्रिय घटना घटेको छैन । हामी सन्त्रासमा बाँचिरहका छैनौं ।' अन्तर्वार्तादिने थुप्रै सहभागीहरूले ठूलो र साना परिमाणका हिंसालाई छुट्याए । यस सम्बन्धमा चितवनकी एक महिलाले भनिन्, 'यहाँ बालबालिका, बालीनाली, चौपायाका विषयलाई लिएर छिमेकीहरूबीच झगडा भइरहन्छन् । तर यी साधारण विषय हुन् । डर, धम्की, हिंसात्मक भिडन्त र ठूला विवादहरू यहाँ हुने गरेका छैनन् ।' धनुषाका केही नागरिक समाज यसबारे यसरी फरक मत राख्छन् 'सुरक्षाको अवस्था सतही रूपमा मात्र सुधार भएको हो, मानिसहरू वास्तवमा आफ्नो समुदायमा हुने केही निश्चित स्तरका अपराधसँग मात्र परिचित छन् ।' तिनीहरू असुरक्षामा आएको कमीको महसुस गर्नुभन्दा पनि अपराध संस्थागत भइरहेकोमा गुनासो गर्छन् ।

नागरिकको जनजीवनमा भौतिक सुरक्षाको अनुभूति बढेको भएपनि वृहत् मानव सुरक्षा परिदृश्य अझै निरासाजनक रहेको छ । त्यसैले लक्षित समूहका सहभागीहरूले आर्थिक असुरक्षा, स्वास्थ्य खतरा र दण्डहीनता भौतिक सुरक्षामाथिका प्रमुख चिन्ताका विषय बताएका छन् । एक गाउँलेले आर्थिक सुरक्षालाई क्षति पुग्नेगरी भौतिक सुरक्षालाई अत्यधिक प्राथमिका दिइएकोमा चिन्ता प्रकट गरेका छन् ।

## पीडाः हिंसा र परिमाण

एक दशक लामो द्वन्द्वको समाप्तियता[५५] पनि घातक हिंसाका घटनाहरू सञ्चार माध्यमको प्रमुख समाचार बनेका छन् । तरपनि तुलनात्मक रूपमा पीडितको संख्या घटेको छ । सर्वेक्षणमा सम्मिलित व्यक्तिहरूमध्ये १३४ ले मात्र २०६४-०६८ बीच आफूहरूमाथि भौतिक रूपमा आक्रोश पोखिएको, आक्रमण गरिएको वा धम्की दिइएको बताएका छन् । तीमध्ये पनि एक तिहाईभन्दा कम व्यक्तिले ती घटना सर्वेक्षणको १२ महिनाको अवधिभित्र घटेको बताए । यस तथ्यले २०६७ को सर्वेक्षणबाट प्राप्त तथ्यांकको तुलनामा यस्ता घटनामा उल्लेखनीय कमी आएको देखाउँछ । २०६७ को सर्वेक्षणले त्यसमा संलग्न ८ प्रतिशत व्यक्ति वा तिनीहरूका परिवारका सदस्यहरूमाथि शारीरिक आक्रमण भएको देखाएको थियो (आईडीए र सेफरवर्ल्ड, २०६८, पृष्ठ १७) । एकै स्थानमा थुप्रै हिंसात्मक घटनाहरू घटेको भने देखिंदैन, यद्यपि तराईका थुप्रै जिल्लाहरू जस्तै बाँके, धनुषा, कैलाली, मोरङ र सुनसरीमा थुप्रै व्यक्तिहरू हिंसाको शिकार भएको र जिल्लाका ७ देखि १६ प्रतिशत जनसंख्या प्रभावित भएको सर्वेक्षणले देखाएको छ (नक्सा २ हेर्नुहोस्) ।

धनुषा र धनकुटामा भएका लक्षित समूहको छलफलमा अधिकांश सहभागीले अपराध वा हिंसासँगको अप्रत्यक्ष अनुभव रहेको बताए । अर्थात्, तिनीहरूले त्यस्ता घटना आफैले प्रत्यक्ष भोग्नुको सट्टा 'देखेको' वा 'सुनेको' वा सञ्चारमाध्यममार्फत थाहा पाएको बताए । यी दुई जिल्लामा अन्य क्षेत्रको तुलनामा बढी मात्रामा हिंसा र अपराधको घटना घटेको देखाउँछ । यी प्रतिक्रियाहरूले सहभागीहरू हिंसाका केही स्वरूपबारे बताउन इच्छुक नभएको संकेत दिन्छ । पीडितहरू डर-धम्कीका घटना स्वयम् अग्रसर भएर सार्वजनिक गरे वा प्रहरीलाई सूचना दिइयो भने आक्रमण हुनसक्छ भनेर प्रायः डराउँछन् । अन्तर्वार्तामा सहभागी व्यक्तिहरूले प्रत्यक्ष हिंसामा परेको वा अपराधको शिकार भएको खुलासा गर्न चाहेनन् । यस सम्बन्धमा सोधिएका प्रश्नको जबाफ दिन सामान्य अविश्वास प्रकट गरे । तीमध्ये एक जना अन्तर्वार्ता दिने व्यक्तिले टिप्पणी गरे, 'मेरो विचारमा, कसैले पनि यस प्रश्नको जबाफ खुला रूपमा दिंदैन, किनभने पहिलादेखि त्रासमा त बस्नुपरेकै छ, थप धम्की पाउने काम किन गर्ने ।'

सर्वेक्षणमा सरिकहरूले ५ प्रतिशतभन्दा कमले मात्र आफ्नो परिवारका केही व्यक्ति हिंसाको शिकार भएको बताए । एक प्रतिशतभन्दा बढीले परिवारका व्यक्ति घाइते भएको बताए, जबकि १ दशमलव ५ प्रतिशतभन्दा कमले मात्र कोही मारिएको जानकारी दिए (चित्र ८ हेर्नुहोस्) । २०६६ को श्रृंखलावद्ध हिंसा सम्बन्धी अध्ययनले २३ प्रतिशत चोटपटक सडक दुर्घटना भएर वा लड्ने-खस्नेजस्ता कारणले भएको पत्ता लगाएको छ (एनएचआरसि २०६६, पृष्ठ १४) ।

नक्सा २  आफू पीडित भएको बताउने सहभागीहरूको प्रतिशत, २०६४ देखि २०६८ सम्म, जिल्लाको आधार




**टिपोटः** सहभागीहरूले आफ्नो र परिवारका सदस्यहरूको तर्फबाट प्रश्नको जवाफ दिएका थिए ।

**स्रोतः** आईडीए र स्मल आर्मस सर्वे (२०६९) ।

**चित्र ८** ले २०६८ मा व्यक्तिगत वा परिवारका कुनै सदस्य हिंसा वा अपराधको शिकार भएको सम्वन्धमा प्रतिक्रिया जनाउनेहरूको प्रतिशत देखाउँछ :




**टिपोटः** सर्वेक्षणमा सहभागी ३,०४८ मध्ये १३४ जनाले आफू वा आफ्नो परिवारको सदस्य पीडाको शिकार भएको बताए भने २,९०८ जनाले पीडा भोग्नु नपरेको जनाए, जबकि ६ जनाले प्रश्नको जबाफ दिएनन् । स्रोतः आईडीए र स्मल आर्मस सर्वे (२०६९) ।

## सामाजिक-आर्थिक क्षेत्रगत सम्वन्ध

नेपालमा सामाजिक-आर्थिक विषयहरूले वृहत् जोखिमको क्षेत्रसँग प्रत्यक्ष सरोकार राख्छन् । विशेषतः गरिबीले सामाजिक पछौटेपन र परिवारको आकार बढाउँछ र शिक्षाको स्तर बढ्दा यो स्थिति घट्दछ ।[५७] प्राप्त थप तथ्यले परिवार जति गरिब बन्छ त्यति नै त्यसका सदस्यहरूले भौतिक असुरक्षा अनुभव गर्ने सम्भावना वृद्धि हुने देखाउँछ ।[५८] माथि चित्र ५ का साथ गरिएको व्याख्याअनुसार अधिकांश बेरोजगारी (४२ प्रतिशत) र गरिबी (३७ प्रतिशत) हिंसाको परिणाम बन्न पुगेको छ ।[५९] सर्वेक्षणले स्थानीय क्षेत्रमा अपराध र हिंसा बेरोजकारीका प्रमुख कारण बनेको देखाएको छ, जुन तथ्यहरूलाई लक्षित समूहका सहभागीहरूले पनि स्वीकारेका छन् ।[६०]

नेपालको कुल जनसंख्याको ३० प्रतिशत भन्दा बढी व्यक्ति निरपेक्ष गरिबीको रेखामुनि रहेका छन् (सिविएस, २०६८ग) ।[६१] सुरक्षा कानुनमा गम्भीर रूपमा देखिएका संरचनागत अवरोधहरू एदाहरणका लागि मानव श्रोत र सुविधाहरूको अभाव यस आर्थिक वातावरणको श्रृजना गर्दछ । वीरगञ्जको मधेशी जातका एक व्यक्तिले भने यदि राष्ट्रिय वा अन्तरराष्ट्रिय संस्था सशस्त्र हिंसाको अन्त्य गर्न चाहन्छ भने तिनीहरूले बेरोजगारहरूलाई रोजगार प्रदान गर्नुपर्दछ ।

सर्वेक्षणमा सहभागीमध्ये एक तिहाइभन्दा बढी व्यक्तिले मादक पदार्थलाई हिंसाको प्रमुख कारक मानेका छन् । लक्षित समूहका सहभागीहरूले मादक पदार्थ सेवनलाई घरेलु तथा दाइजोसँग जोडेर हिंसाको कारणका रूपमा व्याख्या गरेका छन् । अनुसन्धानले रक्सी र लागू औषधसँग

सम्बन्धित नशाले मानिसलाई विवेकशून्य र लाजसर्म पचाउने बनाउने भएकाले हिंसाको खतरा बढाउने देखाएको छ (युएनएचसिआर र डब्लुएचओ, २०६५, पृष्ठ ५-६) । विषेशगरी कुनै महिलाको पति वा परिवारको सदस्य रक्सी वा लागू औषधको दुर्व्यसनमा रहेको स्थितिमा त्यस परिवारकी महिला घरेलु हिंसाबाट पीडित हुने खतरा बढ्ने अवस्था छ (एसएआईपिएएल र एफएचडी, २०६९, पृष्ठ ३१) । नेपालमा रक्सी सेवनकर्ताको परिमाण कति छ, यसको दर थाहा हुन सकेको छैन । नेपालमा हेरोइन र अन्य रासायनिक औषधिलगायतका लागू औषध प्रयोगकर्ताको अनुमानित संख्या १ लाख ५० हजार रहेको बताइन्छ, (झा र प्लम्मर २०६९) ।[६२]

द्वन्द्वपछिका प्रारम्भिक वर्ष (२०६४-०६५) मा समुदाय स्तरमा हिंसासँग गरिबी र बेरोजगारीको वृहत् सम्बन्ध रहेपनि सर्वेक्षणमा संलग्न व्यक्तिहरूले आफूहरूसँग सरोकार रहेका हिंसात्मक घटनाहरूको पछाडि राजनीतिक र जातीय अस्थिरताले प्रमुख उत्प्रेरकको काम गरेको बताए (सेफरवर्ल्ड र आईडीए, २०६५, २०६६) ।

जेहोस्, २०६८ को सर्वेक्षणमा संलग्न केही व्यक्तिले जातीय द्वन्द्व र धार्मिक द्वेषलाई हिंसोको कारणका रूपमा इंगित गरे । तिनीहरूले २०६६ मा कपिलवस्तुमा भएको हिन्दु र मुश्लिमबीचको साम्प्रदायिक दंगाजस्ता स्थानीय घटनाहरूलाई उदाहरणका रूपमा अघि सारे । यी प्रतिक्रियाहरूले सामुदायिक स्तरको जातीय विवाद भने समस्याका रूपमा प्रायः नरहेको देखाउँछ । तर, थुप्रै सञ्चार माध्यम र प्राज्ञ प्रतिवेदनहरूले व्यक्त गर्दैआएको जातीय रूपमा परिभाषित सशस्त्र समूहहरूले भौगोलिक स्वायत्तताको माग गर्दै चलाएको आन्दोलन र त्यसले पारेको असर देखाएका छन् (इह्रिकन र स्मल आर्मस सर्वे, प्रकाशोन्मुख, भट्ट र मुर्सेद, २०६६) । सर्वेक्षणमा सहभागी व्यक्तिहरूले राजनीतिक अधिकार र सामुदायिक सद्भावका सम्बन्धमा पर्याप्त चेतना नभएकै कारण विभेदको शिकार हुनुपरेको पनि स्वीकार गरेका छन् । उनीहरूले जातीय वा परिचयसँग सम्बन्धित विषयहरूभन्दा प्रायः छिमेकीहरूबीच कृषिसँग सम्बन्धित व्यावहारिक विषयमा विवाद हुने गरेको बताए । यी प्रतिक्रियाहरूले सामुदायिक हिंसा अराजनीतिक, असंगठित एवं विविधतायुक्त, विकेन्द्रित र एकल प्रकारको रहेको पुष्टि हुन्छ ।

यस अवस्थाको ठीक विपरीत २०६४-०६८ मा देखिएका हिंसात्मक घटनाहरूले राजनीतिक र सैद्धान्तिक मतभेदका कारण हिंसात्मक घटना अधिक भएको देखाए, चोरी र व्यक्तिगत विवादका कारण सिर्जना हुने घटनाको संख्या न्यून देखियो (चित्र ९ हेर्नुहोस्) ।

**चित्र ९** वि.सं. २०६४ देखि २०६८ मा घटेका हिंसात्मक घटनाका पछाडि रहेका प्रमुख उत्प्रेरकहरू




**टिपोटः** हिंसाको शिकार भएको बताउने परिवारको संख्या १३४ ।
**स्रोतः** आईडीए र स्मल आर्मस सर्वे (२०६९) ।

बदला र जग्गा विवाद पनि हिंसात्मक घटनाका उत्प्रेरकका रूपमा देखिए । अर्थतन्त्र प्रमुख रूपमा कृषिमा आधारित हुने राष्ट्रमा अधिकांश व्यक्तिका लागि भूस्वामित्व महत्वपूर्ण हुन्छ (भट्टराई, २०६७, पृष्ठ ७४) । द्वन्द्वको बेला माओवादी र त्यसका समर्थकहरूले जग्गा जफत र भूमिको पुनः वितरण गरेको खबरले तनाब बढाएको थियो । द्वन्द्वपछि त्यस कार्यविरुद्ध न्यायको लागि आवाज उठ्यो (पृष्ठ ८२) । यस अतिरिक्त रिपोर्ट गरिएका हिंसाबाट पीडित व्यक्तिको संख्या न्यून नै रहेकाले सामान्यीकरण गर्न भने गाह्रो हुन्छ ।

## अपराध र हिंसाका मुख्य घटना

सर्वेक्षण अवधि (२०६४-०६८) भित्र कुनै पनि प्रकारको हिंसा र अपराधको शिकार भएको अनुभव आफूले नगरेको सर्वेक्षणमा सम्मिलित अधिकांश व्यक्तिहरूको भनाइ छ । तर, सर्वेक्षणमा सहभागीमध्ये झण्डै ५ प्रतिशतले सर्वेक्षणको पाँच वर्ष लामो अवधिभन्दा अघि भने हिंसा र अपराधबाट शिकार भएको बताए । तिनीहरूमध्ये अधिकांशले आफूहरू डर, धम्की, चोरी, र डकैती (चित्र १० हेर्नुहोस्) बाट पीडित भएको बताए ।

**चित्र १०** वि. सं. २०६४ देखि २०६८ सम्म विभिन्न प्रकारका हिंसात्मक घटनाबारे उजुरी गर्ने सर्वेक्षणमा संलग्न व्यक्तिहरूको प्रतिशत :




**टिपोटः** हिंसात्मक घटनाको जानकारी गराउने घरधुरी संख्या १३४ ।
**स्रोतः** आईडीए र स्मल आर्मस सर्वे (२०६९) ।

सर्वेक्षणमा सम्मिलित झण्डै ५० प्रतिशतले चोरी, डकैती र जग्गा विवादजस्ता सम्पत्ति सम्बन्धी अपराधका कारण समाजमा त्रास कायम रहेको जनाए । सहभागी १७ प्रतिशतले आफूहरू सबैभन्दा बढी डर-धम्कीको हिंसाबाट पीडित हुने सम्भावना रहेको बताए (चित्र ११ हेर्नुहोस्) । अन्य ८ प्रतिशतले परिवारमाथि आक्रमण हुनसक्ने र ७ प्रतिशतले सशस्त्र डकैतीजस्ता गम्भीर अपराध तथा हिंसाका कारण आफूहरू चिन्तित रहेको बताए । लक्षित समूहमा छलफलमा सहभागी हुनेहरूले आफ्नो क्षेत्रमा चोरी र लुटपाटजस्तो घटना सबैभन्दा ठूलो साझा समस्या भएको बताए । सहभागीहरूले विशेष गरी चौपाया वा अन्य मूल्यवान वस्तुहरूको चोरी, डकैती र डर-धम्कीजस्ता अपराधको सम्भावना सबैभन्दा बढी भएको तर घातक हिंसाको सम्भावना न्यून रहेको जनाए ।

अधिकांश सर्वेक्षणमा सम्मिलित व्यक्तिहरूले आफूहरू सम्पत्ति सम्बन्धी अपराधबाट सबैभन्दा बढी त्रसित रहेको बताएको सन्दर्भमा हिंसा र अपराधबाट पीडित जनाउनेको संख्या उल्लेख्य छ । हिंसा र अपराधबाट पीडितमध्ये ४५ प्रतिशतले आफूहरूलाई डर-धम्की दिइएको र हस्तक्षेप गरिएको बताए (चित्र १० हेर्नुहोस्) ।

डर-धम्की विभिन्न तरिकाहरूबाट दिइएको देखिन्छ, स्वभावतः अन्य प्रकारका अपराधसँग पनि यो सम्बन्धित हुन्छ । लक्षित समूहका सहभागीहरूले विशेष गरी डर-धम्कीलाई जवर्जजस्ती पैसा असुल्ने प्रयास वा अपहरणसँग जोडेर हेरेका छन् । अनौपचारिक विधिको प्रयोग गर्दै स्थानीय कार्यालय र सडकका नाकाहरूमा जवर्जस्ती चन्दा वा अवैध कर उठाइने गरिन्छ (कार्टर सेन्टर, २०६८, पृष्ठ १५) । राजनीतिक संरक्षणमा सञ्चालित यस्ता थुप्रै समूहविरुद्ध कुनै औपचारिक अभियोग लगाएको देखिन्न । यसले गर्दा पत्रकार र अन्य व्यक्तिविरुद्ध गरिएका डर-धम्की र हस्तक्षेपका घटनाहरू अनुसन्धानरहित अवस्थामा देखिन्छन् (एएचआरसी, २०६८, पृष्ठ ५०) ।[६३] यसैगरी विषेशतः पार्टीका गतिविधिहरूमा संलग्न रहन अस्वीकार गरेकोमा ट्रेड युनियनका सदस्यहरूमाथि बारम्बार राजनीतिक रूपमा आवद्ध समूहहरूबाट डर-धम्की र हस्तक्षेप हुने गरेको पाइन्छ ।[६४] धम्कीहरू विभिन्न परिस्थितिमा आउन सक्छन्- सार्वजनिक स्वतन्त्रता (राजनीतिक

कार्यकर्ता, पार्टीका युवा समूहहरू, सशस्त्र समूह वा फौज अथवा बन्द आह्वान कर्ताहरूबाट), घरभित्रै वा विस्तारित परिवार (घरेलु हिंसा, घरभित्र कज्याउने वा दाइजोसँग सम्वन्धित हिंसाका घटना) अथवा कार्यथलो (राजनीतिक गतिविधिहरूसँग सम्वन्धित जस्तै लाभदायक रोजगारी वा जिम्मेबारी वाँडफाँडसम्बन्धी द्वन्द्व) आदि ।

वि.सं. २०६८ मा चोरी, डकैती र अन्य सम्पत्तिसँग सम्वन्धित अपराध वा हिंसा पटक-पटक भएको पाइएको छ । लक्षित समूहमा सहभागीले मानिसहरूले चौपाया वा मूल्यवानवस्तुहरू जस्तो गरगहना चोरिभएको सुनेको र देखेको बताएका छन् । २०६८ को भदौमा दशैंताका नवलपरासी जिल्लास्थित राजमार्गमा डकैतीको घटना भएपछि सो क्षेत्रमा प्रहरी गस्तीलाई तीब्र पारिएको थियो (नेपाल न्युज, २०६८) । यातायातको प्रमुख केन्द्रमा रहेको काठमाडौंजस्तो शहरी क्षेत्रहरूमा विशेषगरी सवारी साधनको चोरी पनि धेरै हुनेगरेको छ । २०६७-६८ मा नेपाल प्रहरीले १ हजार ५ सयभन्दा बढी साइकल र मोटरसाइकल चोरी भएको जनायो । २०६६-६७ मा सो संख्या १,९३८ पुगेको थियो । अनुसन्धानकर्ताहरूले प्रत्येक दिन करिब ४ वटा यस्तो उजुरी पर्ने गरेको सार्वजनिक गरे (*हिमालयन टाइम्स,* २०६९घ) । सवारी साधन चोरीको घटना टापटिपे प्रकृतिका अपराध हुन् । अस्पताल परिसरमा यस्ता घटना बढी हुनेगरेका छन् (*हिमालयन टाइम्स,* २०६८घ) आपराधिक झुण्ड र संगठित अपराधिक समूहहरूले पनि मोटरसाइकल चोरीलाई सजिलो धन्धाको रूपमा अघि बढाएका छन् (*टाइम्स अफ इण्डिया,* २०६९ख) ।

**चित्र नं. ११** वि.सं. २०६८ को सर्वेक्षणमा सहभागी विभिन्न प्रकारका हिंसाको सामना गर्नुपर्ने सम्भावना पहिल्याउने व्यक्तिहरूको प्रतिशत :




**टिपोट:** हिंसात्मक घटनाहरूबारे जानकारी गराउने घरधुरी संख्या ११७ ।
**स्रोत:** आईडीए र स्मल आर्मस सर्वे (२०६९) ।

डर, धम्की वा जवर्जस्ती पैसा असुली गरिएका थोरै घटनामात्र प्रहरीमा उजुरी गरिएका छन् । अन्तर्वार्ता लिइएका व्यक्ति र लक्षित समूहका सहभागीहरूले आफ्ना परिवारहरूबाट पैसा असुल्न युवाहरूद्वारा अपहरणको तानाबाना रचेको घटनामा वृद्धि भएको जनाएका छन् । कुख्यात अपराधीहरूको तरिकालाई अनुसरण गर्दै गरिने यस्ता नक्कली अपहरणका घटनाहरूको उद्देश्य जुवा खेल्नु वा लागू औषध किन्नुजस्ता असामाजिक गतिविधिका लागि मात्र नभई विश्वविद्यालयको शुल्क तिर्नुजस्ता वैध कार्यका लागि पैसा जुटाउनु पनि रहेको देखिएको छ ।

२०६९ को उत्तरार्धमा यस्ता नक्कली अपहरणका घटनामा बृद्धि भएको काठमाडौं महानगरपालिकाको प्रहरी अपराध विभागले जनाएको छ । अपहरण सम्बन्धमा परेका २० मध्ये १३ वटा उजुरी नक्कली ठहरिए (*हिमालयन टाइम्स,* २०६९क) । । सर्वेक्षणमा सम्मिलित व्यक्तिहरूले अपराधीहरूले खास व्यवसायमा लागेका व्यक्तिहरूलाई लक्षित गरी अपहरण गर्ने गरेको बताए । यद्यपि रिपोर्टले वृहत् स्वरूपलाई अस्पष्ट पारको छ । कृषक र व्यापारीहरू यस्तो हिंसाको प्रमुख पीडितको रूपमा देखिएका छन् । राम्रो आय भएका वा सम्पन्न व्यक्तिहरू यस अपराधको लक्ष्य बन्ने सम्भावना अधिक देखियो । लक्षित समूहका सहभागीहरूले प्रायः मध्यम वर्ग डर, धम्की वा सम्पत्तिजन्य अपराधको शिकार भएको बताए । अध्ययनबाट तीब्र आयस्रोत भएका, पैसा बोकेर हिड्ने र सवारी साधन वा चौपायाजस्ता सम्पत्ति हुने व्यक्ति चोरी, डकैती र डर-धम्कीमा परेको देखिएको छ । सर्वेक्षणमा सरिक २१ प्रतिशतभन्दा बढी व्यक्तिले हिंसात्मक प्रदर्शनमा निरन्तर लागिपर्ने भएकाले विद्यार्थीहरू पीडित हुने  सम्भावना रहेको बताए ।[६५]

## महिलाविरुद्ध हिंसा

विश्वभरको सशस्त्र हिंसामा पीडित हुनेहरूमा पुरुषको बाहुल्य रहेको देखिन्छ (जेनेभा घोषणापत्र सचिवालय, २०६८, पृष्ठ ११३) । तर नेपालमा महिला र पुरुष झण्डै उत्तिकै संख्यामा अपराध वा हिंसाको शिकार हुनसक्ने देखिन्छ (चित्र १२ हेर्नुहोस्) । यी तथ्यहरू क्षेत्रगत रूपमा केही फरक हुन सक्छन् । तराई जिल्लामा पुरुषहरू हिंसाको बढी शिकार भएका छन्, जबकि पहाडी क्षेत्रमा प्रायः महिलाहरू बढी हिंसाको शिकार हुने गरेका देखिन्छन् (आईडीए र स्मल आर्मस सर्वे (२०६९) ।

लिंगमा आधारित अन्य विभिन्न प्रकारका हिंसासमेत भोगेका महिलाहरू घरेलु हिंसाबाट सबैभन्दा बढी पीडित हुने गरेका छन् । परिवारभित्र केटी र केटाहरू पनि शारीरिक वा मानसिकरूपमा पीडित हुने सम्भावना छ तर त्यहाँ आमा प्रत्यक्ष रूपमा पीडित हुन्छिन् । साथसाथै यौन हिंसाको तथ्यांकले १०-१४ वर्ष उमेरका बालबालिकाहरू बढी मात्रामा बलात्कारको शिकार हुने गरेका छन् (इन्सेक, २०६९ख, पृष्ठ २२) । सर्वेक्षणमा सम्मिलितमध्ये ०.५ प्रतिशतभन्दा कम व्यक्तिले मात्र आफूहरू घरेलु हिंसाको शिकार भएको बताए । जबकि ६ प्रतिशतले पीडित हुने सम्भावना रहेको बताए । यसे विपरीत लक्षित समूहमा सहभागी नागरिक समाजका सदस्यहरूले महिला विरुद्धका अन्य प्रकारका हिंसा सँगसगै घरेलु हिंसा निकै फैलिएको बताए ।

जुनसुकै उमेर समूह वा वर्गका महिलालाई हेर्दा नेपाली महिलाहरूले भ्रुणहत्यादेखि दाइजोसँग सम्बिन्धित हिंसासम्मका विभिन्न किसिमका शारीरिक, यौन र मानसिक हिंसा भोग्ने गरेको देखिन्छ (टेबुल २ हेर्नुहोस्) ।

**चित्र १२** सर्वेक्षणमा सम्मिलित व्यक्तिहरूले २०६८ मा आफ्ना समुदायमा पहिल्याएका हिंसाका प्रमुख पीडितहरूको प्रतिशत :




**स्रोत:** आईडीए र स्मल आर्मस सर्वे (२०६९)।

मनोबैज्ञानिक हिंसा र भ्रुण हत्या सम्वन्धमा तथ्यांक विरलै पाइन्छ। तर, अन्य प्रकारका हिंसाले भने धेरै ध्यानाकर्षण गरेको छ। पिछडिएका जाति वा गरिव विधवाहरूमाथि धेरैजसो बोक्सीको आरोप लगाइने गरिन्छ (पौडेल, २०११)। २०६८ मा इन्सेकले ५१ जना महिला र १० जना पुरुषलाई बोक्सा र बोक्सीको आरोप लगाइएको ६१ वटा घटना दर्ता गरिएको जनाएको छ। ती घटनाले हिंसात्मक रूप लिएका थिए (इन्सेक, २०६९ख, पृष्ठ ७, नेपाली, २०६९)। इन्सेकले ४ सय ६४ वटा बलात्कार र यौन हिंसाका घटना पनि दर्ता गरेको थियो (इन्सेक २०६९ख, पृष्ठ २२)।

द्वन्द्वको बेला[७५] महिलाहरूमाथि निरन्तर यौन उत्पीडन गरिएको थियो। द्वन्द्वको अन्त्यमा तिनीहरूले प्राय: घर चलाउने, जिविकोपार्जन गर्ने लगायतका पुनर्निर्माणको बोझ उठाएका छन्। यसका कारण उनीहरू विषेश गरी सिथिल बनेका छन्। तर थोरै राष्ट्रिय रूपमा प्रतिनिधित्व गर्ने अध्ययन र कमजोर रिपोर्टिङको आधारमा महिलाविरुद्ध हुने विस्तृत हिंसाको यकिन गर्न गाह्रो छ। २०६९ मा लिंगमा आधारित हिंसामाथि केही विकट जिल्लाहरूमा तयार पारिएको प्रतिवेदनले उक्त अध्ययन सुरु हुनु १२ महिनाअघि तीनमध्ये झण्डै एक महिला कुनै न कुनै प्रकारको हिंसाबाट पीडित भएको पत्ता लगाएको छ (नेपाल सरकार, २०६९ख, पृष्ठ ४)। यी परिणामहरू राष्ट्रभरी एउटै देखिंदैन। तर जेहोस् क्षेत्रीय अध्ययनहरूले केही क्षेत्रहरूमा पीडितको दर ९१ प्रतिशतसम्म हुनसक्ने बताएका छन् (एसिया फाउण्डेसन, २०६६)। ललितपुरस्थित महिला पुनर्स्थापना केन्द्र (ओरेक)ले राखेको महिलामाथि हुने हिंसाका घटनाका अभिलेखले फरक चित्र प्रस्तुत गर्दछ। त्यसमा सबैभन्दा बढी हुने हिंसामा कुटपिट र त्यसपछि बलात्कार र मानसिक यातना उल्लेख गरिएका छन् (चित्र १३ हेर्नुहोस्)। २०६८ मा ओरेकले महिलाविरुद्ध हुने गरेका १५६९ वटा हिंसात्मक घटनाको अभिलेख राख्यो तीमध्ये ६४ प्रतिशत घटना घरेलु हिंसासँग सम्वन्धित थियो जसमा प्रमुख पीडक पनि रहेको पाइयो (ओरेक, २०६९)।

**तालिका २** पीडितको उमेरको आधारमा नेपालमा महिलाविरुद्ध हुने गरेका केही हिंसाका प्रकार:

| पीडितको उमेर | हिंसाको प्रकार | विवरण |
|---|---|---|
| गर्भावस्था (जन्मनुपूर्व) | लिंग छनौट र महिला भ्रुण हत्या[६६] | समाजमा छोरालाई दिइने पहिलो प्राथमिकता र छोरीका कारण बहन गर्नुपर्ने आर्थिक झन्झटबाट बच्नका लागि महिला भ्रुण पहिचान गरी गर्भपतन गराउने चलन प्रोत्साहित भइरहेको छ। २०५९ मा कानुनले वर्जित गरेपनि यो चलन फैलिरहेको छ। |
| बाल्यावस्था | बालविवाह र बलात्कार[६७] | अवैधानिक भएपनि बालविवाहको व्यापक प्रचलन छ-विशेषगरी पूर्वी तराईमा। ओसार-प्रसार सञ्जालले बालबालिकालाई भारत र अन्य क्षेत्रमा पठाउने गर्छन्। |
| किशोर अवस्था र वयस्क अवस्था | शारीरिक हिंसा[६८] | हिंसात्मक आक्रमण गर्भावस्थामा समेत व्यापक छ, एसिड आक्रमण र महिला हत्याका घटनाहरू पनि हुने गरेका छन्। |
| | यौन हिंसा[६९] | बलात्कार र सामूहिक बलात्कारको घटना उच्च छ। यौनका लागि बेचबिखन तथा ओसार-प्रसार र यौन उत्पीडन पनि व्याप्त छ। |
| | परम्परागत हिंसा | २०६६ मा दाइजोलाइ[७०] लिएर गरिने भेदभावपूर्ण व्यवहारलाई अपराध मानिने बताइएता पनि दाइजो सम्बन्धी हिंसा जारी छ।[७१] बोक्सी दोष लगाउन[७२] चलन फैलिएको छ। महिनावारीको बेला महिलालाई छुट्टै राख्ने छाउपडी प्रथा नेपालको मध्य र सुदूर-पश्चिम क्षेत्रमा अझै कायम छ। यद्यपि २०६१ देखि यसलाई अवैधानिक मानिएको छ।[७३] |
| | मनोवैज्ञानिक उत्पीडन[७४] | यस प्रकारको उत्पीडनमा मानसिक यातना, मौखिक उत्पीडन (गाली गलौज), बेइज्जति, होच्याउने र हस्तक्षेपसमेतका कार्यबाट आत्मसम्मान र अस्तित्वमा क्षति पुऱ्याउनेजस्ता कार्यहरू पर्दछन्। |

यस अध्ययनले सर्वेक्षणमा सम्मिलित व्यक्तिहरूको थोरै प्रतिशतले मात्र आफ्नो परिवारमा हुने गरेका घरेलु हिंसाको घटनाहरूबारे जानकारी गराएको जनाएको छ। कपिलवस्तुका सहभागी एक व्यक्तिले घरेलु हिंसा आफ्ना समुदायमा सबैभन्दा बढी फैलिएको दावी गरिन्। उनका अनुसार प्रत्येक दशमध्ये एक घरमा यस्तो हिंसा हुने गरेको अनुमान छ। बाँकेस्थित नागरिक समाजका सदस्यहरूले प्रत्येक १५ दिनपछि एक घरेलु हिंसाका खुलासा हुने गरेको बताएका छन्। यद्यपि अझै थुप्रै घटनाहरू उजुरी नगरिएको अवस्थामा छन्।

**चित्र १३** ओरेकद्वारा २०६६-०६९ मा दर्ता गरेका महिला विरुद्धका हिंसात्मक घटनाहरू




**टिपोटः** सबै महिलालाई समेट्ने गरी तथ्यांक उपलब्ध थिएन।
**स्रोतः** ओरेक (२०६९), लेखकको ओरेकसँगको सम्पर्क, (भदौ २०६०)।

मकवानपुरस्थित हेटौंडाका एक व्यक्तिका अनुसार महिलाहरूलाई स्थानीय केन्द्रहरू गठन गरी वा स्थानीय नीति तथा योजनामा संलग्न गराई अगाडि ल्याउनुपर्छ। यस्ता नागरिक समाजका कार्यक्रमहरूले घरेलु हिंसालाई बाहिर ल्याउन र उजुरीमा जान प्रोत्साहित गर्ने उनको धारणा छ। सरकारी कार्यक्रमहरू जस्तै २०६७ लाई नेपालमा लैंगिक हिंसा अन्त्य गर्ने वर्षको घोषणा र कानुनी परियोजनाहरू जस्तै घरेलु हिंसा र सजाय कानुन २०६६ हरू सकारात्मक कदम हुन् (एसिया फाउण्डेसन, २०६७)। तर जेहोस्, यी कदमहरूको कार्यान्वयन र त्यसको प्रभाव अनुगमन गर्न भने बाँकी नै छ।

## आधिकारिक अभिलेख र अपराधको उजुरी

अन्य प्रकारका अपराधको तथ्यांक बढी मात्रामा उपलब्ध भएको देखिए पनि विषेशगरी महिला विरुद्धको हिंसाका घटना त्यति बाहिर ल्याएको पाइन्न। खासगरी घरेलु हिंसाका घटनाको उजुरी नै हुने गर्दैन। नेपाल प्रहरीको आधिकारिक अपराध अभिलेखले २०६८ को अन्तिम भाग र २०६९ को पहिलो भागमा हत्या, अपहरण, डर-धम्की र बलात्कारको तुलनामा चोरीको घटना उच्च रहेको देखाएको छ (तालिका ३ हेर्नुहोस्) । अभिलेखले यस अवधिभित्र हत्याको दर सापेक्षिक रूपमा स्थिर रहेको पनि देखाएको छ। सर्वेक्षणमा संलग्नमध्ये धेरै कमले आफूले देखेका वा बढी चर्चामा आएका हत्याका घटनालाई मात्र उल्लेख गरेका छन्।

**तालिका ३** प्रशासनमा उजुरी गरिएका प्रमुख अपराध, साउन २०६८-असार २०६९

| महिना | हत्या | डर, धम्की वा जबर्जस्ती चन्दा असुली | चोरी वा डकैती | अपहरण | लागू औषध | बलात्कार |
|---|---|---|---|---|---|---|
| साउन २०६८ | ९२ | ० | १०२ | १२ | १२४ | ६४ |
| भदौ २०६८ | ६१ | ० | ९८ | १४ | १५२ | ४४ |
| असोज २०६८ | ७७ | ० | ८० | १४ | १४५ | ३४ |
| कात्तिक २०६८ | ७२ | २ | ९१ | ७ | ११५ | ३७ |
| मंसिर २०६८ | ५९ | ० | ८५ | १२ | १२७ | ४९ |
| पुस २०६८ | ४८ | ६ | ६९ | ५ | १२९ | २५ |
| माघ २०६८ | ४४ | २ | ४८ | ७ | १३७ | ३७ |
| फागुन २०६८ | ६३ | २ | ८८ | ९ | १४१ | ३८ |
| चैत २०६८ | ६८ | १ | १०८ | १३ | १७४ | ४६ |
| वैशाख २०६९ | ६२ | ० | ७० | ८ | १५४ | ६१ |
| जेठ २०६९ | ६४ | २ | ६४ | ८ | १६७ | ६८ |
| असार २०६९ | ६८ | २ | ८४ | ९ | १५० | ५४ |

**स्रोतः** नेपाल प्रहरी (२०६९)।

तालिकामा देखाइएको विवरण नेपाल प्रहरीमा दर्ता भएका मुद्दाका आधारमा तयार पारिएको हो। भिन्न शीर्षकमा चटाइएको अंकमा जुन भिन्नता देखिएको छ, त्यसको पछाडि उजुरी नगरिनु पनि एक कारण हुनसक्छ। हत्या प्रायः सम्वन्धित निकायमा उजुरी हुने गरेका छन्। यसको प्रमुख कारण तिनीहरूको गाम्भीर्यता हुनसक्छ। यस विपरीत प्रहरी सूत्रले रक्सी खाएर गरिने दुर्व्यवहारलाई उजुरी वा कारवाही दुवै नभएको बताएको छ। जड्याहाहरूलाई रातभरि थुन्ने

र विनाकुनै आपराधिक अभिलेख छोड्ने चलन छ । अपहरण र डर-धम्कीका घटनालाई पनि यही तरिका अपनाइने गरिएको छ । लक्षित समूहका एक व्यक्तिले यसबारे भने, 'कुनै व्यक्तिको अपहरण हुँदा उसको परिवार चुपचाप रहन र अपहरणकारीहरूलाई पैसादिन बढी रुचाउँछ । यस्ता घटनाहरू घट्छन् तर सार्वजनिक हुन पाउँदैनन् ।'

## भौगोलिक वितरण

तराई र पहाडी क्षेत्र, सीमा र गैरसीमाक्षेत्र र सबैभन्दा पछिल्लो शहरी र ग्रामीण क्षेत्रबीच तुलना हुने गरी नेपालमा हिंसा र अपराधको घटनामा भिन्नता हुनेगरेको छ । २०६४ यता तराई र पहाडको विभाजनले बुज्रुकहरूको कुरा सुन्ने र एनजीओ समूहलाई स्वीकार गर्ने प्रवृत्ति बढेको छ । यद्यपि तराई सशस्त्र समूह र थुप्रै सशस्त्र हिंसाका घटनाहरूको प्रमुख थलोको रूपमा देखिएको छ ।[७६] जनघनत्व र विविधताको कारण तराईमा अपराध दर उच्च हुन पुगेको हुनसक्छ । खुला सीमाको उपस्थिति वा शहर र ग्रामीण बीचको आवतजावतजस्ता अन्य प्रभावकारी कारक तत्वहरूले पनि अपराधको दरलाई प्रभाव पारेको देखिन्छ ।

सर्वेक्षणमा सम्मिलित पहाडका ६४ र तराईका ७६ प्रतिशत व्यक्तिहरूले २०६७ देखि २०६८ सम्म सामुदायिक सुरक्षामा सुधारहरू आएको बताए । लक्षित समूहका सहभागीले पनि यस तथ्यलाई सामान्यतया स्वीकारे । यद्यपि तराईका वासिन्दाहरूले यस सम्बन्धमा सकारात्मक विचार व्यक्त गरे तापनि पहाडका वासिन्दाहरू अलिकति सुधार भयो भन्ने र आफूहरूले कुनै फरक महसुस नगरेको भन्ने गरी दुई थरीमा विभाजित रेहेको देखियो ।

सीमा क्षेत्र र ग्रामीण क्षेत्रहरूमा सुरक्षा स्थितिमा सुधार भएको बताउने धेरै पाइयो । सम्भवतः यसले हिंसाको विवरणमा आएको परिवर्तनलाई संकेत गरेको छ । शहरी क्षेत्रका वासिन्दामध्ये ७

नक्सा ३ वि.सं. २०६७-६८ मा सुरक्षा स्थितिमा सुधार आयो भन्ने सहभागीहरूको प्रतिशत




**स्रोतः** आईडीए र स्मल आर्मस सर्वे (२०६९)।

**चित्र १४ शहरी स्तरमा २०६७ देखि २०६८ सम्म सुरक्षा अवस्थामा महसुस गरिएको परिवर्तनः**




**टिपोटः** सर्वेले ३,०४८ को कुल नमुना परिमाणलाई जनाउँछ।
**स्रोतः** आईडीए र स्मल आर्मस सर्वे (२०१२)।

प्रतिशतले सुरक्षा झन खराव भएको घोषणा गरे भने २४ प्रतिशतले विगत बर्षमा कुनै पनि परिवर्तन आएको नदेखेको बताए (चित्र ४ हेर्नुहोस्)।

काठमाडौं उपत्यकाः भक्तपुर, काठमाडौं र ललितपुर जिल्ला मिलेर बनेको काठमाडौं उपत्यका विशेषतः ठूलो शहरी श्रृंखलाको रूपमा रहेको छ। सर्वेक्षणमा सरिक यहाँका ५० प्रतिशतभन्दा बढी व्यक्तिले विगत वर्षमा सुरक्षा स्थिति परिवर्तन नभएको वा कमजोर बनेको बताएका छन्। मानव ओसार-पसार, रक्तचन्दनको अवैध व्यापार र डर-धम्कीजस्ता संगठित आपराधिक गतिविधिमा वृद्धि भएको उनीहरू बताउँछन्। उपत्यकाका बासिन्दाले चोरी र डकैतीका घटना पनि बढेको जनाएका छन् (सेफरवर्ल्ड, २०६९)।

शहरी क्षेत्रमा राष्ट्रिय औसत सुरक्षा स्थितिको तुलनामा सुरक्षा स्थिति घटेको त्यहाँका वासिन्दाहरू बताउँछन्। यस प्रकारको दावी गर्ने शहरी वासिन्दाको प्रतिशत विगत सर्वेक्षणको अंकको दाँजोमा दोब्बर रहेको छ। यसले शहरी क्षेत्रमा असुरक्षा बढेको प्रवृत्ति मात्र नभई यस सम्बन्धमा शहर तथा ग्रामीण क्षेत्रबीचको सम्बन्धमा उच्च विभाजन आएको पनि देखाउँछ। जनसंख्याको घनत्व बढेपछि प्रहरी गस्तीको कार्यक्षमता घट्छ, यसले विषेश गरी काठमाडौंमा ठूलो प्रभाव पारेको छ।[७७] ग्रामीण क्षेत्रमा तुलनात्मक रूपमा अपराधको छिटो पहिचान र निराकरण हुन्छ, तर विकटताका कारण उजुरी र कारबाही दुवै प्रभावित भएको भने देखिन्छ।

घटनाको उजुरीको आधारमा भन्ने हो भने पहाडी क्षेत्रको तुलनामा तराईमा असुरक्षाको स्तर अलिकति बढी देखिन्छ। सर्वेक्षणमा सम्मिलितमध्ये तराईका ७ र पहाडी जिल्लाहरूका २ प्रतिशतले अघिल्लो वर्षमा हिंसात्मक स्थितिको सामना गरेको बताए। यस प्रकारको प्रतिक्रियाले पनि नेपालको तराई क्षेत्रमा सशस्त्र हिंसाको प्रभाव रहेको पुष्टि गर्दछ तर सहभागीले त्यही तथ्यलाई मात्र ध्यान दिएर यस प्रकारको दृष्टिकोण बनाएका हुन् भन्न चाहिं सकिन्न।

सुरक्षा स्थिति परिवर्तन भएको महसुसका आधारमा भन्ने हो भने पहाडी र तराई क्षेत्रहरूमा कुनै ठूलो भिन्नता देखिन्न (नक्सा ३ हेर्नुहोस्) । सर्वेक्षणमा सम्मिलित व्यक्तिहरूमध्ये तराईका अधिकांशले विगत वर्षमा सुरक्षामा सुधार आएको बताए । तीमध्ये दाङ, पर्सा र प्युठानमा सुधारको स्तर सबैभन्दा उच्च देखियो । त्यस विपरीत तराईको कञ्चनपुर र पहाडका जाजरकोट र कास्की जिल्ला तथा काठमाडौं उपत्यकाका थोरै व्यक्तिले मात्र सुरक्षाको अवस्थामा सुधार आएको तर ती क्षेत्रहरूमा अझै हिंसात्मक घटनाहरू घट्ने गरेको बताए ।

सर्वेक्षणको परिणामका आधारमा पहाड र तराई क्षेत्रमा चोरी र डकैती झण्डै बराबर रूपमा वितरित छन् जबकि सर्वेक्षणमा संलग्न व्यक्तिहरूले पहाडमा भन्दा तराई क्षेत्रमा यस्ता घटना अलि बढी भएको बताएका छन् । तर, अझै डर, धम्की, हस्तक्षेप, जवर्जस्ती पैसा असुली र सडक-घटनाहरू तराईमा जस्तै पहाडी क्षेत्रमा पनि हुने गरेका छन् ।[७८] यस विपरीत पहाडका व्यक्तिहरूले तराईका वासिन्दाको तुलनामा सार्वजनिक जमघटमा दोब्बर बढी घटना हुनेगरेको बताए । विभिन्न किसिमका हिंसात्मक घटनाका दरमा मात्र नभई मृत्युको संख्यामा पनि पहाडी र तराई क्षेत्रबीचको अभिलेखमा केही भिन्नता छ । तराईका वासिन्दाले पहाडी क्षेत्रमा भन्दा चोटपटक र हत्याको संख्या अलि बढी भएको बताएका छन् । यी समस्त तथ्यांकले तराई राष्ट्रकै सबैभन्दा हिंसात्मक क्षेत्र हो भन्ने बहुचर्तित धारणालाई चुनौती दिन सक्छन् । तथ्यांकले शहरी क्षेत्रहरू अपराधका गतिविधिहरूका लागि उर्वर स्थानका रूपमा देखापरिरहेको पनि औंल्याएको छ ।

## पीडकहरूको 'विवरण' : सशस्त्र समूहमाथि गहन दृष्टि

समुदायमा हिंसा र असुरक्षाको स्रोतका रूपमा रहेका मुख्य पीडकहरूबारे सोधिंदा सर्वेक्षणमा सरिक व्यक्तिले अपराधीहरू (३२ प्रतिशत), सशस्त्र समूह (१५ प्रतिशत) र राजनीतिक पार्टीहरूका युवा समूह (१० प्रतिशत) रहेको जनाए । अन्तर्वार्ता र लक्षित समूहका सहभागीहरूले सशस्त्र समूह र राजनीतिक पार्टीका सदस्यहरू बढी आपराधिक गतिविधिमा संलग्न रहेको बताए । उदाहरणका लागि कैलालीमा राजनीतिक पार्टीका युवा समूहहरू जस्तै एकीकृत नेकपा माओवादीको योङ कम्युनिस्ट लिग र नेकपा एमालेको युथ फोर्सलगायत युवा समूह र अन्य पार्टीका युवा समूहहरू-जस्तै लिम्वुवान स्वयंमसेवक र थारु स्वयंमसेवकहरूले चन्दा माग्ने, धम्की दिने र हिंसात्मक कार्यहरूमा संलग्न हुने गरेको बताइएको छ (कार्टर सेन्टर, २०६८, पृष्ठ १२) ।

यी प्रतिक्रियाहरूले असुरक्षा र सम्भावित हिंसात्मक आक्रमणका सामान्य बुझाइलाई प्रतिविम्वित गरेका छन् । तर,  विगतका घटनाहरूका पीडकहरूको विवरण भने केही हदसम्म फरक छ । सर्वेक्षण सुरु गर्नुभन्दा पाँच वर्षअघि पीडित रहेको बुझिएका सर्वेक्षणमा सरिक ५० प्रतिशतभन्दा बढीले आक्रमणकारी चिनेको र तिनीहरूमा छिमेकी, राजनीतिक पार्टीका कार्यकर्ता, नातेदार र सशस्त्र समूहका सदस्यहरू रहेको बताए । यसमा चिरपरिचित व्यक्ति पीडक रहेको बताउनेको संख्या पनि उल्लेख्य थियो । यसले हिंसाको प्रमुख पीडक आफ्नै दायराका साथीभाइ, परिवार छिमेकी र परिचितहरू भएको पुष्टि हुन्छ । यौन हिंसाको अनुभव भएको बताउनेहरूमध्ये

झण्डै ९० प्रतिशत पीडितहरूले आफूहरूले आक्रमणकारीहरूलाई चिनेको र करिब ७५ प्रतिशत पीडितले एकभन्दा बढी पीडकहरूले आक्रमण गरेको बताएका थिए (इन्सेक, २०६८ख, पृष्ठ २७, आईडीए र सेफरवर्ल्ड, २०६८) ।

थुप्रै लक्षित समूह छलफलका सहभागीहरूले हिंसाका पीडक युवाहरू रहेको बताए । नेपाल प्रहरीले पनि प्रमुख पीडकहरू १५-३० वर्ष उमेर समूहका भएको र यसको कारण विशेषतः बढ्दो बेरोजगारी भएको हुनसक्ने जनाएको छ । आय र अवसरहरूको अभावमा नेपाली युवाहरू सम्पत्तिसम्बन्धी अपराध, मानव तथा लागू औषधको अवैध ओसार-प्रसार र वेश्यावृत्तिमा संलग्न रहने र संगठित अपराधमा संलग्न हुने[७९] खतरा बढी रहेको छ । गरिबी, बेरोजगारी र साथीभाइको संगत द्वन्द्वपछिको अवस्थामा देखिने हिंसा र अपराधका नयाँ कारण होइनन् । केही अनुसन्धानकर्ताहरूका अनुसार यी कारण युवाहरूलाई विद्रोमा सहभागी गराउने आधारहरू हुन्- जस्तो कि तराई-मधेश आन्दोलन र १९ दिने जनआन्दोलनमा उनीहरूको संलग्नता[८०] (ब्रिटिस काउन्सिल नेपाल, २०६८, पृष्ठ १८) ।

२०६४ को प्रारम्भमा मधेशी आन्दोलन सुरु भएयता थुप्रै पर्यवेक्षकहरूले जवर्जस्ती पैसा असुली, हस्तक्षेप, गोली प्रहार र बन्दजस्ता आपराधिक गतिविधिमा संलग्न हुने सशस्त्र समूहको पूर्वी तराईमा अत्यन्तै वृद्धि भएको र यसले असुरक्षा अझै थपेको बताएका छन् (आइडीएमसी, २०६७, पृष्ठ ५३) । २०६५ मा गृहमन्त्रालयले देशमा १ सय ९ वटा सशस्त्र समूह सक्रिय रहेको र तीमध्ये अधिकांश तराईमा सञ्चालित रहेको जनाएको थियो (आईडीए, २०६८, पृष्ठ २९) । २०६८ मा यस अनुमानलाई पुनः अध्ययन गरिंदा यस्ता समूहको संख्या ३० भन्दा कम पुगेको थियो । सर्वेक्षणमा सरिक व्यक्तिहरूमध्ये झण्डै ४७ प्रतिशतले आफूहरूले पनि २०६७ देखि २०६८ सम्म यस्ता समूहका गतिविधिमा कमी आएको महसुस गरेको बताए भने २७ प्रतिशतभन्दा बढीले चाहिं सुरक्षा स्थितिमा परिवर्तन नआएको जनाए (आईडीए र स्मल आर्मस सर्वे २०६९) ।

सरकारी अधिकारीहरूले अधिकांश सशस्त्र समूहहरू राजनीतिको मूलधारमा आइसकेका, केहीले आफ्ना हतियार समर्पण गरिसकेका र केहीले शान्ति तथा पुनर्निर्माण मन्त्रालयसँग वार्ता गरिरहेका बताएका छन् । सर्वेक्षणमा अन्तर्वार्ता लिइएका एक व्यक्तिले भने 'तिनीहरूको क्रियाकलापलाई आक्रामक ढंगले समाधान गर्नखोज्ने प्रहरीलाई यसको जस जान्छ ।' तर सर्वेक्षणमा संलग्न व्यक्तिहरूमध्ये झण्डै १९ प्रतिशतले चाहिं २०६७-२०६८ मा ती समूह झनै बढी सक्रिय भएको बताए (आईडीए र स्मल आर्मस सर्वे, २०६९) ।

सर्वेक्षणमा सरिक व्यक्तिहरूमध्ये केवल ७ प्रतिशतले आफ्नो क्षेत्रमा कम्तीमा एउटा सशस्त्र समूह सञ्चालित रहेको थाहा भएको बताए । तराई जिल्ला बाँकेको लक्षित समूहका सहभागीहरूले आफ्नो क्षेत्रमा तीन वा चार वटाभन्दा बढी यस्ता समूह सञ्चालित रहेको थाहा नभएको बताए । यी प्रतिक्रियाले ग्रामीण र पहाडी जिल्लाहरूको तुलनामा तराई र शहरी क्षेत्रहरूमा सशस्त्र समूहहरू धेरै रहेको भन्ने भनाइप्रति महत्वपूर्ण ढंगले फरक मत राख्दछन् । अन्तर्वार्ता लिइएका एक व्यक्तिले गुनासो गरे, 'यहाँ केही समूहहरू छन् तर सञ्चार माध्यमले यसलाई ठूलो कहानी बनाइरहेका छन् ।' उनको भनाइमा सही थाप्दै अर्कोले भने, 'सञ्चार माध्यमले तिनीहरूको नाम र गतिविधिको प्रचारवाजी गर्दै सशस्त्र समूह बढ्नमा मद्दत पुऱ्याइरहेको छ ।'

करिब ४३ प्रतिशतले सशस्त्र समूहहरूलाई युवा समूह वा झुण्डको रूपमा चिनाए, ४१ प्रतिशतले तिनीहरू राजनीतिक पार्टीहरूका सदस्य रहेको बताए, र २६ प्रतिशतले तिनीहरू कुनै पनि राजनीतिक विधानप्रति अलिकति पनि झुकाव नदेखाउने स्थानीय अपराधी भएको वताए ।[८१] सर्वेक्षणमा संलग्न अधिकांश व्यक्तिले सशस्त्र समूहलाई वैकल्पिक सुरक्षा प्रदायक शक्तिका रूपमा स्वीकार गरेनन्, बरु सम्पूर्ण सुरक्षा स्थितिमा नकारात्मक प्रभाव पार्ने शक्तिका रूपमा इंगित गरे । कैलालीका उपल्लो जातका एक प्रौढ व्यक्तिले भने, 'पूर्व लडाकुहरू वा स्थानीय युवाहरूको सहभागिता रहेको किन नहोस्, यस्ता सम्पूर्ण समूहले अपराधको प्रवर्धन गर्ने भएकाले तिनीहरूको उपस्थिति समाजका लागि हानीकारक छ ।'

केही सशस्त्र समूहहरूले माओवादीको विद्रोहताका उनीहरूसँगै मिलेर राजतन्त्रलाई चुनौती दिएका थिए, तर अहिले सशस्त्र समूह राजनीतिकभन्दा पनि बढी आर्थिक उद्देश्यका साथ अघि बढेका देखिन्छन् ।[८२]

**चित्र १५** सशस्त्र समूहहरूका गतिविधिहरू, २०६८




**टिपोटः** संख्या २११ । (सशस्त्र समूहहरू पहिचान गर्छु भन्नेको संख्या) । बहुप्रतिक्रियाका लागि अनुमति दिइएको थियो ।
**स्रोतः** आईडीए र स्मल आर्मस सर्वे (२०६९) ।

यी पात्रहरूको उत्प्रेरणा वा उद्देश्य जे भएपनि सशस्त्र हिंसालाई प्रायः विपक्षीको रूपमा वा राजनीतिक निकायहरू वा व्यक्ति विशेष विरुद्ध प्रयोग गरी मागको रूपमा प्रयोग गर्दछन् । सर्वेक्षणमा संलग्न आधिकांश व्यक्तिहरूले सशस्त्र समूहहरू बन्द र राजनीतिक जुलुसमा भन्दा चोरी र डकैतीजस्ता साना अपराधहरूमा संलग्न रहने जनाए । यस्ता दाउ छोप्ने व्यवहार प्रायगरी मध्यम वर्गीय व्यक्तिहरू वा राम्रो रोजगार हुने व्यक्तिहरूमाथि केन्द्रित हुनेगरेको छ । अन्तर्वार्ता लिइएका व्यक्तिहरूले जवर्जस्ती चन्दा उठाइनु एउटा परिवारको सीमित मासिक आम्दानीमा ठूलो बोझ भएको बताए । नागरिक समाजका एक सदस्यले भने, 'सशस्त्र समूहले हाम्रो मासिक तलवले धान्नै नसक्ने गरी चन्दा माग्ने गर्छन् ।' तर रमाइलो पक्ष के छ भने, सर्वेक्षणमा संलग्नमध्ये १५ प्रतिशतले सशस्त्र समूहले सही मानेमा समुदायको रक्षा गरिरहेको बताए । यस विषयमा प्रतिक्रियाहरू अत्यन्तै विभाजित पाइए । केही गाउँलेहरूले न्यायका लागि माओवादीकहाँ जान चाहेको बताए ।

## निष्कर्ष

सर्वेक्षणबाट समय, क्षेत्र र अवस्थाअनुसार हिंसाको स्थिति फरक हुने देखिन्छ । विशेषगरी शहरी र ग्रामीण क्षेत्रमा राजनीतिक अस्थिरताको क्षण र स्थानको आधारमा हिंसाको स्तर फरक हुन्छ । सर्वेक्षणमा सहभागी व्यक्तिहरू सामान्यतया हत्या, सशस्त्र डकैती वा अपहरणभन्दा सम्पत्ति सम्वन्धी अपराधबाट पीडित होइएला भनेर डराउने गरेका देखिन्छन् । छिमेकीहरूसँग पटक-पटक हुने विवादले समूहगत हिंसाभन्दा धेरै विकेन्द्रीकृत तथा व्यक्ति-व्यक्तिबीचको हिंसा बढी हुनेगरेको देखाउँछ । सर्वेक्षणमा संलग्नहरूमध्ये पीडकहरूलाई चिन्नेहरूले सशस्त्र समूहका भन्दा आफ्नै भित्री दायराका, जस्तै परिवार वा विस्तारित परिवारका सदस्यसँग पीडकको नाम बताउने गर्दछन् ।

हिंसाका पाँच प्रमुख कारणमध्ये सर्वेक्षणमा सरिक व्यक्तिहरूले महत्वका आधारमा आर्थिक कारण (बेरोजगारी र गरिबी) तथा सामाजिक कारण (रक्सी, शिक्षाको अभाव, लागू औषध) लाई संकेत गरे । समस्टिगत रूपमा भौतिक सुरक्षामा सुधार आएको हुनसक्छ तर वृहत् मानव सुरक्षा परिदृश्य (आर्थिक सुरक्षा, स्वास्थ्य जोखिम र दण्डहीनता) अझै निराशाजनक स्थितिमा छ ।

राष्ट्रियस्तरमा हिंसाले नेपाली पुरुष र महिला दुवैलाई त्यत्तिकै असर पारेको देखिन्छ । पुरुषहरू सशस्त्र हिंसाको शिकार हुने सम्भावना बढी रहेको छ भने, पुरुषको तुलनामा महिलाहरू घरेलु हिंसा र अन्धविश्वास तथा स्थानीय परम्पराबाट अभिप्रेरित हिंसा (जस्तै, बोक्सीको आरोप) बाट बढी पीडित हुनेगरेका छन् । साथसाथै, सर्वेक्षणमा सहभागी व्यक्तिहरूले पैसा वा सम्पत्ति हुने व्यक्तिहरू (जस्तै, व्यापारी तथा किसानहरू) लाई आक्रमणको लक्ष्य बनाउने सम्भावना धेरै भएको सहभागीहरू बताउँछन् ।

सर्वेक्षण र लक्षित समूहका सहभागी व्यक्तिहरूले नेपालभरको सशस्त्र हिंसा शहर र ग्रामीण क्षेत्रमा विभाजित हुने गरेको, विशेष गरी शहरी क्षेत्र र काठमाडौं उपत्यका असुरक्षित भएको औंल्याएका छन् ।

# ४. हिंसाका उपकरणहरू:

## रूपरेखा

यस अध्यायले नेपालमा हिंसाका प्रमुख उपकरणहरूको पुनरवलोकन गर्दछ र त्यसपछि साना हतियारको उत्पत्ति र भौगोलिक वितरण खोज्दै, बुझ्दै र बन्दुकको स्वामित्वमाथि जनधारणाको मूल्यांकनमा केन्द्रित हुन्छ ।

माओवादीले आफ्नो राजनीतिक, सैद्धान्तिक र सामाजिक दावीअनुसार द्वन्द्वलाई 'जनयुद्ध'को संज्ञा दियो । छापामार संघर्षको रूपमा चिनिने यो द्वन्द्व युद्ध-कौशललगायत विशेषगरी हाते बन्दुक, सरकारी फौजबाट लुटिएका ३०३ राइफल, थोरै एके ४७, कच्चा हतियारहरू जस्तै धारिला हतियार, ढुंगा, लठ्ठी, बञ्चरो र घरमै निर्मित विष्फोटकजस्ता साना हातहतियार माथि युद्ध निर्भर थियो (आइसीजी, २०६२, पृष्ठ १८-१९, सेडन, २०६२, पृष्ठ १२) ।

संघर्षको बेला त्यही उपकरण प्रयोग गरी हिंसात्मक र आपराधिक गतिविधिलाई निरन्तरता दिइयो । सर्वेक्षणमा सरिक व्यक्तिहरूले २०६४ देखि २०६८ सम्मका ६० प्रतिशतभन्दा बढी हिंसात्मक घटनामा हतियारको प्रयोग भएको संलग्न गरे (चित्र १६ हेर्नुहोस्) । हिंसात्मक घटनाको शिकार भएको बताइएका सर्वेक्षेणमा संलग्न व्यक्तिहरूले यी आक्रमणमा क्रमश: ३० देखि २० प्रतिशत कच्चा वा परम्परागत र धारिला हतियार प्रयोग भएको तथा १३ प्रतिशत घटनामा हातेबन्दुक प्रयोग भएको उल्लेख गरे ।

दैनिक उपभोग्य ज्यावलबाट बनाइएका कच्चा हतियार समुदायमा सबैभन्दा सजिलै पाइने हतियार हुन् ।[८३] लक्षित समूहका सहभागी र गहन अन्तर्वार्ता दिनेहरूले बाइसाइकलको चेन, फलामे रड, घन, हँसिया, बञ्चरोजस्ता कृषिजन्य उपकरणहरू र लठ्ठी, काठ वा बाँसबाट निर्मित वस्तुहरूको प्रयोग भएको बताए (क्रोजियर र काफ्ले, २०६७, पृष्ठ ११) । सहभागीहरूले परम्परागत धारिला हतियारहरूजस्तै भाला, नेपालमा प्रयोगको लामो इतिहास बोकेको तथा परम्परागत रूपमा कामीहरूबाट तयार हुने खुकुरी (शाक्य, २०६६, पृष्ठ ६७) को पनि प्रयोग भएको बताए । प्रायगरी अन्तरव्यक्ति विवाद, आक्रमण र घरेलु हिंसामा यिनीहरूको प्रयोग बढी देखिन्छ ।[८४]

प्राप्त यी तथ्यहरूले नेपालमा द्वन्द्व उत्तरार्धका हिंसात्मक घटना र अपराधमा प्रयोग भएका हतियार विषेशत: विशिष्ट प्रकारका नभएको देखाउँछन् । प्रहरी प्रतिनिधिहरूले यस निचोडमा नेपालीहरूको सामान्यतया आधुनिक हतियारमाथि पहुँच नभएको र सशस्त्र समूहहरूले समेत मुख्यतया परम्परागत चक्कु र खुकुरी, बन्दुक, कट्टुवा पिस्तोल र धारिला हतियारहरू प्रयोग गर्ने गरेको दावी गरे । तर, थप केहीले सटगन र स्थानीय स्रोत र साधनबाट तयार पारिएका विष्फोटक उपकरणहरूलाई पनि औंल्याएका छन् ।

**चित्र १६** २०६८ मा उजुरी गरिएका आक्रमणहरूमा प्रयोग भएका हतियारका प्रकारः




**टिप्पणीः** संख्या १३४ । बहुप्रतिक्रियाका लागि अनुमति दिइएको थियो ।
**स्रोतः** आईडीए र स्मल आर्मस सर्वे, २०६९ ।

## बन्दुकः

साना तथा हलुका हतियारहरूको अवैध व्यापार सम्बन्धी सम्पूर्ण पक्षको रोकथाम, प्रतिरक्षा र उन्मूलनका लागि संयुक्त राष्ट्रसंघको कार्य योजनाअनुसार नेपालले विशेषगरी भारतसँगको खुल्ला सीमानामा प्रहरी तैनाथ गर्ने कार्यमा विशेष ध्यान दिंदै बन्दुकको अवैध व्यापार रोक्न केही कदम चलाएका छन् (युएनजिए, २०६८) । बन्दुकको प्रयोग मूल्य र उपलब्धता लगायत सर्वेक्षणमा सरिक व्यक्तिहरूको बन्दुकको स्वामित्व माथिको पहुँचबारे जनधारणा बुझ्ने उद्देश्यले सर्वेक्षणको संरचना तयार गरिएको थियो ।

### *स्वामित्व*

थुप्रै नागरिक परिचालित भएको लामो गृहयुद्धबाट भर्खरै मुक्ति पाएको राष्ट्र नेपाल[८६] अझै पिस्तोल र रिवल्भर, राइफल र स्वचालित हतियारहरूदेखि घरमै बनाइएका बन्दुक (कट्टुवा) जस्ता थुप्रै संख्यामा साना हतियार नागरिक स्वामित्वमा रहेको विश्वास गरिएको छ । अनुमान प्रक्रिया अनुसार नागरिकसँग रहेका बन्दुकको अनुमानित संख्या फरक हुने गरेको छ । साना हतियारको संख्या ५५ हजार देखि करिब ४ लाख ४० हजार रहेको बताइन्छ (गौतम, २०६६, कार्प, २०६९, पृष्ठ १, २, ६) ।

हतियार धनी स्वयम्ले स्वामित्वको जाहेरी गरिएका (प्रत्यक्ष अनुमान) र महसुस गरिएको तथ्यांक (अप्रत्यक्ष अनुमान)[८७] दुवैमा आधारित अनुसन्धानले प्राप्त गरेको सर्वेक्षण तथ्यहरूले सर्वेक्षण गरिएका जिल्लाहरूमा अनुमानित ४१,४०० देखि ८३,५०० सम्म घरमा बन्दुक भएको देखाउँछ (तालिका ४ हेर्नुहोस्) ।

**बक्स ३** स्थानीय स्रोत-साधनबाट निर्मित विष्फोटक उपकरणहरू: निरन्तर खतरा

सर्वेक्षणमा सरिक व्यक्तिहरूले विगत पाँचबर्षमा भएका हिंसात्मक घटनाहरूमा विष्फोटकको प्रयोगबारे बिरलै उल्लेख गरेपनि सञ्चार माध्यम, गैसस र अन्तर्राष्ट्रिय संस्थाहरूले विष्फोटक पदार्थ संलग्न गतिविधिको स्तर उच्च रहेको बताएका छन् । द्वन्द्वको अन्त्य भएयता नेपालमा १ हजार ८ सयभन्दा बढी विष्फोटकका घटना भए ।८५ संविधानसभा विघटन हुने क्रममा यसको घटना चुलिएर ५ सयभन्दा बढी पुगेको थियो (युएनएनआइपि) । इन्सेकका अनुसार २०६४ देखि २०६८ सम्म ४ सय ८८ व्यक्ति विष्फोटकका शिकार भए, ४ सय ७ जना घाइते भएभने ८१ जना मारिए (आइसिआरसि र एनआइसिएस २०६७, पृष्ठ ५) ।

विष्फोटक नयाँ प्रकारको हतियार होइन । द्वन्द्वका बेला माओवादीहरूले सुरक्षा फौज र सरकारी भवनहरूमाथि लक्षित गरी तिनीहरूको व्यापक प्रयोग गर्‍यो । कच्चा वा घरमै निर्मित परम्परागत हतियारहरूजस्तै विष्फोटक पदार्थहरू सामान्यतया काम चलाउ ट्रिगर र दैनिक उपभोग्यवस्तुहरू जस्तै गमला, बाल्टिन वा प्रेसर कुकुरलाई धरापको रूपमा प्रयोग गर्न न्यून प्रविधिबाट बनाइएका हुन्छन् । तिनीहरूले सजिलै उपलब्ध हुने वस्तुहरू जस्तै एमोनियम, नाइट्रेट तथा बाल्ने तेल एमोनियम नाइट्रेट र अल्मुनियम वा नापल्म (सावुन र पेट्रोल) प्रयोग गर्दछन् । विष्फोटकलाई निम्न तरिकाले वर्गीकरण गर्न सकिन्छ ।

सेफ्टी फ्युज ट्रिगरहरू सहितका विष्फोटक:

- सुतली बम वा कपडा र धागोबाट बनाइने धागो बम
- सकेट बम वा ग्याल्भनाइज गरिएका प्लम्बिङ्ग ज्वाइन्टहरूबाट बनाइएका काम चलाउ हाते ग्रिनेट
- तारनियन्त्रित विष्फोटक
- सडकछेउमा राखिने बम
- बाल्टिन बम वा गमला बम जुन पीडितले प्रयोग गरेका उपकरणहरू पनि हुन सक्छन्
- सुधारिएको नियन्त्रित बारुदी सुरुङ
- पीडितद्वारा सञ्चालित विष्फोटक
- ब्यानर बम
- ट्रेम्बलर स्वीच
- रिमोट नियन्त्रित विष्फोटक
- क्लक वा वाच टाइमर बम
- रेडियो टाइमर बम
- पेजर बम
- कलवेल रिसिभर सहितका प्रेसर कुकर बम

(सिलवाल, २०६९, आईसीआरसी र एनआरसीएस, २०६८, पृष्ठ २१, डीएचएस, २०६१) ।

युद्धको बेला छाडिएका विष्फोटक पदार्थहरूको कारण घाइते भएको सम्बन्धमा २०६८ मा गरिएको अध्ययनले आधाभन्दा बढी चोटपटकको घटना सुतली र सकेट बमको कारण भएको जनाएको छ (बिलुखा, २०६८, पृष्ठ ३२८) । सार्वजनिक स्थलमा हानीरहित वस्तुका रूपमा सामान्यतया देखिने यस्ता उपकरणहरूले जिज्ञासु बालबालिकालाई प्राय: आकर्षण गर्ने भएकाले विशेषत: उनीहरू विष्फोटकसम्वन्धी चोटपटकबाट प्रभावित हुने गरेका छन् (पृष्ठ ३२९) ।

**तालिका** ४ वि.सं. २०६८ मा सर्वेक्षण गरिएका जिल्लाहरूमा बन्दुक हुने घरहरूको अनुमानित प्रतिशत र संख्या :

| | घरहरूको प्रतिशत | | घरधुरी संख्या | | | |
|---|---|---|---|---|---|---|
| | प्रत्यक्ष | अप्रत्यक्ष | न्यून प्रत्यक्ष | न्यून प्रत्यक्ष | उच्च प्रत्यक्ष | उच्च प्रत्यक्ष |
| पहाड | १.४४ ५ | २.०७ ५ | १३,०१७ | १३,२५० | १५, ३९९ | १५,५०५ |
| तराई | १.२६ ५ | ५.२९ ५ | २८,४२६ | ५५,०४९ | ३५,२२३ | ६८,०६९ |
| कुल | १.३४ ५ | ३.८० ५ | ४१,४४४ | ६८,२९९ | ५०,६२२ | ८३,५७३ |

**टिपोटः** प्रत्यक्ष अनुमानले स्वामित्वको जाहेरी गर्नेहरूलाई जनाउँछ। अप्रत्यक्ष अनुमानले सर्वेक्षणमा संलग्न व्यक्तिहरूले आफ्नो क्षेत्रमा कतिवटा घरमा वन्दुक छन् भनी दिएको जानकारीमा आधारित तथ्यांकलाई जनाउँछ।
**स्रोतः** आईडीए र स्मल आर्मस सर्वे (२०६९)।

३० वटा जिल्लामा बन्दुक हुने घरहरूको संख्या झण्डै ६१ हजार रहेका देखिएको छ। यो तथ्यांक वैधरूपमा दर्ता गरिएका अनुमानित ५५ हजार बन्दुकको संख्याभन्दा धेरै बढी छैन। जबकि पहाडी र तराई क्षेत्रमा (१.४ र १.३ प्रतिशत क्रमशः) घरमा रहेका बन्दुकको प्रतिशत करिब करिब समान रहेको छ। अप्रत्यक्ष अनुमानमा पहाडी जिल्लाहरूको तुलनामा तराईमा साना हतियार हुने घरको संख्या बढी भएको देखाउँछ (२.१ र ५.३  प्रतिशत क्रमशः)।

सर्वेक्षणमा सरिक थुप्रै व्यक्तिहरूले बन्दुक धारण गर्ने र स्वामित्वमा राख्ने व्यक्तिका विषयमा सोधिएको प्रश्नको जवाफ दिन असजिलो माने। तीमध्ये केहीले प्रश्नोत्तर कार्यक्रममा सहभागी हुन नै चाहेनन्। बन्दुकबारे कुराकानी गर्दा देखिएको यस उच्च संवेदनशीलताले वन्दुकको स्वामित्व अनुमान गर्ने प्रयासमा असर परेको छ। लक्षित समूहका सदस्यहरूले अवैध ढंगले स्वामित्वमा राखिएका बन्दुकबारे जानकारी दिन नरुचाएको पाइयो। एकजना सहभागीले भने, ' हामी आफूसँग सुरक्षाका लागि रहेको हतियारबारे जानकारी दिन सुरक्षित ठान्दैनौं।' वास्तवमा अवैध हतियार राख्ने अपराधका लागि अत्यधिक ५ वर्ष लामो कारावास सजाय र १ लाख नेरु जरिवाना हुनसक्छ (नेपाल, २०२०, अनुच्छेद २०- २)।

पर्साका एक पुरुषले भने, 'एक वर्ष अघिको अवस्थाको तुलनामा अवैध हातहतियार साथमा राख्नु गाह्रो भइसकेको छ। प्रशासनले काडाइ गरेका कारण त्यतिबेला जस्तो अहिले खुल्ला रूपमा हतियार बोकेर हिंड्न सक्ने अवस्था छैन।' २०६४ सालयता नेपाल प्रहरीले सर्वसाधारणसँग रहेको अवैध साना हतियारको समस्या समाधान गर्ने क्रममा १ हजार ३ सयभन्दा बढी हतियार जफत गऱ्यो, लुकाई-छिपाई हतियार राख्नेलाई कानुन मिचेको भन्दै गिरफ्तार गर्न थालेकोले पनि सहभागीले यस्तो महसुस गरेको हुनुपर्दछ (हिमालयन टाइम्स, २०६९ख, तालिका ५ हेर्नुहोस् )।

*तालिका* ५ वि.सं. २०६४-०६९ मा नेपाल प्रहरीले जफत गरेका हतियार:

| आर्थिक वर्ष | घटनाको संख्या | गिरफ्तार गरिएका व्यक्तिको संख्या | जफत गरिएका हतियारको संख्या |
|---|---|---|---|
| २०६४-०६५ | ४८० | ३५६ | २५६ |
| २०६५-०६६ | ४८० | ८०० | ४७३ |
| २०६६-०६७ | ४१७ | ६१८ | ३७५ वटा बन्दुक र ६५४ वटा गोली |
| २०६७-०६८ | तथ्यांक छैन | ५७४ | तथ्यांक छैन |
| २०६८-०६९ | तथ्यांक छैन | ७०९ | २३९ वटा बन्दुक र १६७७ वटा गोली |

**स्रोत:** युएनआरसीपीडी, कोइराला, (२०६९), काठमाडौं पोष्ट, (२०६९ख)

जफत गरिएका हतियारहरूमा रिभल्वर, घरमा निर्मित पिस्तोल (नल कटुवा), ९ एमएम पिस्तोल, सिक्सर[८८] चाइनिज पिस्तोल, ७.६५ एमएम बन्दुक र दुई नाले कटुवा पिस्तोल लगायत राइफलहरू रहेका छन् (युएनआरसीपीडी) तर यी हतियारले सम्भवत: सर्वसाधारणको स्वामित्वमा रहेको बन्दुकको सानो प्रतिशतलाई मात्र प्रतिनिधित्व गर्दछ। यसले गर्दा बन्दुक संकलन गर्ने थप दिगो प्रयास वा दर्ता गर्ने राम्रो प्रणालीको आवश्यकता देखिन्छ।

हालै सञ्चार माध्यमले नागरिकहरूले राखेका साना हतियारको संख्या बढेको प्रतिवेदन बाहिर ल्याएपनि (हिमालयन टाइम्स, २०६९ग, २०६९ङ) सर्वेक्षणमा सहभागी व्यक्तिहरूले बन्दुकको अवस्था सामान्यत: स्थिर रहेको वा २०६७ देखि २०६८ सम्म यसमा सुधार समेत आएको बताएका छन्। तीमध्ये करिब ५० प्रतिशत व्यक्तिले कसरी अवस्थामा परिवर्तन आयो भन्नेबारे आफूलाई थाहा नभएको जनाए (चित्र १७ हेर्नुहोस्)।

**चित्र १७** क्षेत्रीय आधारमा २०६७ देखि २०६८ सम्म बन्दुकको परिमाणमा आएको परिवर्तन अनुभूति:




**स्रोत:** आईडीए र स्मल आर्मस सर्वे २०६९

अन्तर्वार्तामा सहभागी केही व्यक्तिले आफ्नो क्षेत्रमा रहेका बन्दुकहरू युद्धको परिणाम भएको र सामन्यतः त्यसको प्रयोग नगरिएको बताए । मोरङ्गका एक दलित युवाले भने, 'केही प्रौढ पुरुषहरूसँग एउटा वा दुईवटा अनुमति प्राप्त पिस्तोल हुनुपर्छ भन्ने मलाई लाग्छ । डकैतीको बेला आफू र आफ्ना परिवारको रक्षा गर्न उनीहरूले हतियार राखेका हुन् । तर जेहोस्, उनीहरूले ती हतियार प्रयोग गरेको मैले देखेको छैन भन्ने जबाफले प्रतिवेदनलाई राष्ट्रिय स्तरमा सामान्यीकरण गर्न गाह्रो हुने र क्षेत्रीय तथा स्थानीय स्तरमा सूक्ष्म स्तरमा अनुगमनको आवश्यकता पर्ने हुन्छ ।

### *उद्‌गम र वितरण*

समुदायमा साना हतियार प्राप्त गर्ने सम्भावनाबारे अन्दाज गर्न आग्रह गर्दा सर्वेक्षणमा सरिक अधिकांश व्यक्तिले आफ्ना समुदायमा यस्तो कारोबार हुने नगरेको बताए । जबकि केही व्यक्तिले साना हतियारहरू खरिद गर्नु गाऱ्हो र गोप्य मामिला भएको बताए (चित्र १८ हेर्नुहोस्) । रोल्पाकी एक दलित युवतीले बताइन् 'पहिला पहिला हाम्रै गाउँमा घरैमा बन्दुक बनाइन्थ्यो तर अहिले त्यो अवस्था छैन । सायद मानिसहरू बाहिरबाट बन्दुकहरू किन्छन् ।

बन्दुकको उत्पादन कार्य विशेषतः भारततर्फ स्थानान्तरण भएको देखिन्छ । ओसार-पसारकर्ताहरूले दुई देशबीचको खुल्ला सीमाको फाइदा उठाउँदै बन्दुक र गोलीगठ्ठा नेपालतर्फ तस्करी गर्ने गरेको देखिन्छ । वास्तवमा सम्पूर्ण सर्वेक्षणमा सरिकमध्ये ३८ प्रतिशतले बन्दुकको प्रमुख स्रोत भारत भएको बताए । भारतसँग लामो सीमा जोडिएको तराईमा उपलब्ध हुने बन्दुकको प्रमुख स्रोत भारत नै भएको ४४ प्रतिशतले उल्लेख गरे (चित्र १९ हेर्नुहोस्) ।

नेपालमा बन्दुकको स्रोतहरूमध्ये प्रमुख स्रोत भारतीय भूमि हो भन्ने जानकारी कुनै नौलो होइन । तर, द्वन्द्वको बेला उक्त भूमिलाई अझ बढी सक्रिय बनाइयो । त्यतिबेला माओवादी समूहले बेलौरी, कञ्चनपुर जिल्ला र मेलौली, डडेलधुरा तथा बैतडी जिल्लाका सीमामा रहेका नाकाहरूबाट हतियार तस्करी गरे (आरएओ) । त्यतिबेला माओवादीहरूको तस्करी गर्ने मार्ग तिब्बती सीमाको हुम्ला र दार्चुला जिल्लाका नाकाहरू वा नेपाल-भारत सीमाको विभिन्न नाकासम्म बने (आरएओ, नक्सा ४ हेर्नुहोस्) । यस क्षेत्रमा भारतको लखनउ र कानपुर निरन्तर सबैभन्दा ठूला बन्दुक बजारका रूपमा रहे (टाइम्स अफ इन्डिया, २०६२, खत्री, २०६८) ।

द्वन्द्वको अन्त्यपछि पनि भारतीय विहार र उत्तर प्रदेश राज्यहरूबाट साना हतियारको तस्करी जारी रह्यो । ती बन्दुकका उद्‌गम शहरहरूमा बनबासा, गौरीफन्टा, जोगवनी, लौकी, लखनउ, मुजफ्फपुर, रक्सौल र सुनौली प्रमुख छन् (खत्री, २०६८, हिमालयन टाइम्स, २०६९ग, २०६९ङ) । अधिकांश लक्षित समूहका सहभागीहरू र अन्तर्वार्ता लिइएकाहरूले अवैध वस्तुहरूको ओसार-पसार रोक्नका लागि सीमा नियन्त्रण कडा परिनुपर्ने जनाए तर, सीमा नियन्त्रणको कुरामा सहभागीहरू संवेदनशील देखिए । नेपाल र भारतमा स्वतन्त्र आवत-जावतमा भर परेका सीमाक्षेत्रका वासिन्दाको जीवनस्तरमा कम असर पर्ने गरी यस्तो कडाइको कदम होशियारीपूर्वक अपनाइनुपर्ने सहभागीमध्ये केहीको अवधारणा थियो । झापाका एकजना प्रौढ जनजाति पुरुषले भने, 'सीमाको आवागमनमा नियन्त्रण गरिंदा सुरक्षामा वृद्धि हुने भएपनि यसले दैनिक उपभोग्य




नक्सा ४ हतियार तस्करी हुने बाटो, २०६२ र २०६९

Sources: Himalayan Times (2012c); Khatri (2011); RAO (n.d.); Times of India (2005)

**चित्र १८, वि.सं. २०६८ मा हतियार प्राप्त गर्न सजिलो भएको बुझाइ ।**




**स्रोतः** आईडीए र स्मल आर्मस सर्वे (२०६९) ।

**चित्र १९ अवैध बन्दुक र गोलीगठ्ठाको अनुमानित स्रोत :**




**स्रोतः** आईडीए र स्मल आर्मस सर्वे (२०६९) ।

वस्तुहरूका लागि भारतीय बजारमा भरपर्ने व्यक्तिहरू र कृषकहरूको दैनिक जीवनमा नकारात्मक असर पर्दछ ।'

बन्दुकहरूको मूल्यमा तिनीहरूको उपलब्धता र उत्पादन क्षेत्रसम्मको दुरीले प्रत्यक्ष असर गर्दछ। तराई र सीमाक्षेत्रको तुलनामा पहाडी र गैरसीमा क्षेत्रहरूमा बन्दुक बढी महँगो हुने संकेत दिँदै सर्वेक्षणमा सरिक व्यक्तिहरूले विभिन्न बन्दुकका अनुमानित मूल्यहरू उपलब्ध गराएका छन् (तालिका ६ हेर्नुहोस्) । राइफलभन्दा औसतमा पिस्तोल र रिभल्वर बढी महँगो हुने भएकाले

## नक्सा ५ बन्दुक निजी स्वामित्वमा राख्ने घरधुरी संख्या र प्रतिशत, जिल्ला स्तर, २०६८




**स्रोत:** आईडीए र स्मल आर्मस सर्वे (२०६९)।

सजिलै बोकेर हिंड्न मिल्ने हतियारको माग बढी रहेको देखिएको छ । कारखानामा उत्पादित हतियारको तुलनामा घरमै निर्मित बन्दुकको मूल्य झण्डै ५० प्रतिशत कम रहने गएको छ ।

*तालिका* ६ २०६८ मा अनुमानित बन्दुकहरूको मूल्य, ने.रु.मा

| | सम्पूर्ण | वनस्पति-जीवजन्तुसँग सम्बन्धित वातावरणीय क्षेत्र | | सीमासँग निकट क्षेत्र | |
|---|---|---|---|---|---|
| बन्दुकको प्रकार | औसत मूल्य | तराईमा औसत मूल्य | पहाडमा औसत मूल्य | सीमाक्षेत्रमा औसत मूल्य | गैरसीमा क्षेत्रका जिल्लामा औसत मूल्य |
| पिस्तोल वा रिभल्वर | १०,००० | ९,००० | १२,००० | १०,००० | १०,००० |
| स्वचालित राइफल | ९,६१५ | ८००० | १०,००० | ६००० | १०,००० |
| घरमा निर्मित बन्दुक | ६००० | ५००० | ६००० | ७००० | ५५०० |

**स्रोतः** आईडीए र स्मल आर्मस सर्वे (२०६९) ।

हालसालैको प्रतिवेदनका अनुसार अधिकांश यस्ता अवैध हातहतियारको गन्तव्य नेपालको समथल भूमि नभई उच्च जनघनत्व भएका शहरी क्षेत्र हुन् । विशेषगरी काठमाडौं उपत्यकाका १० हजार घरमा अवैध बन्दुक भएको अनुमान गरिएको छ (खत्री, २०६८) काठमाडौंमा बन्दुकका व्यापारीहरूले भारतबाट ल्याइने बन्दुक पाँचदेखि दश गुणा बढी मूल्यमा विक्री गर्नसक्छन् (खत्री, २०६८) । काठमाडौं धेरै मुनाफा कमाइने ठाउँ भएकाले तस्करहरूले यस व्यापारलाई यहाँ तीव्रता दिएका छन् । महानगरीय प्रहरीले अवैध हातहतियार ओसार-पसारका कारण स्थानीय बासिन्दा र पर्यटकहरूलाई खतरा पुगिरहेको जनाउ दिएको छ । अधिकांश यस्ता हतियार ठमेल र सिन्धुपाल्चोकको तातोपानी क्षेत्रहरू हुदै भित्रिने गरेका छन् (न्यु केरला २०६९) । केहीले ललितपुर र मकवानपुरका विभिन्न नाकाबाट पनि हतियार भित्रिने गरेको बताएका छन् (नक्सा ४ हेर्नुहोस्) ।

सर्वेक्षणमा सरिक व्यक्तिहरले बन्दुकहरू काठमाडौं उपत्यकामा केन्द्रित हुने गरेको बताए । भक्तपुर, ललितपुर र काठमाडौंका झण्डै ५० प्रतिशत अन्तर्वार्ता लिइएका व्यक्तिहरूले आफ्नो क्षेत्रमा 'अत्यन्त *थोरै*' वा 'अधिकांश' घरमा बन्दुक भएको दावी गरेका छन् (नक्सा ५ हेर्नुहोस्) ।

यी तथ्यहरूले सशस्त्र हिंसा र अपराधको वितरणमा यस अघिका निचोडहरू र विशेषगरी आर्थिक अवसर, उच्च जनघनत्व र साना हतियारप्रतिको आकर्षणलाई पुष्टि गर्दछन् । गाउँभन्दा शहर र पातलोभन्दा बाक्लो वस्ती भएको ठाउँमा हतियार अधिक देखिन्छ ।

प्रमुख व्यापार मार्ग नजिकका तराईका थुप्रै जिल्लाहरू (बाँके, बर्दिया, दाङ, पर्सा र सर्लाही) नजिक पनि उच्च परिमाणमा बन्दुक देखिने गरेका छन् । तर चाखलाग्दो कुरा, तराईमै पर्ने तथा आकर्षक पर्यटकीय गन्तव्य राष्ट्रिय निकुञ्ज रहेको चितवनमा भने छिमेकी जिल्लाहरूको तुलनामा प्रतिघर बन्दुकको स्वामित्व संख्या कम रहेको देखिन्छ । जिल्लाहरूमा बन्दुकको वितरणमा देखिएको भिन्नताले अवैध साना हतियार व्यापार र हतियारजन्य हिंसालाई राष्ट्रिय स्तरमा भन्दा बढी स्थानीय स्तरमा विश्लेषण गरिनुपर्ने यस अधिका तथ्यहरूलाई पछिल्लो सर्वेक्षणले पनि जोड दिएको छ ।

## *बन्दुकप्रतिको धारणा*

नेपालमा बन्दुकहरूको मागको अवस्था हेर्दा साना हतियारहरूमाथिको सम्पूर्ण धारणाप्रति निकट अवलोकन गरिनुपर्ने जनाउँछ । सर्वेक्षणमा सहभागी व्यक्तिहरूमध्ये अधिकांशले अर्थात् ८० प्रतिशतभन्दा बढीले बन्दुकहरू खतरा वा असुरक्षाको प्रवर्धक भएको दावी गरेका छन् (चित्र २० हेर्नुहोस्) ।

यी नकारात्मक धारणा नाम चलेका व्यक्तिहरूमाथि हतियारको प्रयोग गरी भएका अपराधका कारण सिर्जना भएका हुन्, जो यस सर्वेक्षणको सुरुवात हुनुभन्दा एक वर्षअघि भएका थिए ।[८९] यस अतिरिक्त साना हतियारको प्रयोग गरी डर, धम्की, हत्या, जवर्जस्ती चन्दा असुलीजस्ता कार्यहरू वर्षभरि भइरहे । सर्वेक्षणमा सरिक व्यक्तिहरूमध्ये १० प्रतिशतभन्दा कमले साना हतियारले सुरक्षा बढाएको बताए र आफूसँग बन्दुक रहेको बताउनेहरूले पनि हतियार साथमा राख्नुको कारण निजी सुरक्षा र परम्परा रहेको स्वीकारे ।

**चित्र २०** बन्दुकप्रतिको धारणा, वि.सं. २०६८




**स्रोतः** आईडीए र स्मल आर्मस सर्वे (२०६८) ।

यसविपरीत सर्वेक्षणमा सहभागी व्यक्तिहरूले आफूसँग बन्दुक नरहेको र आफ्नो सुरक्षा स्थितिमा नाटकीय ढंगले नबिग्रिएसम्म निकट भविष्यमा पनि बन्दुक प्राप्त गर्नेतर्फ सोचाइ नबनाएको बताए । तीमध्ये झण्डै ५० प्रतिशतले आफ्नो सुरक्षा परिस्थितिले बन्दुक प्राप्त गर्नुपर्ने आवश्यकता नदेखाएको बताएका छन् (चित्र २१ हेर्नुहोस्) । साथसाथै झण्डै एक तिहाई व्यक्तिले बन्दुकहरूले आफ्ना परिवारलाई खतरा हुने र दुर्घटनावश चोटपटकको जोखिम बढाउने कुरामा आफूहरू विश्वस्त रहेको बताए ।

**चित्र २१** सर्वेक्षणमा सहभागी व्यक्तिहरूद्वारा बन्दुक नराख्ने कारणको खुलासा (२०६८) ।




**स्रोतः** आईडीए र स्मल आर्मस सर्वे (२०६८) ।

यी प्राप्त तथ्यहरूले केही समयका लागि बन्दुकहरूको माग अपरिवर्तनीय रहेको देखाउँछन् । यद्यपि सर्वेक्षणमा सरिक व्यक्तिहरूमध्ये ८ प्रतिशतले पैसा नभएको कारण आफूहरूले बन्दुक राख्न नसकेको बताए ।

बन्दुकसँग सम्वन्धित असुरक्षाहरूबाट राहत पाउनका लागि कस्ता कदमहरू चाल्न सकिन्छ भन्ने प्रश्नमा सहभागीको धारणा यस प्रकार पाइयो :

- ८२ प्रतिशतले बन्दुक वा विस्फोटक पदार्थको अवैध स्वामित्वमाथि कडा प्रतिबन्ध लगाउन आह्वान गरे ।
- ७८ प्रतिशतले बन्दुक राख्नेहरूमाथि बढी सजाय र जरिवाना गरिनुपर्ने बताए ।
- ६६ प्रतिशतले विनाकुनै कारवाही हतियार समर्पण गर्न, अनुमति दिन, अस्थायी रूपमा हतियार क्षम्य कानुन लागु गर्नुपर्ने, र
- ६३ प्रतिशतले बन्दुक स्वामित्व नियन्त्रणलाई बढावा दिन बन्दुकका लागि अनुमतिपत्रको व्यवस्था गरिनुपर्ने बताए (आईडीए र स्मल आर्मस सर्वे २०६९) ।

जबकि अन्तर्वार्ता लिइएका अधिकांश व्यक्तिले बन्दुक स्वामित्वको वृहत् नियम पालना फाइदाजनक हुनेमा सहमति जनाए, उनीहरूले बन्दुकहरूलाई आत्मरक्षाका लागि पनि प्रयोग गर्न सकिने बताए । सर्लाहीका एक दलित पुरुषले भने-

> *कसैले पनि विनाअनुमतिपत्र हतियार राख्न पाउनुहुन्न । हतियारले राम्रो र नराम्रो दुवै परिणाम दिन सक्छ । प्रहरीको अनुपस्थितिमा हामीसँग हतियार भएको खण्डमा हामीले आफ्नो रक्षा गर्न सक्छौं, तैपनि दर्ता नगरिएका हतियारहरू समाजका लागि खतरा हुन् ।*

हतियारको स्वामित्वलाई क्षमा दिने विषयलाई लिएर सर्वेक्षणमा सरिक अधिकांश व्यक्तिहरूको धारणा धेरै विभाजित रहेको पाइयो । बाँकेका एक दलित महिलाले विनाकुनै सँजाय बन्दुकहरू समर्पण गर्ने अनुमति दिइँदा अवैध हतियार नियन्त्रणमा सहयोग पुग्ने बताइन् । अन्य सहभागीले यसरी छुट दिदा सरकारले कानुन तोड्न प्रोत्साहन दिएजस्तै हुने र लामो समयपछि यसको नकारात्मक असर देखिने बताए । सुनसरीको एक उपल्लो जातकी महिलाले यस्तो नीतिले अपराध वृद्धि गर्न सक्ने धारणा राखिन् ।

## निष्कर्ष

नेपालको सशस्त्र हिंसा विशेषतः वाइसाइकलको चेन र लठ्ठी लगायत परम्परागत धारिला हतियारहरू (जस्तै खुकुरी र चक्कु) विष्फोटक र बन्दुकहरूजस्ता कच्चा तथा काम चलाउ हतियारहरूमाथि निर्भर छ । नागरिक स्वामित्वमा रहेका बन्दुकको निश्चित संख्या विवादास्पद छ । यद्यपि तथ्यांकले दावी गरिएका बन्दुक र प्रयोगमा रहेका बन्दुकको संख्याबीच ठूलो भिन्नता रहेको देखाउँदै सही दर्ता अभ्यासको आवश्यकतामाथि जोड दिइन्छ । सम्भवतः विषयबारे राम्ररी जानकारी नभएर अथवा डरबाट निर्देशित भएर पनि होला, सर्वेक्षणमा सहभागी व्यक्तिहरू बन्दुकलाई स्थानीय स्तरको अत्यन्तै संवेदनशील विषय मान्दै त्यसबारे कुरा गर्न रुचाउँदैनन् ।

काठमाडौं उपत्यका र अन्य शहरी केन्द्रहरू लगायत थुप्रै तराईका जिल्ला, छिमेकी राष्ट्र भारतको विहार र उत्तर प्रदेशबाट तस्करीका रूपमा आउने अवैध हतियारको प्रमुख गन्तव्यहरू हुन् । हाल नागरिकको स्वामित्वमा रहेका अवैध बन्दुकहरू संकलन गर्नु र स्थानीय जनतालाई हानी नपुऱ्याईकन अवैध हतियार ओसार-पसार रोक्नु अझै चुनौतीको विषय रहेको छ ।

# ५ सुरक्षा प्रदायक

असुरक्षाहरू बढिरहेको विषयलाई ध्यानमा राखेर सरकारी राष्ट्रिय निकाय र स्थानीय समुदायले सुरक्षा प्रवर्धनका लागि थुप्रै औपचारिक र अनौपचारिक संयन्त्रहरू चलाएका छन् । प्रमुख सुरक्षा प्रदायहरूको समष्टिगत पहुँच र प्रभावकारिता थाहापाउन सर्वेक्षणले औसत बासिन्दाको दृष्टिकोणबाट विभिन्न कदमहरूको सूची खोजेको छ ।

## सुरक्षा व्यवस्थाको अंकगणित : को र कति ?

सर्वेक्षणमा सरिक व्यक्तिहरूले नेपालमा नेपाल प्रहरी, सशस्त्र प्रहरी फौजदेखि मानव बसोवास क्षेत्रका समूहहरू र स्थानीय गन्यमान्य व्यक्तिजस्ता थुप्रै सुरक्षा प्रदायकहरू पहिल्याएका छन् (चित्र २२ र तालिका ७ हेर्नुहोस्) ।

**चित्र २२** समुदायमा सबैभन्दा प्रमुख सुरक्षा प्रदायकको भन्ने धारणा (२०६८) :




**टिपोट:** संख्या ३,०४८
**स्रोत:** आईडीए र स्मल आर्मस सर्वे (२०६९) ।

सर्वेक्षणमा सरिक व्यक्तिहरू मध्ये आधाभन्दा बढी (५९ प्रतिशत) ले नेपाल प्रहरी र सशस्त्र प्रहरी फौज  प्रमुख सुरक्षा प्रदायक भएको बताए । करिब १९ प्रतिशतले बुढापाका र अन्य सम्मानित स्थानीय व्यक्ति र ११ प्रतिशतले छरछिमेकी र समुदायका समूहहरूलाई प्रमुख सुरक्षा

प्रदायकको संज्ञा दिए । बाँकी व्यक्तिहरूले राजनीतिक पार्टीदेखि सामुदायिक सुरक्षा समूहहरू र निजी सुरक्षा गार्डहरू समेतलाई  सुरक्षा प्रदायक समूहको रूपमा लिए ।

**तालिका ७** समुदाय स्तरमा प्रमुख सुरक्षा प्रदायकहरू, २०६९

| | |
|---|---|
| नेपाल प्रहरी | लामो समय अघिदेखि नै विभिन्न रूपमा अस्तित्वमा रहे तापनि गृहमन्त्रालयको मातहतमा रहेको यो निकाय २००८ सालमा आधिकारिक रूपमा स्थापित भएको हो । बलः ६१, १७१, महिला ४,४९२ लगायत (नेपाल प्रहरी, २०६९, सिएनटिभी, २०६९) । |
| सशस्त्र प्रहरी फौज | सशस्त्र बाहिनी र सशस्त्र सहायक बाहिनी मिलाएर २०५८ सालमा आधिकारिक रूपमा गठन गरिएको अर्धसैनिक फौज (सशस्त्र प्रहरी, २०६९) । बल ४० हजारभन्दा बढी (श्रेष्ठ, २०६८), ३२१ महिनासहित (थापा) । |
| नेपाली सेना | कानुनी आधारः २०६३ को अन्तरिम संविधानको धारा १४४ र १४५ (नेपाली सेना, २०६९) मुख्यतया सशस्त्र बाहिनी र डिभिजनहरू मिलाएर रक्षा मन्त्रालयको मातहतमा रहने गरी बनाइएको । अनुमानित बल १,०५,००० (डुक्वेस्ने, २०६८,  पृष्ठ ७०) १,०७३ महिलासमेत (नेपाली सेना, २०६९) । |
| समुदाय तथा छरछिमेक सुरक्षा समूह | समुदायमा सुरक्षा व्यवस्था कायम राख्ने काममा संलग्न सदस्यहरू कति संख्यामा नेपालमा सक्रिय रहेका छन् भन्ने स्पष्ट हुन सकेको छैन । |
| राजनीतिक पार्टी | समुदाय स्तरमा सुरक्षा र असुरक्षा दुवै प्रवर्धन गर्न, राजनीतिक पार्टीका भ्रातृ समूहसमेत, पार्टीका स्थानीय शाखाहरू (आईडीए र स्मल आर्मस सर्वे, २०६९) । |
| बुढापाका तथा स्थानीय गन्यमान्य व्यक्ति | स्थानीय स्तरमा परम्परागत किसिमका मध्यस्थकर्ता, प्रत्येक समुदायमा विवाद समाधानको एउटा निश्चित संयन्त्र हुने भएकाले स्थान (समुदाय वा गाउँ) लगायत स्थानीय जातजाति वा धार्मिक आवद्धताले मध्यस्थताको स्वरूप प्रभावित हुन्छ ।[९०] |
| निजी सुरक्षा समूह[९१] | द्वन्द्वको समाप्ति सँगै संख्यात्मक रूपमा बढेको निजी सुरक्षा कम्पनीहरूको संख्या २०६३ मा २६९ रहेकोमा २०६६ मा ७०० भन्दा बढी पुग्यो (डिक्याफ, २०६७ पृष्ठ २२६) । २०६३ को कम्पनी कानुन अन्तर्गत स्थापना भएका तिनीहरूलाई क्षेत्रीय र स्थानीय प्रहरीले नियमन गर्ने गरेका छन् (फुयाल र उर्स्कलर, २०६६) । जेहोस्, प्रत्यक्ष बाह्य नियन्त्रण भने सीमित बनाइएको छ । तिनीहरू धेरैजसो अन्य राष्ट्रहरूमा सेवा गरेर कमाइएको आयमाथि निर्भर रहन्छन् ।[९२] चर्चित गोर्खा योद्धाहरूले[९३] नेपाली सुरक्षाकर्मीहरूको अन्तर्राष्ट्रिय मागमा योगदान दिएका छन् । |

अनुमानित समष्टिगत राज्य सुरक्षा प्रदायकहरू (नेपाल प्रहरी, सशस्त्र प्रहरी फौज र नेपाली सेना) को परिमाण २ लाख नाघ्छ । यसरी हेर्दा १ लाख नागरिकका भागमा करिब ७ सय ७० जना सुरक्षाकर्मी पर्न आउँछन्[९४] । प्रति १ लाख बासिन्दाको भागमा २ सय २५ प्रहरी पर्न आउँछ । यो संख्या संयुक्त राष्ट्रसंघले तोकेको प्रति १ लाख व्यक्ति वरावर न्यूनतम २ सय २२ जना सुरक्षाकर्मी

हुनुपर्ने प्रावधानभन्दा अलि बढी नै छ (चौधरी फिन्क, २०६६, पृष्ठ १) क्षेत्रीय रूपमा हेर्ने हो भने नेपालमा प्रतिव्यक्ति प्रहरीको दर भारतको (जहाँ प्रति १ लाख बरावर १ सय ३० रहेका छन्) तुलनामा झण्डै दोब्बर र चीनको (जहां प्रति १ लाख बरावर २ सय ५ पर्न आउँछन् ) भन्दा बढी रहेको छ। विश्वव्यापी औसत (प्रति १ लाख वरावर ३ सय १४) हेर्दा भने यो संख्या कमै रहेको छ (फ्लोरकिन, २०६८, पृष्ठ १-५) ।[९५]

यी तथ्यांकहरूलाई होसियारीपूर्वक विश्लेषण गरिनुपर्छ किनकि यसले भौगोलिक दूरीलाई ख्याल गर्दै प्रहरी फौजले कति समयभित्र अपराध स्थलमा पुग्नुपर्छ भन्ने कुरा समेट्दैन। नेपालमा जनसंख्याको २५ प्रतिशतले नजिकको प्रहरी चौकीमा पुग्न एक घण्टाभन्दा लामो यात्रा तय गर्नुपर्छ (तथ्यांक विभाग, २०६८ख, पृष्ठ ५२) यो प्रतिशत ग्रामीण क्षेत्रहरूमा अझै बढी हुनसक्छ जहाँ ५० प्रतिशतभन्दा कम बासिन्दा ३० मिनेटभित्र प्रहरी चौकीमा पुग्न सक्छन्। शहरमा भने झण्डै ९० प्रतिशत बासिन्दा सोही अवधिभित्र प्रहरी चौकीमा पुग्न सक्छन् (पृष्ठ ५६-५७)।

शहरी केन्द्रहरूमा बढ्दो जनघनत्वको कारण थप प्रहरीको आवश्यकता पर्दछ। काठमाडौं उपत्यकामा महानगरीय प्रहरीको संख्या करिब ३, १०० रहेको छ, अर्थात् प्रति १ लाख वासिन्दाको लागि १६९ प्रहरी छन्।[९६] यो संख्या राष्ट्रिय औसतको अनुपातमा निकै कम छ। सरकारले प्रहरीको उपकरणमा स्तर वृद्धि गर्न खोजेको देखिन्छ, जस्तो प्रहरीलाई सबारी साधन नियन्त्रण कक्ष र अन्य उपकरणहरूले सुसज्जित गरेको छ। यसले प्रहरी टोलीहरूलाई घटनास्थलसम्म चाँडै पुग्न मद्दत पुऱ्याउँछ (उप्रेती, २०६७, पृष्ठ २१८)।

प्रहरी र सशस्त्र फौज दुवैले ठूलो लैंगिक असन्तुलन भोग्नुपरेको छ, यद्यपि हालै यस अन्तराललाई सम्वोधन गर्ने प्रयासहरू गरिएका छन्। नेपाल प्रहरी सबैभन्दा बढी महिला (३,४५७ अधिकारी) रहेको सुरक्षा प्रदायक बनेको छ, २०६९ मा यसमा थप १,०२५ जना महिलालाई भर्ती गरिएको थियो (सिएनटिभि २०६९)। यस थप भर्ती बावजुद पनि महिलाको समष्टिगत प्रतिशत अझै न्यून रहेको छ। यो प्रतिशत ७ भन्दा अलि बढी छ।[९७] महिलाविरुद्ध हुने हिंसाको उपचारका लागि महिला प्रहरी बढाउने र सक्रिय गराउने सुझाब लक्षित समूहका सहभागीहरूको छ। महिला हिंसासम्बन्धी प्राप्त सूचनालाई सहजीकरण गर्न उनीहरूले महिला तर्फको प्रहरी कर्मचारीलाई बढी संवेदनशील बनाउनुपर्नेमा जोड दिएका छन्। सामान्यतया प्रौढ पुरुषहरूलाई सामुदायिक सहजकर्ताको जिम्मेबारी दिइएको छ, महिलालाई दिइएको छैन जसले गर्दा अनौपचारिक सुरक्षा समूहहरूमा लैंगिक असन्तुलन अझ बढी छ।

नेपालमा सञ्चालित निजी सुरक्षा गार्डको कुल संख्या अझैं थाहा हुन सकेको छैन। छिमेकी राष्ट्रहरूमा चलेका अभ्यासलाई नजिकबाट नियाल्दा सरकारी सुरक्षा व्यवस्थामा भन्दा निजी सुरक्षाप्रति धेरै लगाव रहेको देखिन्छ। उदाहरणका लागि भारतमा प्रति १ लाख जनताका लागि गार्डको दर ६१९ र चीनमा प्रति १ लाख व्यक्तिको लागि ३८१ जनाको व्यवस्था छ (फ्लोरिक्वन, २०६८)। राष्ट्रिय स्तरमा निजी सुरक्षा संस्थाको संख्यामा वृद्धि भइरहे पनि स्थानीय र सामुदायिक स्तरमा तिनीहरूको उपस्थिति न्यून रहेको छ (आईडीए र सेफरवर्ल्ड २०६६, पृष्ठ ३)। उनीहरूको प्रयोग सार्वजनिक र व्यापारिक वर्गले गरेका छन्, उनीहरूको सेवा विदेशमा पनि प्रदान गरिएको

छ । सुरक्षा गार्डमा सामान्यतया पूर्व सेना वा प्रहरी कर्मचारीलाई राख्ने गरिएको छ (फुयाल र उर्स्कलर, २०६६, पृष्ठ ९१) ।

लडाकुहरूलाई निजी सुरक्षा गार्डको रूपमा प्रयोग गरेर राजनीतिक पार्टीहरूले निजी सुरक्षा व्यवस्थाको अभ्यासलाई बढावा दिएका छन् (उप्रेती, २०६७, पृष्ठ २३१) । परिणामस्वरूप औपचारिक सुरक्षा प्रदायक र विशेषगरी जनपथ प्रहरीको भूमिकालाई सुदृढ बनाइएको छैन । राजनीतिक पार्टीका युवा समूहले नयाँ भूमिका र कार्यहरू सम्हालेका छन् । अहिले राजनीतिक पार्टीहरूसँग प्रत्यक्ष रूपमा आवद्ध भएको सर्वाधिक स्पष्ट देखिएका केही युवा समूहहरू निम्न लिखित छन् :

- नेपाल कम्युनिष्ट पार्टीको युवा जनसुरक्षा फौज
- मधेसी जनअधिकार प्रजातान्त्रिक मञ्चको युवा प्रजातान्त्रिक मञ्च
- मधेशी जनअधिकार मञ्चको नेपाल युवा मञ्च तथा युवा फौज
- राष्ट्रिय प्रजातन्त्र पार्टीको राष्ट्रिय प्रजातान्त्रिक युवा संगठन
- नेपाली कांग्रेसको तरुण दल
- तराई मधेश लोकतान्त्रिक पार्टीको युवा मोर्चा तथा युवा फौज
- एकीकृत नेपाल कम्युनिष्ट पार्टीको युवा कम्युनिष्ट लिग
- एकीकृत मार्क्सवादी लेनिनवादी पार्टीको नेपाल युवा संगठन (कार्टर सेन्टर, २०६८) ।[९८]

उनीहरूको यकिन संख्या अझै अस्पष्ट रहेपनि राजनीतिक पार्टीहरूले यी समूहको सयौं (जस्तै नेपाल कम्युनिष्ट पार्टी माओवादीको युवा जनसुरक्षा फौज र राष्ट्रिय प्रजातन्त्र पार्टीको युवा संगठनको हकमा) देखि १ लाख सदस्य (एकीकृत नेपाल कम्युनिष्ट पार्टी माओवादीको युवा कम्युनिष्ट लिगको हकमा) रहेको बताउँछन् (कार्टर सेन्टर, २०६८) ।[९९] यी समूहहरूले आफ्नो सदस्यता निर्माण, विकास कार्य, सामुदायिक सेवा (जस्तै वृक्षारोपण र सरसफाइ सहयोग कार्यक्रम) र जनसुरक्षा (जस्तै तस्करी समाधान) जस्ता विभिन्न गतिविधिमा संलग्नता जनाउने गरेका छन् । तर थुप्रै प्रतिवेदनहरूले उनीहरू जबर्जस्ती चन्दा असुली र टेण्डर प्रक्रियामा हस्तक्षेपजस्ता जनसुरक्षालाई ओझेलमा पार्ने गतिविधिमा पनि संलग्न रहेको देखाएका छन् (कार्टर सेन्टर, २०६८, पृष्ठ ३) ।

बाँकेकी एक दलित महिला बताउँछिन्, 'केही राजनीतिक पार्टीहरूसँग आवद्ध समूहहरू प्रायः कुटपिट, अपहरण (आफ्नो पक्षमा समर्थन नगर्नेहरूलाई) र हत्याजस्ता गतिविधिमा संलग्न रहने गरेका छन् ।' साथसाथै सर्वेक्षणमा सरिकमध्ये केही व्यक्तिले यस्ता समूहहरू समाज कल्याण वा सुरक्षा बढाउने इच्छाबाट भन्दा स्वेच्छाबाट अभिप्रेरित रहेको बताए ।

## संख्याभन्दा बाहिर: विश्वास, कार्य प्रस्तुति, जिम्मेवारी

सर्वेक्षणअनुसार अधिकांश सहभागी (८१ प्रतिशत) ले अपराध वा आक्रमणका बेला प्रहरीमाथि निर्भर रहने गरेका छन् । तर अझै दुई तिहाई सहभागीले आफूहरूले छिमेकीहरूको सहयोग खोज्ने गरेको, झण्डै ५० प्रतिशतले हिंसात्मक घटना घटेको खण्डमा परिवार र साथीहरूमाथि भरपर्ने गरेको बताए (चित्र २३ हेर्नुहोस्) ।

**चित्र २३** अपराधको घटना घट्दा सर्वेक्षणमा सहभागीहरूले प्रमुख सुरक्षा प्रदायकको रूपमा पहिल्याएको बल, २०६८




**टिपोट:** संख्या २,८८६ । बहु प्रतिक्रियाका लागि अनुमति दिइएको ।
*गाविस भन्नाले गाउँ विकास समिति ।
**स्रोत:** आईडीए र स्मल आर्मस सर्वे २०६९

सर्वेक्षणमा संलग्न व्यक्तिहरूले छिमेकी, साथीभाइ र परिवारका सदस्यहरूको सहयोगजस्ता अनौपचारिक संयन्त्रहरूलाई पनि महत्व दिएको देखिए पनि औपचारिक संयन्त्रहरूले प्रमुख स्थान पाएका छन् । यी प्रतिक्रियाहरूले राज्यका निकायहरूको शक्तिको वकालत गर्न सक्छन्, तर अपराधसँग जुध्न औपचारिक सयन्त्रहरूभन्दा परम्परागत सञ्जालहरू सम्भवत: अझ धेरै प्रभावकारी रहेको पनि देखाउँछ ।

सर्वेक्षणमा अन्तर्वार्ता लिइएका व्यक्तिहरूले राजनीतिक पार्टीहरूका भ्रातृ समूहहरू र जातीय, भाषिक वा धार्मिक समूहहरूबारे मिश्रित भावनामा अभिव्यक्त गरे । केही गाउँलेहरूले आफूलाई समस्या पर्दा गाउँ विकास समिति[१००]कार्यालय रोज्ने बताए । जवकी खोटाङका एक युवकले यस्ता समूहहरू त्यसमा पनि राजनीतिक पार्टीहरूसँग आवद्ध समूहहरू सुरक्षा व्यवस्थाको लागिभन्दा आफ्नो निहित स्वार्थपूर्तिका लागि उत्प्रेरित हुने गरेको बताए । युवा समूहहरू र वैकल्पिक सुरक्षा प्रदायकहरूको गतिविधिहरू भरपर्दो नभए तापनि सर्वेक्षणमा संलग्न एउटा सानो अल्पमत समूहले गैरराज्य सुरक्षा समूहहरू, विशेषगरी सामुदायिक तथा छरछिमेक निगरानी समूहहरूका सदस्य भएको स्वीकारेका छन् (चित्र २४ हेर्नुहोस्) ।

**चित्र २४ ले सुरक्षा समूहहरूमा सदस्यता देखाएको छ, २०६८ :**




**टिपोट:** संख्या ३, ०४८ ।
**स्रोत:** आईडीए र स्मल आर्मस सर्वे, २०६९

आफूहरूलाई एउटा सुरक्षा समूहको सदस्य रहेको बताउने सर्वेक्षणमा सरिकमध्ये अधिकांश व्यक्तिले विवादको घटनामा  समूहको सहयोग खोज्ने बताए । ठूलो बहुमत (९३ प्रतिशत) ले कुनै पनि पीडकहरूमाथि आफ्नो समूहले हस्तक्षेप गर्ने कुरामा विश्वस्त रहेको पनि बताए ।

प्रत्येक घर परिवारले लिएको भौतिक सुरक्षा कदमहरूलाई पुनरवलोकन गर्दा करिव ४६ प्रतिशतले सुरक्षाका कदमहरू नअपनाएको देखियो । जबकि करिब एक तिहाइले झ्यालहरूमा ग्रिल राखेको, अर्को एक तिहाइले घर वरपर बत्तीको व्यवस्था गरेको र करिब २० प्रतिशतले निजी रक्षाका लागि घरमा धारिला हतियार राखेको सर्वेक्षणले सार्वजनिक गरेको छ । यी तथ्यहरू शहरी तथा ग्रामीण नागरिकबीच र क्षेत्रहरूबीच फरक रहेका छन् । कुनै पनि सुरक्षाको उपाय नअपनाएको बताउनेको अनुपात शहरी र शहरी वरपरको क्षेत्रहरूमा भन्दा ग्रामीण क्षेत्रहरूमा बढी रहेको देखियो । यसबाट शहरी केन्द्रहरूमा हिंसा र अपराधको शिकार हुने त्रास बढेको देखिन्छ । त्यसैगरी रक्षात्मक कदमहरू नअपनाइएका घरहरूको संख्या तराईमा भन्दा पहाडी क्षेत्रमा उल्लेखनीय रूपमा बढि रहेको देखिन्छ ।

प्रहरी, राजनीतिक नेताहरू, परम्परागत र सामुदायिक नेताहरू र स्थानीय प्रशासन गाउँ विकास समितिहरू वा महानगरपालिकाहरूलाई विश्वास पहुँचता र जवाफदेहीताको आधारमा वरियताक्रममा राख्न सोधिएको प्रश्नको जवाफमा सर्वेक्षणमा संलग्न व्यक्तिहरूले तिनीहरूमध्ये सामुदायिक र परम्परागत नेताहरूलाई सवैभन्दा अग्रस्थानमा र त्यसको निकटमा नेपाल प्रहरीलाई राखेका छन् (चित्र २५ हेर्नुहोस्) ।

**चित्र २५** प्रहरी, राजनीतिक नेताहरू, परम्परागत वा सामुदायिक नेताहरू र प्रशासनको वरियता क्रम २०६८




**टिपोटः** संख्या ३,०१८ । मापन १ (सबैभन्दा कम) देखि ४ (सबैभन्दा बढी) ।
**स्रोतः** आईडीए र स्मल आर्मस सर्वे २०६९ ।

विश्वास, पहुँच र जावाफदेहितामा राजनीतिक नेताहरूले 'न्यून' र 'केही बढी' स्तरको मत पाएका छन् । सम्भवतः यो न्यून प्राप्ताङ्क नेताहरूलाई बढ्दो राजनीतिक अस्थिरताका साथै प्रशासनिक तथा न्यायिक कारबाहीमा समेत हस्तक्षेप गर्ने प्रवृत्तिका कारण हासिल भएको हो । लक्षित समूहका अधिकांश सहभागीहरूले बताएअनुसार राजनीतिक प्रभुत्व भएका व्यक्ति न्यायिक र प्रहरी कारवाहीमा व्यापक र खुल्लमखुला हस्तक्षेप गरिरहेका छन्, विशेषगरी थुनामा रहेका कार्यकर्ताहरूको रिहाइका लागि बढी दवाव दिने गरेका छन् (इन्सेक, २०६८क, पृष्ठ ८) ।

लक्षित समूहका सहभागीहरूले प्रहरीलाई कमजोर बनाउनुमा राजनीतिक पार्टीहरूले ९९ प्रतिशत भूमिका निभाउने गरेको दावी गरेका छन् । एकजना सहभागीले भने 'हामीले राजनीतिक स्थितिमा सुधार नगरेसम्म प्रहरी राम्रो हुन्छन् भन्ने मलाई लाग्दैन ।' राजनीतिक नेतृत्वको नकारात्मक प्रभावलाई इंगित गर्दै अन्तर्वार्ता लिइएका धनुषाका व्यक्तिहरूले राजनीतिले प्रहरी र सरकारी प्रशासन दुवैलाई दूषित पारेको बताउँदै राजनीतिक स्थिरता प्राप्त नभएसम्म अन्य संस्थाहरूको कार्यमा सुधार आउने सम्भावना नरहेको चेतावनी दिए । बर्दियाका एक व्यक्तिले भने, 'प्रहरी एक्लैले सुरक्षा व्यवस्था कायम गर्न सक्दैन । सुरक्षा अवस्थाका सुधारका लागि सामुदायिक सदस्यहरू र राजनीतिक पार्टीहरूको सहयोग आवश्यक पर्दछ ।'

**बक्स ४** नेपाल प्रहरी केन्द्रितः बल, शंका र स्तरहीन सेवा

सर्वेक्षणमा सरिक व्यक्तिहरूले समष्टिगत सुरक्षा अवस्थाको तुलनात्मक समीक्षा पनि गरेका छन् । यस प्रकारको समीक्षामा सकारात्मक, सामान्य र कमजोर भन्दै सहभागीहरूले प्रहरीका कामको विस्तारित मूल्यांकन गरेका छन् । अन्तर्वार्ता लिइएकामध्ये ४७ प्रतिशतले २०६७ देखि २०६८ सम्म प्रहरी सेवामा सुधार भएको दावी गरे जब कि ३८ प्रतिशतले यसमा कुनै परिवर्तन नआएको बताए । हेटौंडाका एक पुरुषले भने,

> *अघिल्लो वर्षहरूका तुलनामा सुरक्षा व्यवस्था धेरै राम्रो छ । प्रहरी फौज धेरै सक्रिय भएको छ र हामीले करिब दुई-चार बर्षअधिको जस्तो कुनै सुरक्षा कार्यदल खडा गर्नुपरेको छैन ।*

केही ठूला सुधारहरू तराईका जिल्लाहरूमा भएको देखिन्छ (नक्सा ६ हेर्नुहोस्) ।

लक्षित समूहका सहभागीहरू प्रहरीले सुरक्षा प्रदान गर्ने कार्यमा कति सफल छ भन्ने अनुगमनमा धेरै मौन देखिन्छन् । केहीले २०६७ देखि २०६८ सम्म प्रहरीहरू बढी सक्रिय भएको बताए । अन्यले प्रहरीहरू सेवाग्राहीका विशिष्ट चाहना पूरा गर्न योग्य रहेकोमा शंका व्यक्त गरे । तिनीहरूले अपराध अनुसन्धानमा राजनीतिक दवाव र हस्तक्षेप, भ्रष्टाचार, अक्षमता र पर्याप्त स्रोत-साधनको अभावलाई पनि इंगित गरे । कैलालीका एक प्रौढ पुरुषले भने, 'उनीहरूको संख्या अपराधीहरूको तुलनामा वा घटनास्थलको सही सूचना लिन पर्याप्त छैन ।' तर लक्षित समूहका अन्य सहभागीहरूले प्रहरीको संख्यावृद्धि गर्नुभन्दा पनि तिनीहरूको सीप र कार्यप्रणालीलाई सुधार गरिनुपर्ने बताए । पर्साका एक पुरुषले भने, 'प्रहरी अधिकारीहरूको संख्या बढाउँदैमा मात्र कुनै फरक पर्दैन । हामीलाई परिमाण हैन, गुणस्तर चाहिन्छ ।'

अधिकांश अन्तर्वार्ता लिइएका व्यक्तिहरूले प्रहरीको कार्यप्रति स्पष्ट लक्षित गर्दै प्रहरी अधिकारीहरूलाई थप तालिम दिइनुपर्ने विचारको समर्थन गरे । भक्तपुरका एक  गृहिणीले बताइन्, तालिमले सुरक्षाकर्मीलाई सुदृढ बनाउनुका साथै सुरक्षा अवस्थाको सुधारमा मद्दत पुऱ्याउन विविध सीप सिक्ने मौका प्रदान गर्दछ ।

प्रहरीको कार्यसम्पादनप्रति असन्तुष्ट सर्वेक्षणमा सरिक केही व्यक्तिहरूले केही निश्चित प्रहरी प्रमुखहरूको नेतृत्वमा आफ्ना समुदायमा अपराध घटेको महसुस गरेको समेत स्मरण गरे । यसले कसरी प्रहरीको कार्यसम्पादन सबैतिर समान बनाउने र घटनाक्रमको कार्यका आधारमा नभई प्रहरी संस्थाको कार्य सम्पादनलाई बलियो बनाउने भन्ने प्रश्न उब्जाउँछ ।

नक्सा ६ प्रहरीको प्रभावकारिता बढ्यो भन्ने सहभागीहरूको प्रतिशत, २०६७-२०६८, जिल्ला स्तर बक्स




**स्रोतः** आईडीए र स्मल आर्मस सर्वे (२०६९)।

## सुरक्षा कार्यक्रमहरूको रूपरेखा

सुरक्षाको बुझाइ नितान्त सीमित क्षेत्रदेखि भौतिक सुरक्षासम्म पुगिसकेकाले व्यापक सुरक्षा प्रवर्धन कार्यक्रमहरूको माग पनि बढेको छ। द्वन्द्वपछिको पुनर्निर्माणमा राज्यलगायत स्थानीय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत थुप्रै प्रयासहरू भएका छन्। यस अन्तर्गत ठाउँ-ठाउँमा हस्तकलाका सीपका लागि प्रशिक्षण, उत्पादन विकास केन्द्रहरूको निर्माण, कृषिजन्य भूमिको सुधार तथा प्रयोगका लागि कार्यक्रम, रकम अपचलन, जबर्जस्ती पैसा असुली र गुण्डागर्दी[१०१] रोक्ने कार्यक्रमहरू पर्दछन्। विशेषगरी तराई र पूर्वी पहाडहरूमा नियम-कानुन सुधार्नका लागि २०६६ मा गृहमन्त्रालयद्वारा सुरु गरेको विशेष सुरक्षा योजना एउटा उल्लेखनीय सुरक्षा सुधार परियोजना हो (युएनएससी, २०६६, पृष्ठ ५)।

यी नयाँ नीति-नियमका बावजुद पनि सर्वेक्षणमा संलग्न अधिकांश व्यक्ति (७५ प्रतिशत)ले सरकारद्वारा सञ्चालित यस्ता कार्यक्रमहरू आफ्ना समुदायहरूमा रहेको पहिल्याउन असफल भएको बताए। यी कार्यक्रमहरू पहिल्याउन नसक्नु कार्यक्रमको दायरा सानो भएकाले पनि हुनसक्छ। सामुदायिक विकास वा लैंगिक विषयहरूमा केन्द्रित कार्यक्रमहरूभन्दा प्रायगरी प्रहरीको उपस्थिति र भौतिक सुरक्षा प्रवर्धन परियोजनाहरू बढी उल्लेख रहेको पाइन्छ (चित्र २६ हेर्नुहोस्)।

**चित्र २६** क्षेत्रको आधारमा सरकारी नेतृत्वमा रहेका सुरक्षा प्रवर्धन कार्यक्रमबारे जनचेतना, २०६८




**टिपोटः** तराई, संख्या ३३९, पहाड संख्या १३८
**स्रोतः** आईडीए र स्मल आर्मस सर्वे (२०६९)।

यसले सरकारको सबैभन्दा स्पष्टसँग देखिने लक्ष्य भौतिक सुरक्षाको प्रत्याभूति दिलाउनु रहेको देखाउँछ। यद्यपि क्षेत्रीय भिन्नतालाई समन्वयात्मक रूपमा अघि बढाउनु पनि उसको प्राथमिकताको विषय हो। उदाहरणका लागि तराईका व्यक्तिहरूले पहाडी जिल्लाका व्यक्तिहरूलेभन्दा बढी यस्ता कार्यक्रमहरू रहेको बताए। यस भिन्नताले सायद अपराध र हिंसाको लागि उर्वर स्थानको संज्ञा

दिइएको तराईको सुरक्षा अवस्था र सरकारको प्रयासलाई प्रतिविम्वित गर्दछ (आईडीए, २०६८)। स्थानीय रूपमा कार्यान्वयन गरिएको विभिन्न किसिमका कार्यक्रमहरूबारे सर्वेक्षणमा संलग्न व्यक्तिहरूको जानकारी क्षेत्रीय रूपमा भिन्न रहेको छ। तराई क्षेत्रका व्यक्तिहरूले प्रहरी तथा भौतिक सुरक्षामाथि लक्षित कार्यक्रमहरूबारे धेरै थाहा पाएको देखियो भने पहाडका बासिन्दाले सामुदायिक विकास, लैंगिक विषय र युवा विषयमा लक्षित कार्यक्रमहरूलाई औंल्याए।

यी कार्यक्रमको लक्ष्य प्रायोजकअनुसार फरक पाइन्छ। उदाहरणका लागि गैससले नेतृत्व गरेका कार्यक्रमहरूले आर्थिक र लैंगिक आयामहरूमाथि बढी ध्यान दिएका छन्, जबकि प्रहरी कार्यक्रमहरूले सरकारी नेतृत्वमा रहेका योजनाहरूलाई बढी समेटेका छन्। अन्तर्वार्ता लिइएका र लक्षित समूहका सहभागीहरूले विषेशतः लागू औषध दुरूपयोग नियन्त्रण र महिलाहरूको पुनर्मेलमिलाप केन्द्रहरूको स्थापनाका लागि गरिएका महिला समूहहरूको प्रयासको प्रशंसा गरेका छन्। तैपनि अझै हेटौंडाका एक पुरुषले यी सफलताहरूका बावजुद धेरै महिलाहरूले अझै सम्वन्धित निकायहरूमा घरेलु हिंसाका घटनाहरूलाई उजुरी गर्न नरुचाएको दावी गरे (आईडीए र स्मल आर्मस सर्वे, २०६९)।

यस्ता कार्यक्रमहरूका लागि माग र आपूर्तिबीचको भिन्नता नाप्नका लागि सर्वेक्षणले सहभागी व्यक्तिहरूलाई आफ्ना क्षेत्रमा सुरक्षा प्रवर्धनका लागि सबैभन्दा महत्वपूर्ण र उपयोगी ठानिएका विषयवस्तुको सूची तयार गर्न अनुरोध गऱ्यो। ५८ प्रतिशतले रोजगारमूलक कार्यक्रमहरू आफूहरूको व्यक्तिगत सुरक्षाको सुधारका लागि सर्वोकृष्ट रहेको बताए। यी तथ्यहरूले बेरोजगारी र गरिबी हिंसाका प्रमुख कारण रहेको भन्ने अघिल्लो निचोडलाई पुष्टि गर्छ। सर्वेक्षणमा संलग्न व्यक्तिहरूले सुरक्षा प्रवर्धन र प्रहरी परिचालन (२८ प्रतिशत) आर्थिक विकास (२६ प्रतिशत) र बालबालिका, युवती र महिलाको वचावट (२१ प्रतिशत) मा लक्षित कार्यक्रम उपयोगी भएको जनाए (चित्र २७ हेर्नुहोस्)।

**चित्र २७** सर्वेक्षण सहभागीहरूले आफ्ना क्षेत्रमा सुरक्षा प्रवर्धनका लागि सर्वोत्कृष्ट ठहराएका कार्यक्रम, २०६८




**टिपोटः** संख्या ३०४८
**स्रोतः** आईडीए र स्मल आर्मस सर्वे (२०६९)

लक्षित समूहका सहभागी र गहन अन्तर्वार्ता लिइएकाहरूले छानबिन, कानुनी कारवाही र अदालती प्रक्रियाजस्ता न्यायिक मामिलाप्रति चिन्ता व्यक्त गरे । उनीहरूले व्यावसायिक रोजगार शिक्षा र सामाजिक समानतामाथि लक्षित कार्यक्रमहरूको लागि पनि आह्वान गरे । एकजना सहभागीले भने, 'समाधान भनेको धेरै प्रहरी परिचालन गर्नु हैन, बरु बेरोजगारीको विषय समाधान गर्नु हो ।' यस्तै, अर्का एक सहभागीको भनाइ थियो, 'हामी जनतालाई रोजगारी दिने र तिनीहरूलाई व्यस्त राख्ने कार्यक्रमहरू चाहन्छौं ।'

## निष्कर्ष:

नेपालको सुरक्षा व्यवस्था प्रौढ र ग्रामीण नेताहरू सम्मिलित समितिहरूजस्ता स्थानीय परम्परामा आधारित मिश्रित परम्परागत संयन्त्रहरूले बाँधिएको छ । राज्यका निकायहरू नागरिकलाई नियन्त्रण गर्ने वा दवाउने प्रयास गरिरहेका छन् । सर्वेणक्षमा संलग्न व्यक्तिहरूले गस्ती बढाएर प्रहरीले सुरक्षा अवस्थामा सुधार ल्याउने प्रयास गरिरहेको तर प्रहरीका भ्रष्टाचार, तालिमको अभाव र राजनीतिक हस्तक्षेपजस्ता कमजोरीहरूलाई नहटाएसम्म त्यो प्रभावकारी नहुने धारणा राखे । अन्तर्वार्ता लिइएकामध्ये केहिले प्रहरीको संख्यामा वृद्धिभन्दा तिनीहरूको तालिममा  प्राथमिकता दिइनुपर्ने र  प्रहरी सेवालाई स्तरीय बनाउनु पर्नेजस्ता विषयलाई उल्लेख गर्दै परिमाणभन्दा गुणस्तरको आवश्यकता रहेको बताए । सर्वेक्षणले राजनीतिक नेताहरूको संलग्नता र प्रहरी तथा न्यायिक अंगहरूमा उनीहरूको हस्तक्षेपले नकारात्मक असर पारेको र नागरिकको सुरक्षाभन्दा असुरक्षाको स्रोत हुनेगरेको छ ।

मानव सुरक्षाको वृहत् परिभाषालाई लागुगर्दै राज्य र गैरराज्यका पात्रहरूले भौतिक सुरक्षादेखि आर्थिक विकाससम्मका विभिन्न नीतिहरूलाई प्रयोग गरेका छन् । तर, अझै पनि सर्वेक्षणले समुदायहरूमा सरकारी र गैससहरूको नेतृत्वमा रहेका दुवै सुरक्षा कार्यक्रमहरूको जागरण दर न्यून रहेको देखाएको छ । तर जागरणको यो अभाव वा न्यूनता एउटा गाउँ अथवा निश्चित जातीय समूहमाथि मात्र हो वा सबै क्षेत्रमा हो भन्ने विषयमा भने थप अनुसन्धान नगरी भन्न सकिने अवस्था छैन । सीमित स्रोत-साधन पहुँच तथा अवसरका कारण सुरक्षा चेतनामा न्यूनता देखिएको हुनसक्छ, योजनाको अपुगजस्ता कारणको परिणामका रूपमा पनि यो अवस्था आएको हुनसक्छ ।

सर्वेक्षणले सुरक्षा कार्यक्रमहरूको माग र पूर्तिबीचको अन्तराल पनि देखाएको छ । सुरक्षा योजनामा प्रहरी कार्यक्रम सञ्चालन गर्दा आर्थिक विकासतर्फ अभिप्रेरित कार्यक्रमहरूलाई ओझेमा पार्ने काम पनि भएको छ । यसले वृहद् सरकारी एजेण्डालाई नै ओझेलमा पारेको छ । यसविपरीत गैससेहरू आर्थिक, सामाजिक र लैंगिक विषयमा आधारित असमानतालाई सम्बोधन गर्नेतर्फ लक्षित कार्यक्रमहरूको विकासमा लागेको देखिन्छ ।

# ६. अनुगमन समापन

गृहयुद्ध समाप्त भई शान्ति सम्झौतामा हस्ताक्षर भएको पहिलो वर्षमा राजनीतिक रूपमा उत्प्रेरित हिंसाको बाहुल्य थियो भने नेपालमा हालै आर्थिक रूपमा उत्प्रेरित हिंसा विषेशतः सम्पत्ति सम्वन्धी अपराध, जवर्जस्ती पैसा असुली र हस्तक्षेप विस्तारमा केन्द्रित देखिन्छ । २०६८ तिर सशस्त्र समूह र राजनीतिक पार्टीका युवा समूहहरूलाई नेपाली नागरिकले विशेषतः आपराधिक गतिविधि र जबर्जस्ती चन्दा संकलनमा लाग्ने जमातका रुपमा लिएका थिए। जब कि यी समूहले आफूलाई पहिचान र अल्पसंख्यकको अधिकारका लागि वकालत गर्ने समूह भनेर दावी गर्थे ।

पछिल्लो राजनीतिक अस्थिरता संविधानसभाको म्याद थप्ने विषयवरिपरि घुम्दाघुम्दै बितेको देखिन्छ। अन्ततः जनताबाट पाएको कार्यादेश पूरा नगर्दै विघटन हुन पुगेपनि सर्वेक्षणमा सहभागी व्यक्तिहरू सुरक्षा अवस्थामा पछिल्ला समयमा देखिएका परिवर्तनहरूप्रति सकारात्मक देखिएका छन् । अधिकांश नेपालीलाई अस्थिरतालगायतका विभिन्न समस्या लामो समयदेखि प्रभावमा रहेको संक्रमणकालको परिणाम हो भन्ने लागेको देखिन्छ। विस्तृत् शान्ति सम्झौतापछि पनि पूर्ण रूपले हिंसा अन्त्य भएको छैन। अझै पनि केही व्यक्तिले विगत पाँचबर्षभित्र हिंसा र अपराधको शिकार भएको बताएका छन् भने थोरै व्यक्ति भविष्यमा हिंसाको शिकार हुनुपर्ने डरमा बाँचिरहेका छन् ।

दिनदिनै हुने अन्तरक्रियामा भौतिक असुरक्षा कम चिन्ताको विषय देखिएता पनि आर्थिक असुरक्षा भने ठूलो परिमाणमा कायमै रहेको छ। बेरोजगारी, गरिबी, स्वास्थ र शिक्षामा सीमित पहुँच निरन्तर रूपमा अपराध र हिंसाको प्रमुख कारणका रूपमा चिनिएका छन् । सरकारी र नागरिक समाज क्षेत्रका संघ-संस्थाले वचावट र आर्थिक सुरक्षाको सुधारका लागि तयार गरिएका कार्यक्रमहरूको प्रवर्धनका लागि धेरै काम गर्न सक्ने पक्षमा जोड दिएका छन् । सर्वेक्षणमा सहभागी व्यक्तिहरूले सुरक्षाको आफ्नो अवधारणालाई सुधार्न राज्यले रोजगारीलाई बढी महत्व दिई कार्यक्रमहरू ल्याउनुपर्ने धारणा राखे ।

हिंसाको विवरणको आधारमा सर्वेक्षणबाट प्राप्त तथ्यहरूले तराई राष्ट्रकै सबैभन्दा हिंसात्मक क्षेत्रको रूपमा रहेको सबैले मान्दै आएको विश्वासलाई चुनौती दिंदै शहरी क्षेत्रहरू विशेषगरी काठमाडौं उपत्यका आपराधिक क्रियाकलापका लागि उर्वर भूमिको रूपमा देखाएको छ । प्राथमिकता निर्धारण गर्ने क्रममा आफ्नो क्षेत्रमा सुरक्षा विकासप्रति सबैभन्दा बढी असन्तुष्ट देखिएका शहरका बासिन्दाले परिवारको रक्षालाई शीर्ष स्थानमा राखेका छन् । यसै विषयलाई प्राथमिकता दिंदै शहरवासीले सबैभन्दा बढी कदम चालेको र अन्यत्रका नागरिकको तुलनामा सबैभन्दा बढी बन्दुक साथमा राखेको पाइएको छ ।

नेपालको सशस्त्र हिंसा विशेषगरी साधारण हतियारहरू- जस्तै कच्चा वा कामचलाउ हतियारहरू- प्रायः दैनिक उपभोग्य वस्तुहरू जस्तै साइकलको चेन वा लठ्ठीलगायत परम्परागत

धारिला हतियारहरू- खुकुरी स्थानीय स्रोत-साधनको प्रयोग गरी बनाइएका विष्फोटक उपकरण र घरेलु बन्दुकको प्रयोगमाथि निर्भर रहेको छ। अवैध रूपमा साथमा बन्दुक राख्ने सर्वसाधारणको संख्या अनुमान गर्न गाह्रो भएपनि, नमुना मात्र लिइएको क्षेत्रको सर्वेक्षण तथ्यांकका आधारमा, औपचारिक रूपमा दर्ता गरिएका हतियारभन्दा झण्डै दोव्वर रहेको देखिन्छ। यस तथ्यले राष्ट्रमा बन्दुकको गणना पूर्ण रुपले नभएको भन्ने दृष्टिकोणलाई समर्थन गर्दछ। बन्दुक सम्बन्धी कडा कानुन वा कारवाही हुने डरले अधिकांश व्यक्तिले बन्दुकबारे सूचना प्रदान गर्न रुचाएनन्। यो प्रसंग उठेपछि कतिले अन्तर्वार्ता बन्द गरे वा उत्तर दिन अस्वीकार गरे।

सर्वेक्षणमा सहभागीहरूले द्वन्द्वको समाप्तिपछि स्थानीय बन्दुक उत्पादन बन्द भएको र बन्दुक ओसार-पसारकर्ताहरूले भारत र नेपालबीचको खुल्ला सीमानाको फाइदा उठाउँदै बन्दुकहरू भारतबाट भित्र्याउन थालेको विवरण दिएका छन्। बन्दुकको उपलब्धता र उत्पादन क्षेत्रको दुरीले बन्दुकको मूल्यमा प्रभाव पार्दछ। फलस्वरूप तराई वा सीमा क्षेत्रहरूमा भन्दा पहाडी क्षेत्रमा बन्दुकको मूल्य दोब्बर हुनेगरेको छ।

बढ्दो असुरक्षासँगै नेपाली सरकारी निकाय र स्थानीय समुदायहरूले सुरक्षा प्रवधर्नका लागि थुप्रै औपचारिक र अनौपचारिक संयन्त्रको प्रयोग गरेका छन्। सर्वेक्षणमा सरिक व्यक्तिहरूले प्रहरीले गस्ती बढाएर सुरक्षामा सुधार ल्याउने प्रयास गरेको बताए। यद्यपि भ्रष्टाचार, तालिमको अभाव र राजनीतिक प्रभावजस्ता कमजोरीहरूमाथि पनि उनीहरूले जोडदिए। सर्वेक्षणले सहभागीहरूमा सरकारी र गैससको नेतृत्वमा सञ्चालित सुरक्षासम्बन्धी कार्यक्रमहरूबारे चेतना अपर्याप्त भएको देखाएको छ भने यस्ता कार्यक्रमहरूको आपूर्ति र मागबीच अन्तराल रहेको पत्ता लगाएको छ। अधिकांश कार्यक्रमहरू भौतिक सुरक्षातर्फ उन्मुख देखिएका छन्। सर्वेक्षणमा सरिक व्यक्तिहरूले आर्थिक र सामाजिक आवश्यकताहरू सम्बोधन गर्ने कार्यक्रमको आवश्यकता औंल्याए।

घरेलु राजनीतिक समस्याहरूबाट विचलित, गरिबी तथा सीमा क्षेत्रको तस्करीको चुनौतीबाट प्रताडित भएपनि नेपालले हिंसालाई उग्र रुपमा बढ्न दिएको छैन। यी कार्यक्रमहरूको सक्रियता न्यून देखिए पनि  विगत वर्षहरूको तुलनामा सरकारी र गैससका योजनालगायत स्थानीय अनौपचारिक सुरक्षा व्यवस्था संयन्त्रहरूले सुरक्षा स्थितिमा  सुधार आएको महसुस गर्न योगदान पुऱ्याएका छन्। १३ हजारभन्दा बढीको ज्यान जानेगरी भएको सशस्त्र द्वन्द्व सकिएको पाँचवर्ष बितिसक्ता पनि नेपाल र नेपालीहरू अझै दिगो सुरक्षाको खोजीमा छन्। यसले नेपालीहरूको निराशाभन्दा आशा र प्रतिगमनभन्दा अग्रगमनको चाहनालाई प्रतिविम्वित गर्दछ।

# टिपोट

१ नेपालमा गृहयुद्धबाट शिकार हुनेहरूको निश्चित संख्या अझै विवादास्पद छ, मृत्युको संख्या १३, ३४७ (भट्ट र मुर्सेद, २०६६, पृष्ठ १२२, ओएचसिएचआर, पृष्ठ १४, २६ देखि १५,००० (आइसिआरसि, २०६६, पृष्ठ १) ।

२ नेपालमा हुने बन्दहरूको विस्तृत् विवरण नेपालबन्दमा हेर्नुहोस् ।

३ उदाहरणका लगि २०६९ को वैशाख महिनामा कारमा गइरहेको बेला गोली हानेर मारिएका सर्वोच्च अदालतका न्यायधीशको घटना (एनवाइटी, २०६९क, काठमाडौं पोष्ट, २०६९) ।

४ यस्ता प्रगतिमा पूर्व लडाकुहरूको पुनर्समायोजन र माओवादीको हतियारका कन्टेनरमाथि सरकारी नियन्त्रण सम्वन्धी विभिन्न सम्झौताहरू पर्दछन् (एसएटिपि, २०६८ख) ।

५ उदाहरणका लागि हेर्नुहोस् आईडीए र सेफरवर्ल्ड २०६५, २०६६, २०६७, २०६८ र इन्सेक २०६९, २०६६, २०६७, २०६८ए र २०६९ए ।

६ यी सञ्जालहरू विशेषगरी हतियार लागू पदार्थ, पैसा र मानव लगायत मूल्यवान वस्तुहरूजस्तै रक्तचन्दन ओसार-पसारमा संलग्न छन् (सेफरवर्ल्ड, २०६९ इकान्तिपुर २०६९) ।

७ नेपालको पूर्वदेखि पश्चिमसम्म फैलिएको उत्तरी सिमानामा हिमाली फेद र दक्षिणमा गंगा नदीको समथल मैदान रहेको सुदूर दक्षिणी घाँसे मैदान र जंगलहरूले भरिएको समथल भूमि तराईको नामले चिनिन्छ । नेपालको पहाडी क्षेत्र भन्नाले दक्षिणमा तराई र उत्तरमा हिमाली क्षेत्रबीचको भाग बुझिन्छ । यसमा नेपालको राजनीतिक र साँस्कृतिक केन्द्रको रूपमा रहेको काठमाडौं उपत्यका पनि पर्दछ ।

८ यस्तो कार्यक्रम २०६८ तिर क्षेत्रीय प्रहरी बलको गठनको प्रस्तावना राखिदातिर देखिएको हो, हेर्नुहोस् मित्तरा, (२०६८) ।

९ लागू औषध प्रयोगकर्ताहरूले नेपालमा धेरै सस्तो घरेलु उत्पादित वस्तुहरूको उपभोग गर्छन्, हेर्नुहोस् चापागाईं, (२०६९क) ।

१० हेर्नुहोस् हिमालयन टाइम्स (२०१२ग) ।

११ उदाहरणका लागि हेर्नुहोस् इन्सेक २०६५, २०६६, २०६७, २०६८ए र २०६९क आईडीए र सेफरवर्ल्ड, २०६५, २०६६, २०६७, नेपाल प्रहरी, (२०६९), ओरेक, (२०६९) र संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद् सम्वन्धी प्रतिवेदन, (युएनएनआइपि) ।

१२ छनौट गरिएका जिल्लाहरू, छनौट प्रक्रिया र अन्य प्रक्रियागत विस्तृत विवरणका लागि प्रक्रियागत अनुसूची हेर्नुहोस्, (स्मलआर्मस सर्वे, प्रकाशोन्मुख ।

१३ यस विशेष प्रतिवेदनको स्तम्भ बार-ग्राफमा देखिएका विश्वास अन्तराल (कन्फिडेनस इन्टरभल)ले अव्यक्त प्रतिक्रिया र प्रश्नावली मान्यताका समस्याजस्ता कारणबाट हुने रोक्नै नसकिने तथ्यांक संकलन सम्वन्धी

त्रुटि प्रतिविम्वित गर्दछ । अन्तराल वा त्रुटि देखाउने स्तम्भले विश्वास प्रतिशतको स्तरमा प्रतिक्रियाहरू पत्ता लगाउन सकिने सीमान्तरलाई संकेत गर्दछ । अर्को भाषामा भन्ने हो भने, प्रत्येक सीमान्तरमा नमुनाको प्रतिक्रिया रहने सम्भावना ९५ प्रतिशत हुन्छ ।

विभिन्न प्रतिक्रियाहरू महत्वपूर्ण छन्-छैनन् भन्ने निर्धारण गर्न विश्वास अन्तराल रेखाहरूलाई हेर्नुपर्छ । यदि एउटा स्तम्भका विश्वास अन्तरालको एउटा स्तम्भ अर्को स्तम्भको बताइएको मूल्यसँग ' कभरल्याप' भएको छ भने ती स्तम्भहरू तथ्यांकगत आधारमा फरक देखिएजस्तो भएपनि फरक हुन्नन् । यसरी थुप्रै प्रतिक्रियाहरूमा निर्भर रहँदा १० प्रतिशतको भिन्नता वा एउटै प्रश्नका दुईवटा उत्तरमा धेरै भिन्नता भएपनि त्यसले तथ्यांकगत महत्व झल्काउँदैन ।

१४ उप्ससला द्वन्द्व तथ्यांक कार्यक्रमले निम्न परिभाषालाई मान्दछ । 'सशस्त्र द्वन्द्व प्रतिस्पर्धित मत भिन्नता हो, जसले दुईवटा पार्टीहरू बीचको सशस्त्र फौजको प्रयोगले सरकार वा भूमिलाई चिन्तित बनाउँछ, दुई पार्टीमध्ये कम्तीमा एउटा राज्य सरकार हुन्छ र प्रतिवर्ष यस्तो द्वन्द्वमा द्वन्द्व सम्वन्धी कम्तीमा २५ जनाको मृत्यु भएको हुन्छ (युसिडिपी) । २०६३ सालदेखि युद्धसँग सम्वन्धित ४४ जनाको मृत्यु सशस्त्र द्वन्द्वको नाम दिइएता पनि २०५९ सालदेखि नेपालको द्वन्द्वलाई युद्धको संज्ञा दिइयो । त्यतिवेला युद्धसँग सम्वन्धित मृत्युको संख्या ३,९४७ पुग्यो (युसिडिपी) ।

१५ २०५९ सालमा युद्ध निकै चर्कियो, द्वन्द्वका अघिल्ला वर्षहरू २०५३-२०५८ को तुलनामा मृतकको संख्यामा अत्यधिक वृद्धि भयो । राष्ट्रमा संकटकाल घोषणा गरी लडाकुहरूसँग लड्न सम्पूर्ण सैनिक फौज परिचालन गरिएपछि द्वन्द्व मध्य- पश्चिमी क्षेत्रदेखि राष्ट्रभरि फैलियो (मेनन र रोजर्स, २०६८, पृष्ठ ५, विश्व स्वास्थ्य संगठन, २०६३, पृष्ठ १) ।

१६ २०४७ सालमा प्रजातन्त्रका लागि भएको सडक आन्दोलनमा थुप्रै गिरफ्तारी र मृत्यु भयो (विविसि न्युज, २०६९) । सबैभन्दा पछिल्लो अर्थात् २०६९ को वैशाखमा प्रहरी र प्रदर्शनकारीबीच भएको भिडन्तमा ५० जनाभन्दा बढी घाइते भएका थिए । तीमध्ये ६ जना प्रहरी थिए (यादव, २०६९) ।

१७ २०४९, २०५१, २०५२ मा नेपालगञ्जमा हिन्दू मुस्लिम दंगा भएको थियो (लावती, २०६५, पृष्ठ ३८-३९) ।

१८ २०६५ को माघमा बन्द आह्वानको बेला प्रहरीसँग मुठभेद हुँदा ६ जना सर्वसाधारणले ज्यान गुमाए, तीमध्ये पाँच जनाको गोली लागेर मृत्यु भएको थियो (ओएचसिएचआर, २०६५, पृष्ठ २-३) ।

१९ डेरानियागाला (२०६२), डो र लाइयर, (२०६७) माकोर्स, (२०६८) र उप्रेती (२०६१) हेर्नुहोस् ।

२० उदाहरणका लागि इन्सेक (२०६५, २०६६, २०६७, २०६८क) र २०६९क) र युएनएन आईपी हेर्नुहोस् ।

२१ थप सर्वेक्षण तथ्यांकका लागि आईडीए र सेफरवर्ल्ड (२०६५, २०६६, २०६७, २०६८ र आईडीए, (२०६८) हेर्नुहोस् ।

२२ २०६८ मा प्रकाशित २०६७-२०६८ मा बन्दुक र विस्फोट दुवै हिंसाबाट भएको घाइतेबारेको प्रतिवेदनले यस्ता घटनाहरूमा वृद्धि भएको जनाइएको छ (इन्सेक, २०६८ख, पृष्ठ १३) । यस विषेश प्रतिवेदनले दुई प्रकारका घटनालाई छुट्याउँछ ।

२३ आईडीए र सेफरवर्ल्ड २०६५, २०६६, २०६७, २०६८) र आईडीए र स्मल आर्मस सर्वे (२०६९) हेर्नुहोस् ।

२४ आईडीए र सेफरवर्ल्ड (२०६५, २०६६, २०६७, २०६८) इन्सेक २०६९ र २०६४ देखि २०६८ सम्मको सुरक्षा घटनासम्वन्धी संयुक्त राष्ट्रसंघको प्रतिवेदन (युएनएनआईपी) ।

२५ कार्टर सेन्टरले राजनीतिक पार्टीहरूबाट भएका हिंसा र डर, धम्की चुनावी अभियान हुँदै २०६४ को संविधानसभाको चुनावसम्म बढी भएको देखाउँछ । जेहोस्, चुनावको दिन सामान्यतया शान्त रह्यो, हिंसाका केही सानातिना घटना र चुनाव सम्वन्धी धाँधली भएको पाइयो (कार्टर सेन्टर, २०६५, पृष्ठ ३) ।

२६ २०६७ को वैशाखमा वार्तामा अवरोध आएपछि नेपाल सरकार र माओवादी समर्थकहरूबीच राजनीतिक गतिरोध आएको बेला हिंसा र मानवअधिकार उल्लंघनमा वृद्धि भएको संयुक्त राष्ट्र संघले जनाएको छ (संयुक्त राष्ट्रसंघ समाचार, २०६७) ।

२७ २०६८ मा संविधानसभाको म्याद थपिएन, यस निकायले नेपालको लागि नयाँ संविधान बनाउन असफल भएकाले (संघीयता सम्वन्धी प्रमुख विषयको प्रश्न हल नभएकाले ) यसलाई विघटन गरी २०६९ को मंसिरमा नयाँ निर्वाचनको लागि आह्वान गरियो । अन्ततः निर्वाचन आयोगले चुनावलाई सन् २०६९ को अन्त्यसम्मको लागि स्थगन गऱ्यो । थप जानकारीका लागि एसिया फाउन्डेसन (२०६९) हेर्नुहोस् ।

२८ दि काठमाडौं पोष्टले धार्मिक रूपमा उत्प्रेरित हिंसा औंल्यायो, सन् नब्बेको दशकको प्रजातान्त्रिक अभ्यासमा नेपालगञ्जमा थुप्रै साम्प्रदायिक द्वन्द्व देखियो ।

२०४९ को असोजमा, २०५० को मंसिरमा, २०५० को पुसमा, २०५२ को असोजमा, २०५४ को पुसमा हिन्दू मुस्लिम दंगाहरू भए । २०६४ को असोज पहिलो साता तुल्सिपुर र दाङमा पुनः हिन्दू मुस्लिम दंगा भयो । थुप्रै मुस्लिमका पसलहरू लुटिनुका साथै तिनीहरूका घरहरू तोडफोड गरिए । यो घटना २०६४ को भदौ मसान्तमा मुस्लिम नागरिक रक्षा समूहका एकजना नेता मारिएपछि कपिलवस्तुमा १४ जना व्यक्तिको ज्यान जानुका साथै दर्जनौं घाइते र करिब ३ सय घर जलाइने गरी भएको पहाडी-मधेशी साम्प्रायिक हिंसाको परिणाम थियो (काठमाडौं पोष्ट, २०६७) ।

२९ दि एसियन ट्रिव्युनले २०६६ को जेठ दोस्रो साता ललितपुरको धोवीघाटस्थित एउटा क्याथोलिक चर्चमा एक प्रेसरकुकर बम विस्फोट हुँदा कम्तीमा दुई व्यक्ति मारिनुका साथै अन्य १४ जना घाइते भएको जनायो (कोइराला, २०६६) ।

३० उदाहरणका लागि ब्राउन र फेल्वाव ब्राउन (२०६९) हेर्नुहोस् ।

३१ २०६९ मा प्रकाशित एक प्रतिवेदनले गैरसरकारी सशस्त्र समूहका लागि आइइडि 'रोजाइको हतियार' भएको पत्ता लगाएको छ (जीआईसीएचडी २०६९, पृष्ठ २७) ।

यसको प्रयोग तिनीहरूले गृहयुद्धको बेला लडाकुहरूले अपनाएको प्रविधिबाट सिकेका हुन् । माओवादी लडाकुहरूले विस्फोटकको व्यापक प्रयोग गरेका थिए (सिलवाल, २०६९) ।

उदाहरणका लागि समयमै संविधान निर्माणको माग गरिरहेका भूमितग सशस्त्र समूह संयुक्त जातीय मुक्ति मोर्चाले सुडाको गाउँ विकास समिति कार्यालयमा राखेको टिन बम नेपाली सेनाले २०६९ को वैशाख २ गते निष्कृय पाऱ्यो (इन्सेक, २०६९) ।

३२ नेपाल पतनको संघारमा पुगेको आशय बोकेको आलेख न्युयोर्क टाइम्समा प्रकाशित भएपछि त्यसलाई खण्डन गर्दै संयुक्त राष्ट्रसंघका लागि नेपालका स्थायी नियोगका एक सदस्यले सम्पादकलाई चिठ्ठी लेखे । उक्त पत्रमा उनले राष्ट्र पतनको बाटोमा रहेको आलेखको खण्डन गर्दै नेपालमा संस्थागत मान्यता नरहेको उल्लेख गरे, (ब्राउन र फेल्वाव-ब्राउन, २०६९ र एनवाईटी २०६९ग) । त्यसैगरी सम्पादकलाई पठाइएको अर्को पत्रमा याले युनिभर्सिटीका स्नेइडरम्यान र टुरिनले नेपाल पतन हुँदैछ भनी मूल्यांकन गरी नेपालको प्रजातान्त्रिक प्रक्रियालाई अत्यन्तै सामान्य रूपमा लिई होच्याउन खोजेको र राष्ट्रमा प्राप्त सुरक्षा सम्वन्धी उपलव्धिलाई बेवास्ता गरेको भन्दै गुनासो गरेका थिए (एनवाईटी २०६९ख) ।

३३ उदाहरणका लागि 'प्रोट्र्याक्टिक ट्रान्जिसन अफ नेपाल टु अ डेमोक्रेटिक स्टेट' शीर्षकमा ब्लगमा विभिन्न भनाइहरू हेर्नुहोस् (लम्साल, २०६८, २०६९) ।

३४ इन्सेक वर्ष पुस्तकमा हत्या, चोटपटक, गिरफ्तारी, यातना, कुटपिट, डरधम्की, रंगभेद, महिला अधिकार, भेला हुने अधिकार, बाल अधिकार र मानवीय तथा आर्थिक अधिकारमाथि रोक्का, अमानवीय व्यवहार र अपहरण लगायत विभिन्न प्रकारका हिंसा माथिको जम्माजम्मी तथ्यांक समेटिएको छ (इन्सेक, २०६९क, पृष्ठ ४) ।

यिनीहरूलाई कहिलेकाही क्षेत्र वा पीडकका प्रकारबाट छुट्याइन्छ । मुख्य सशस्त्र समूहमा तराई आर्मी, मधेश जागरण तराई मुक्तिमोर्चा, नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी), एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी), अखिल तराई मुक्ति मोर्चा, जनतान्त्रिक तराई मधेश मुक्ति पार्टी र राज्यका सुरक्षाकर्मी रहेका छन् (इन्सेक २०६९, पृष्ठ ३) ।

३५ गृहयुद्धको बेला ८५ हजारभन्दा बढी मानिसको अपहरण भएको इन्सेकले अनुमान गरेको छ (भ्यालान्टे, २०६८, पृष्ठ २) ।

३६ माओवादीले आफूले राजनीतिक मान्यता पाएको केही दिनपछि अपहरण गरिएकाहरूलाई मुक्त गऱ्यो (भ्यालान्टे, २०६८) ।

३७ यो छलाङ चुनावी अभियान र २०६५ को अप्रिलमा भएको संविधानसभाको चुनावसँग संयोगले जोडिएको छ ती दुवै चुनावी घटना हिंसाले ग्रस्त थिए (आइआरविसि, २०६६) ।

३८ संयुक्त राष्ट्रसंघले सोही अवधिमा हिंसा २५ प्रतिशतले घटेको अभिलेख राखेको छ (युएनएनआइपि, एनडि) ।

३९ सशस्त्र द्वन्द्वको औपचारिक समाप्तिपछि पनि नेपालमा हिंसाको परिमाण दर मन्द गतिले घट्यो । हिंसाका उपकरण (धारिला हतियार र बन्दुकहरू) को उपलब्धता, सुरक्षा फौजलाई संगठित ढंगले पकडमा लिन राज्य निकायलाई गाऱ्हो हुनु र आपराधिक सञ्जालहरूको अस्तित्व कायमै रहनुसँग सम्वन्धित छ (जेनेभा घोषणापत्र सचिवालय, २०६८, पृष्ठ २३-२४) ।

४० चापागाईं, २०६ख हेर्नुहोस् ।

४१ घिमिरे, वि २०६७ख हेर्नुहोस् ।

४२ २०६५ मा वीरगञ्ज नजिक भएको पत्रकार पुष्करबहादुर श्रेष्ठको हत्याप्रति राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै स्तरबाट भर्त्सनायो, युनेस्को, २०६५ हेर्नुहोस् ।

४३ यस प्रतिवेदनमा 'किडन्यापिङ' र 'एवडक्सन' लाई अन्तर परिवर्तनीय अर्थमा प्रयोग गरिएको छ ।

४४ द्वन्द्व र हिंसाका सञ्चालक वा कारणको परिभाषाका लागि जुटरसोन्के र कार्टोस (२०६७, पृष्ठ १० हेर्नुहोस्) ।

४५ बेरोजगारी भन्नाले कुनै व्यक्तिले लामो समयसम्म काम गर्न चाहेर पनि नपाएको वा आर्थिक स्वतन्त्रताको अधिकारबाट वञ्चित हुनुपरेको अवस्थालाई बुझाउँछ (युएनसीटीएन, २०६९) ।

४६ अन्तर्राष्ट्रिय समुदायद्वारा भर्त्सना गरिएका यी आक्रमणहरूबारे थप सूचना पाउनका लागि (जीसीपीईए, २०६९) हेर्नुहोस् ।

४७ नेपालमा मादक पदार्थ (रक्सी, ताडी, छ्याङ र तोङवाको रूपमा) घरमै बनाइन्छ र राष्ट्रिय स्तरमा समेत उत्पादन गरिन्छ वा आयात गरिन्छ (डब्लुएचओ, एनडि, पृष्ठ ५०)।

४८ नेपालमा साक्षरताको प्रतिशत ५७ रहेको छ, पुरुष र महिलाबीच यसमा ठूलो भिन्नता छ (७१.६ प्रतिशत पुरुष र ४४.५ प्रतिशत महिला साक्षर छन् (सिविएस, २०६८ख, श्रृंखला १, पृष्ठ ८४)।

४९ स्वास्थ स्याहार माथिको पहुँच अझै समस्याग्रस्त छ : 'जनसंख्याको ४३ प्रतिशत अति गरिब जनताले स्वास्थ्य सेवा प्रदायकसँग कुनै परामर्श गर्दैनन् (मेडिसिन्स डु मोन्डे, २०६६, पृष्ठ १)। साथै, पटक-पटक हुने बन्द आह्वानका कारण मेडिकल र इमर्जेन्सी सेन्टरसमेत बन्द गर्न वाध्य बनाइन्छ। जबकि जनशक्ति र आवश्यक सामग्रीको अत्यन्त अभावको कारण समष्टिगत रूपमा स्वास्थ स्याहार प्रणालीको कार्यक्षमता घटेको छ (शर्मा, २०६७)।

५० केही यस्ता चुनौतीहरूको सम्वोधन गर्न सरकारले थुप्रै नीतिहरू बनाएको छ, जस्तै स्वास्थ नेपाल कार्ययोजना (नेपाल जीएचआइ, २०६७), तर अझै दीर्घकालीन सुधारहरू ल्याउन थप समय, स्रोत र साधनहरू र निरन्तर राजनीतिकि ईच्छाशक्तिको आवश्यकता छ। सामाजिक र राजनीतिक अवसरबाट वञ्चितहरूको प्रकार र यस्ता अभ्यासहरूलाई खराव बनाउनमा अनौपचारिक निकायहरूको भूमिकामाथि छलफल, (लावती, २०६७ हेर्नुहोस्।)

५१ जोखिमका अन्य कारणहरमध्ये ब्यक्ति विषेशको रक्षाको कमिको असरमाथि छलफल गर्नका लागि (युएनसिटिएन २०६८, पृष्ठ १८) हेर्नुहोस्।

५२ नयाँ संविधान लेख्ने कामलाई घेरेको राजनीतिक पीडाको विस्तृत विवरणका लागि आइडब्लुपिआर (२०६८) र आइसिजि (२०६९) हेर्नुहोस्।

५३ २०६६ मा पुरानो नेपाल कम्युनिष्ट पार्टी माओवादी नेपाल कम्युनिष्ट पार्टी (एकता केन्द्र) सँग एकीकृत भएर एकीकृत नेकपा माओवादी बन्यो।

५४ उदाहरणका लागि बन्दसँग सम्वन्धित हिंसा नेपाल माउन्टेन न्युज (२०६९) हेर्नुहोस्।

५५ स्मल आर्मस सर्वे र आइएचआर आइसिओएन (प्रकाशोन्मुख) हेर्नुहोस्।

५६ तल्लो जातका समूहले उच्च आर्थिक बोझ भोग्नुपरेको देखिन्छ। दलित वा 'अछुत' ले अन्य समूहहरूले भोगेका गरिबीका समस्याका अतिरिक्त समस्या भोग्नुपरेको देखिन्छ (तथ्यांक विभाग, २०६८ख, २०६८ग, पृष्ठ २१)।

५७ सात जना वा त्यसभन्दा बढी सदस्य रहेका सम्पूर्ण परिवारहरूमध्ये एक तिहाईभन्दा बढी गरिबीको रेखामुनि रहेको, ठूलो सदस्य संख्यामा रहेको परिवारको समस्या अझै खराव रहेको अवस्था छ (तथ्यांक विभाग, २०६८ग, पृष्ठ २०)।

५८ केन्द्रीय तथ्यांक विभागका अनुसार ११ कक्षा वा त्योभन्दा बढी शिक्षा हासिल गरेका व्यक्तिले नेतृत्व गरेको परिवारभन्दा अशिक्षित व्यक्तिले नेतृत्व गरेको परिवार गरिव हुने सम्भावना ४.५ गुणा बढी छ (तथ्यांक विभाग, २०६८ग, पृष्ठ २१)।

५९ सिविएस (२०६८ग) तथा आईडीए र स्मल आर्मस सर्वे (२०६८) बाट प्राप्त गरिबीको अनुमानित आँकडामा आधारित थियो। यद्यपि नमुनामा लिइएका जिल्लाहरूको संख्या तथ्यांकगत महत्वका लागि निक्कै सानो छ, परिमाणले गरिबी, असुरक्षाको महत्वसँग नकारात्मक ढंगले सम्वन्धित रहेको देखाएको छ।

६० गरिबी र बेरोजगारीका साथसाथै सर्वेक्षणमा सहभागीहरूले रक्सी (३२ प्रतिशत सहभागी), शिक्षाको अभाव (२२ प्रतिशत) र लागू औषध (१९ प्रतिशत) हिंसाको कारण भएको बताए ।

६१ गरिवीको दर २०५२-०५३ को अर्थात युद्ध अघिको अवधिको तुलनामा घटेको छ, त्यतिबेला जनसंख्याको ४२ प्रतिशत गरिबीको रेखामुनि रहेकोमा २०६८ मा त्यो करिब ३१ प्रतिशतमा झरेको छ (तथ्यांक विभाग, २०६८ग) ।

६२ लागू औषध र रक्सीको दुर्व्यसनको अपराधीकरणलाई ध्यानमा राख्दै एनजिओहरू र स्वास्थ प्रदायकहरूले उपचार, विषधि न्यूनीकरण र उपचारका लागि धेरै पहल गरेका छन् (झा र प्लम्वर, २०६९) ।

६३ विरोधमा समाचार लेखेको भन्दै २०६८ को जेठको तेस्रो साता पत्रकार खिलनाथ ढकालविरुद्ध युथ फोर्सका सदस्यहरूले गरेको आक्रमण र आक्रमणकारीलाई राजनीतिक संरक्षण (थप उदाहरणका लागि एएचआरसि ( २०६८, पृष्ठ ५० हेर्नुहोस्) ।

६४ २०६८ मा नेपाल व्यापार महासंघ, नेपाल व्यापार संघ कांग्रेस-स्वतन्त्र वा नेपाल पर्यटन, होटेल, क्यासिनो र रेष्टुरेन्ट कामदारहरूको संघजस्ता संघसंस्थामाथि बनाइएका यस्ता प्रतिवेदनहरूबारे थप सूचना पाउन आइटियुसि समेत (२०६८) हेर्नुहोस्) ।

६५ २०६९ को माघमा विद्यार्थी इन्धनको मूल्य वृद्धिको विरुद्ध हिंसात्मक प्रदर्शनमा संलग्न भए (टेलिग्राफ, २०६९) ।

६६ लामिछाने (२०६८क): क्षेत्री समेत (२०६८), हिमालयन टाइम्स (२०६८) हेर्नुहोस्) ।

६७ पियट्रोपाओली (२०६५):, सेफरवर्ल्ड (२०६८) र उपाध्याय (२०६८) हेर्नुहोस् । नेपालका केही निश्चित क्षेत्रहरूमा ५० प्रतिशत नव विवाहमा १२ वर्ष मुनिका बालिका संलग्न रहेका छन् (इरिन, २०६८) ।

६८ लामिछाने समेत (२०६८ख) र ओरेक (२०६९) मा हेर्नुहोस् । महिलामाथि एसिड आक्रमणबारे थप जानकारीका लागि विविएस नेपाल (२०६८) हेर्नुहोस् ।

६९ इन्सेक (२०६९ख, २०६९घ) र नेपालमा बलात्कार र सामूहिक बलात्कारबारे ओरेक (२०६९) हेर्नुहोस् ।

७० दाइजोसम्बन्धी हिंसाको विश्लेषणका लागि अनश्लो (२०६७, पृष्ठ ११-१२) हेर्नुहोस् ।

७१ दाइजो विभेद प्रतिबन्ध कानुनबारे थप जानकारीका लागि वन वर्ल्ड साउथ एशिया (२०६६) हेर्नुहोस् ।

७२ बोक्सीको आरोप र त्यससँग सम्बन्धित हिंसाको विश्लेषणका लागि पौडेल (२०६८) हेर्नुहोस् ।

७३ ग्लोवल प्रेस इन्स्टिच्यूट (२०६८) हेर्नुहोस् ।

७४ नेपाल लगायत दक्षिण-पूर्वी एसियामा मनोवैज्ञानिक हिंसाबाट पीडित महिलाहरूबारे ओरेक (२०६९) र युएनएफपिए (२०६०) हेर्नुहोस् ।

७५ युद्धकालीन बलात्कार र सामूहिक बलात्कार महिलाहरूलाई युद्धको हतियारको रूपमा प्रयोग गरिएको सम्बन्धमा थप जानकारीका लागि सिलवाल (२०६७) हेर्नुहोस् ।

७६ युएनएनआईपी, आईडीए (२०६८), आईडीए र सेफरवर्ल्ड (२०६५, २०६६) हेर्नुहोस् ।

७७ प्रतिवर्ग किलोमिटर ४,४०८ व्यक्ति बराबरको जनघनत्व रहेको काठमाडौं दशकमै सबैभन्दा बढी अर्थात् ६१ प्रतिशत जनसंख्या वृद्धि भएको छ (तथ्यांक विभाग, २०६९)।

७८ थोरै संख्यामा घटनाको जाहेरी हुँदा थप विस्तृत् विवरण सार्वजनिक हुन सक्दैन।

७९ २०-२४ उमेरका करिब ४६ प्रतिशत व्यक्तिलाई स्थिर र लाभदायक रोजगारीको अभाव छ (ब्रिटिस काउन्सिल नेपाल, २०६९, पृष्ठ १४)।

८० जनआन्दोलन दोस्रोले २०६३ मा राजतन्त्रको अन्त्य र नेपाल प्रतिनिधिसभाको पुनःस्थापना हुने गरी १९ दिनसम्म भएको प्रदर्शनलाई बुझाउँछ।

८१ यी प्रतिशतहरू बहुप्रतिक्रियाहरूमा आधारित छन् (आईडीए र स्मल आर्मस सर्वे, २०६९)।

८२ सशस्त्र समूहहरूमाथि संक्षिप्त जानकारी (बोगटी, कारापिक र मुगाह, (२०६९) हेर्नुहोस्।

८३ स्थानीय क्षेत्रमा पाइने विभिन्न हतियारहरूबारे सोधिएको एउटा छुट्टै प्रश्नको जबाफमा करिब ९० प्रतिशतले धारिला हतियार र करिब ७० प्रतिशतले कच्चा हतियार आफ्ना समुदायमा सबैभन्दा बढी पाइने दुई किसिमका हतियार भएको बताए (आईडीए र स्मल आर्मस सर्वे (२०६९), बहुप्रतिक्रियाहरू सम्भव थिए।

८४ खुकुरी संलग्न रहेको हिंसाका घटनाहरूबारे थप सूचनाका लागि इन्सेक (२०६९ख) हेर्नुहोस्।

